# उच्च सिद्धान्त

Ministerios Ebenezer

REMI BIBLE SCHOOL

RESTORATION EBENEZER MINISTRIES INTERNATIONAL

# विषयसूची


पूर्वअस्तित्व ........ 2

ख्रीष्टको होमबलि ........ 5

अनन्त न्याय ........ 10

शैतानको पतन ........ 15

ख्रीष्टको पुनरुत्थान ........ 19

सृष्टिहरु ........ 23

समानन्तर जातिहरु ........ 29

मध्यवर्ती स्थानहरु ........ 33

एक्सानास्टासिस ........ 38

पुनरुत्थानका मोडहरु ........ 43

पुर्न नियुक्तिकरण र पूर्व निर्धारण ........ 47



Ministerios Ebenezer
REMI BIBLE SCHOOL
RESTORATION EBENEZER MINISTRIES INTERNATIONAL

# पूर्वअस्तित्व (PREEXISTENCE)

*रोमी ८:२९*

*जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरुलाई आफ्ना पुत्रको रुपसमान बनाउनलाई, धेरै भाइहरुमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो ।*

**परिचय :** बाईवलले सिकाउँदछ कि परमेश्वर आत्माहरुका पिता हुनुहुन्छ (हिब्रू १२:९)। पृथ्वी सृष्टि गर्नु अघि, परमेश्वरले आत्माहरुको सृष्टि गर्नुभएको थियो । तिनीहरुलाई उहाँले स्वर्गदूतहरु र मानवजाति बनाउनुहुनेछ (हिब्रू १:७, उत्पत्ति २:१), जसलाई उहाँले विशेष कामहरु गर्न शरिर दिनुहुनेछ । जब परमेश्वरले कुनै कुरा सृष्टि गर्नुहुन्छ, उहाँले निश्चित उद्देश्यको लागि बनाउनुहुन्छ र दुष्ट वस्तुहरु वा प्राणीहरु बनाउनुहुँदैन (इजकियल २८:१५)। सबै कुराहरु उहाँले असल र पूर्ण बनाउनुहुन्छ तर उहाँले आफ्नो सृष्टिलाई स्वतन्त्र इच्छा दिनुहुन्छ, जुन हामीले उहाँको आज्ञा पालन गर्ने वा नगर्ने छनौटको क्षमता दिनुभएको छ (उत्पत्ति ४:७)। जसरी परमेश्वरले अदनको बगैँचामा आदम र हव्वा र स्वर्गमा उहाँका स्वर्गदूतहरुको परिक्षा गर्नुभयो त्यसरी नै उहाँले आफ्नो सृष्टिको परिक्षा गर्नुहुन्छ (प्रकाश १२:८-९)।

पूर्व अस्तित्व भनेको अनन्तकालमा, स्वर्गीय स्थानहरुमा पिताको घरमा हुने हाम्रो आत्माको अस्तित्व नै पूर्व अस्तित्व हो (एफिसी १:३-५)। यस पृथ्वीमा पठाउनु अघि ; नदेखेको कुराबाट सृष्टि हुनुभन्दा पहिले (हिब्रू ११:३) बाईवलले हामीलाई सिकाउँछ कि परमेश्वर पिताले हामीलाई "चिन्नुभएको" थियो, यस अनुसार स्ट्रोङ भनिने शब्दकोष जि ४२६७ प्रोगिनोस्को (PROGINOSKO) बाट जि ४२५३ र जि १०९७ पहिले थाहा पाउनु, पूर्वानुमान गर्नु, जान्न, आवंवित गर्न, अर्थात् उहाँले हामीलाई पृथ्वीमा पठाउनुभन्दा पहिले नै चिन्नुभएको थियो । हामी पृथ्वीमा आउनुभन्दा पहिले अस्तित्वमा थियौँ भनेर स्थापित गर्न केहि उदाहरणहरु हेर्नेछौँ :

**ज्ञात :** यर्मियालाई अनन्तकालमा परमेश्वरले चिन्नुहुन्थ्यो, यर्मिया १:५ यस पदमा उल्लेख गरिएको छ कि कसरी परमेश्वरले यर्मियालाई जन्मनु अघि नै चिन्नुभयो । यस सत्यलाई हामी यसरी भन्छौँ, पूर्वअस्तित्व शास्त्रमा प्रतिबिम्वित रुप दिइएको छ, जुन बाईवलमा नदेखिएता पनि यो बाइवलीय सत्यलाई निर्धारण गर्दछ कि हामी पृथ्वीमा आउनु अघि नै अस्तित्वमा थियौँ र परमेश्वरले हामीसँग पहिले नै सम्बन्ध राख्नुभएको थियो ।

पृथ्वीमा उपरिचित र तिर्थयात्रीहरु हिब्रू ११:१३, हामी यस संसारको होइनौँ ; यसले हामीलाई विदेशी वर्णन गर्दछ ( स्ट्रोङ जि ३५८१) XENOS विदेशी, विदेशी यसको केहि अर्थहरु बिच) त्यो भनेको हामी यस संसारका होइनौँ र हामीलाई तिर्थयात्रीहरु भनेर वर्णन गर्दछ (स्ट्रोङ जि ३९२७ पारपिड्मोसको (PARPIDHMOS) जि ३८४४ र आधार जि १९२७, प्रवास, तिर्थयात्रा, विदेशी निवसी) अब हामी बुझ्छौ कि यो कोहि हो जो गुजरिरहेको छ । जो हर्को देश वा ठाउँबाट आएको हो ।

यस शिक्षालाई सरल तरिकाले बुझ्नको लागि हामी आफैलाई केहि प्रश्नहरुमा आधारित गर्नेछौँ जुन हामी तल हेर्नेछौँ :

**पूर्व अस्तित्व के हो ?**

१.) (DRAE) ड्राई शब्दकोशमा पूर्वअस्तित्वको अवधारणा : (पूर्वअस्तित्व lat. बाट).F.Phil. अघिल्लो अस्तित्व, प्रकृति वा उत्पत्तिको केहि प्राथमिकताहरुसँग यो शब्द पूर्व अस्तित्वले हाम्रो आत्माको अघिल्लो अस्तित्वलाई परिभाषित गर्दछ ।

२.) पूर्व अस्तित्व शब्दको मूल जि ४२६७ प्रोगिनोस्को को (Proginosco) जि ४२५३ र जि १०९७ को अगाडि नै थाहा पाउनु, भविष्यको कुरालाई देख्नु, थाहा पाउनु, निर्धारित गर्नु

**हामी कहाँबाट आएका हौँ ?**

१.) उपदेशक १२:७ अनुसार आत्माहरुको पिताबाट हामी परमेश्वरबाट अगाडि बढ्छौँ जसले आत्माहरु दिनुभयो ।

**पृथ्वीमा आउनु अघि हामी के थियौँ ?**

१.) आत्माहरु (उपदेशक १२:७) यस पदमा धुलोले शरिरलाई बुझाउँछ, जो माटोमा फर्कन्छ अर्थात् पृथ्वीमा नै फर्कन्छ र आत्मा पृथ्वीमा सम्बन्धित नभएकोले परमेश्वरसँग फर्कन्छ जसले दिनुभयो । यो बुझ्नुपर्छ कि आत्मा शरिर हुनु अघि नै हो अर्थात् हामीहरु आत्माहरु हौँ ।

२.) हामी सानो 'g' भएका देवता थियौँ (भजनसंग्रह ८२:६-७)। यो भजनसंग्रहले परमेश्वरलाई एलोहिमको सभामा बस्नु भएको वर्णन गर्दछ (स्ट्रोङ H430 plural of H433); सामान्य अर्थमा देवहरु; तर विशेष गरी यो (बहुवचनमा छ, विशेषगरी कति लेखहरुसँग) प्रयोग भएको (कहिले काहिँ यो म्याजिस्ट्रेट प्रतिको सम्मानको रुपमा पनि लागु हुन्छ) चाहिँ त्यो ठाउँको बारेमा भनिएको थियो जहाँ ईश्वरीय विशेषताहरु भएका प्राणीहरु भेटिन्छन्, परमेश्वर जस्तो होइन, तर सानो 'g' को देवहरु र भजनसंग्रहले वर्णन गर्दछ कि यी एलोहिम ( स्ट्रोङ H430 ELOJIM plural of H433, साधारणतय देवहरु, अधिक बुझाइमा) निन्दामा मानिसहरु झैँ मर्नेछन्, सुरु देखी नै हामी प्रष्ट रुपमा आदमलाई देख्छौँ कि, हामी, अर्थात्, आत्मामा मानिसहरुसँग आध्यात्मिक पदानुक्रम थियो ।

**पृथ्वीमा पठाउनुको उद्देश्य के हो ?**

१.) पवित्र हुन (हिब्रू २:११) परमेश्वरको पुत्रबाट निको हुने स्वभाव हुनु, अर्थात्, जसले पवित्र बनाउँछ र पवित्र व्यक्तिहरु एकबाट अर्कोमा आउँछन् ।

२.) ख्रीष्टसँग एउटै शरीर हुन (एफिसी ५:३१-३२) हाम्रा प्रभु येशू ख्रीष्टको ईश्वरीय स्वभावमा पिताको घरमा फर्कन सक्षम हुनु ।

**यो उद्देश्य कसरी पूरा हुन्छ ?**

१.) वस्त्र लगाएर (२ कोरिन्थी ५:१-४): प्रेरित पावलले नग्न हुन नपाइने आफ्नो चासो व्यक्त गरे, किनभने उनले नग्नतालाई मृत्युसँग र वस्त्रलाई जीवनसँग जोडेका थिए । यहाँ केहि आवरणहरु छन् :

क.) सेतो वस्त्र पहिराउनु (प्रकाश ३:५)

ख.) स्वर्गीय डेरा धारण गर्नु (२ कोरिन्थी ५:२)

ग.) ख्रीष्टलाई धारण गर्नु (गलाती ३:२७)

घ.) अनन्तको घरमा फर्कनु (२ कोरिन्थी ५:१-४ बिजे२) एक अनन्त स्थान (स्ट्रोङ जि ३६१४ निवास, घर) (स्ट्रोङ जि १६६ अनन्त, सधैँभरी रहिरहने, चिरस्थायी) जो स्वर्गमा मानिसको हातले बनाइएको होइन, प्रेरित पावलले भन्दछ कि, यो पार्थिव शरीर नष्ट भए तापनि स्वर्गमा अनन्तसम्म रहने परमेश्वरले दिनुभएको हाम्रो घर छ, जो हातले बनाइएको होइन ।

२.) विजयी हुनु (प्रकाश ३:१२): जसले जित्छ, त्यसलाई म मेरा परमेश्वरका मन्दिरको एउटा स्तम्भ बनाउनेछु (प्रकाश २१:२२) र मैले त्यस सहरमा कुनै मन्दिर देखिनँ, किनकी त्यहाँको मन्दिर स्वयम् परमेश्वर सर्वशक्तिमान्

र थुमा नै हुनुहुन्छ । माथिका दुई पदहरुको सम्बन्ध हेर्दा जुन वर्णन गरिएको थियो, यो याद गर्न जरुरी छ कि, जित भएको अर्थात् विजयीलाई परमेश्वरको मन्दिरमा स्तम्भ बनाउनुहुन्छ जो परमेश्वर हुनुहुन्छ ।

पूर्व अस्तित्वबाट हेर्दा, यो पक्कै त्यो ठाउँ हो जुन सबै सृष्टि हुनु अघि थियो जहाँ यो देख्न सकिन्छ कि हामी पिताको घरमा मुक्तिको योजना सिकेर आएका हौँ: जुन हामीले पालना र पूरा गर्नुपर्छ जसरी प्रेरित पावलले भनेका छन् (हिब्रू २:३) हामीले यति महान् मुक्तिको वास्ता राखेनौँ भने हामी कसरी उम्कौंला ? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँको वचन सुन्नेहरुद्धारा हाम्रा निम्ति पक्का साबित गरियो, र एकदिन हाम्रो पूर्व अवस्थित घरमा अमर शरीर (खीष्टलाई) धारण गरी फर्कन (प्रकाश ३:५: एफिसी ५:२: गलाती ३:२७) र भजनसंग्रहका दाउदले यो भनेका छन् ( भजनसंग्रह १७:१५) जबसम्म हामी प्रभुको प्रतिरुपमा बिउँझिदैनौँ हामी सन्तुष्ट हुनेछैनौँ ।

# **खीष्टको होमबली** (THE HOLOCAUST OF CHRIST)

*१ तिमाथी ३:१६*

*हामी स्वीकार गर्दछौं, कि हाम्रो विश्वासको रहस्य अति महान् छः उहाँ स्वयम् शरीरमा प्रकट हुनुभयो, पवित्र आत्माद्धारा धर्मी ठहरिनुभयो, स्वर्गदूतहरुबाट देखिनुभयो, जाति-जातिहरुका माझमा प्रचारिनुभयो, संसारमा विश्वास गरिनुभयो, महिमामा माथि उचालिनुभयो ।*

**परिचयः** परमेश्वरको बलिदान पवित्राको रहस्य भित्र निहित थियो (१ तिमोथी ३:१६) किनभने यसले हामीलाई यो भन्दछ कि परमेश्वरले आफूलाई शरीरमा प्रकट गर्नुथयो, मानिस बनेर र उहाँलाई आरेप लगाएपछि पवित्र आत्माले उहाँलाई निर्दोष घोषणा गर्नुभयो, किनकी उहाँले हाम्रो सट्टा क्रूसमा चढेर हाम्रो पापहरुको मूल्य तिरी दोस्रो मृत्यु अनुभव गर्नुभयो र उहाँ पवित्र आत्माद्धारा मरेकाहरुबाट बौरी उठ्नुभई महिमामा उचालिनुभयो ।

होमबलिमा एउटा थुमालाई आगोमा समावेश गरिन्थ्यो, जसलाई पूर्णतय भस्म गर्नुपर्थ्यो ताकि त्यो बलिदान परमेश्वरको सामु स्वीकार्य होस् (लेवी १६:२७)। येशू खीष्ट पनि पूर्ण रुपमा बलि हुनको लागि आगोको कुण्डमा ओर्लेर त्यो व्यवस्था पूरा गर्नुभयो र पछि पुनरुत्थान भई परमेश्वरको दाहिने हातमा विराजमान हुनुभयो (मर्कूस १६:१९)।

परमेश्वरले यहि रहस्य व्यवस्थामा, भजनसंग्रह र अगमवक्ताका पुस्तकहरुमा लेख्नुभयो र यहि कुरा प्रेरितहरुमा पनि प्रकाश पारियो, जसले उहाँको बारेमा देखेका थिए । परमेश्वरको वचनमा हामीले धेरै बाइवलीय पदहरु र यसलाई वर्णन गर्न तथ्यहरु पनि पाउँदछौं (लूका २४:४४)

सम्पूर्ण बाईवलमा हामीले क्रूसमा प्रभु येशूको बलिदानद्धारा मुक्तिको सन्देश पाउछौं र यसको नतिजा स्वरुप आगोको कुण्डमा दियावलस र त्यसका स्वर्गदूतहरुको (मत्ति २५:४१) लागि तयार गरिएको ठाउँ मानिसको पतनको कारणले बगैंचाबाट उनी विपन्न भए, मानवको लागि पनि त्यो ठाउँ तय थियो, यद्यपि परमेश्वरले उहाँको अनुग्रहमा सृष्टिभन्दा अगाडि नै मानिसको पतनबाट छुटकारा दिन आफ्नो पुत्रलाई तयार गर्नुभयो (१ पत्रूस १:२०)। यो प्रकृया सहज थिएन किनभने हाम्रो प्रभुले धेरै दुःख भोग्नुपर्ने थियो र त्यसपछि आगोको कुण्डमा गएर एकै पल्ट हाम्रो पापहरुको मोल तिर्नुभयो (हिब्रू ९:२६)। हामीले व्यवस्थामा पनि यसको उदाहरण देख्न सक्छौं, जब परमेश्वर हारुन सँग पापको पश्चातापको लागि कस्तो बलिदान दिनुपर्छ भनी भन्नुभयो,

कसैले यो विचार गर्छन् कि परमेश्वरको सबै उद्देश्य पूरा भयो, जब प्रभु क्रूसमा मर्नुभयो र आफ्नो आत्मा पितालाई सुम्पदै "अब सिद्धियो" भन्नुभयो जुन यस वाक्यांशमा आधारित छ र त्यसैले कतिले परमेश्वरको उद्देश्य पूरा भयो भनी सोच्दछन् (यूहन्ना १९:३०)। प्रभुले पापलाई पराजित गर्नुभयो, जुन उहाँले समाप्त पार्नुभएको संकेत गर्दछ, तर मुक्तिको कार्य पनि समाप्त हुनुपर्थ्यो किनकी यो बलिदानको प्रथम पाटो मात्र थियोः हामीले पुरानो करारमा लेखिएको एउटा पदलाई याद गर्न जरुरी छ जहाँ यो लेखिएको छ कि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ"(व्यवस्था २१:२३: गलाती ३:१३)।

हाम्रो लागि श्राप बनेर र पछि आफ्नो आत्मालाई त्यागेर मृत्युको क्रूसमा टाँगिनुभयो, त्यहि दिन उहाँले सुरुवातमा आदमले जुन आज्ञा उलङ्घन गरेर दुसित भएका थिए त्यो सबै उहाँले शुद्ध गर्नुभयो (उत्पत्ति ३:१७), जुन पद आदमले पहिले गुमाएका थिए त्यो उसले पछि पुन प्राप्त गरे । तसर्थ, उद्धारको प्रक्रिया त्यहि नै समाप्त भएन, किनकी उहाँ आत्मा र शरीरलाई आगोको कुण्डमा नाश गर्न पृथ्वीको तल्लो भागमा ओर्लनु भयो (एफिसी ४:९)। यो कुराले त्यहाँ जनाउँदछ कि जब साँढेलाई पापको प्रायश्चित गर्न होमबलि चढाइन्थ्यो र पापबलिको बोसो पनि जलाइन्थ्यो (लेवी १६:२४-२५)।

बलिदानको साझा परिभाषा : “प्राचिन धार्मिक बलिदान, विशेष गरी यहुदीहरु बिच, जहाँ पिडीतलाई पूर्ण रुपमा जलाईएको हुन्छ ।” (वेभ डिक्सनरी) यसले यो देखाउदछ कि कसरी येशू ख्रीष्टले हाम्रो पापलाई जलाउन (पखाल्न) को निम्ति उहाँ शरीरमा मर्नुभयो ।

हिब्रूमा यो घटनालाई ओला OLAH (स्ट्रोङ एच ५९३०) भन्दछ र यसको अर्थः पाइला, नाश, धुवाँमाथि जानु जस्तै हो । भाइन शब्दकोशले भन्दछ कि यो “सम्पूर्ण बलिदान” हो । जब यो सम्पूर्ण बलिदान जलाइन्छ, अन्तमा आउने गन्ध मासुको हुदैन र सुगन्धित गुलाबको जस्तो दिँदछ । प्रेरित पावलले रोमीहरुलाई लेखेको पत्रमा उनीहरुले “आफ्नो शरीरलाई जिवीत र पवित्र बलिदान चढाउछन्” भनेर संकेत गरेका छन्, कुनै रिती अनुसार होइन तर हाम्रा प्रभु येशू ख्रीष्टले गर्नुभएको कुरालाई बुझ्ने कार्यको रुपमा देखाउदछ (रोमी १२:१)।

व्यवस्थाभन्दा अगाडि, बाइवलले हामीलाई केहि पात्रहरुलाई देखाउदछ जसमा प्रभुको बलिदानलाई चित्रण गर्दछ र जब उहाँ पृथ्वीमा आउनुहुन्छ तब के गर्नुहुन्छ भनी देखाउदछ, तल हेरौं :

१.) **अब्राहम र इसहाक (उत्पत्ति २२:७-१३)**: आदम र हव्वाको पतन पछि, उनीहरुलाई छुटकाराको प्रतिज्ञा दिइयो जुन अब्राहम र इसहाकद्धारा प्रकट हुन्छ । जब यो अध्यायलाई विश्लेषण गर्दा, हामीले थाहा पाउछौं कि कसरी अब्रहाम पिता परमेश्वर जस्तै थिए भनी उदाहरण दिइएको छ, इसहाक चाहिँ परमेश्वरका पुत्रको व्यक्तित्वमा देखिन्छ, बाइवलले यो संकेत गरे जस्तै, आज्ञाकारितामा हाम्रा प्रभुले पिताको इच्छा पूरा गर्न पृथ्वीमा आउनको लागि आफ्नो ईश्वरत्व छोड्नुभयो (भजनसंग्रह ४०:७-८: फिलिप्पी २:६-८)। यो महत्वपूर्ण छ कि, पिता र पुत्र दुवैको इच्छा आज्ञाकारितामा बलिदान दिनु थियो, यो कुरामा देख्न सक्छौं कि उहाँ पतन भएको मानवताको उद्धार गर्न र त्यसपछि आगोको कुण्डमा आत्मा र शरीरलाई पूर्ण रुपमा जलाएर बलिदान गर्नको लागि उहाँ मनुष्य र क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो । यसले हामीलाई यो हेर्न मद्दत गर्दछ कि संसारको सृष्टि अघि नै पिता र पुत्र दुबैले कसरी पापमा परेर पतन भएका मानिसको उद्धार हुन्छ भन्ने कुरामा सहमत हुनुहुन्थ्यो ।

यस सम्बन्धमा केहि एकदम महत्वपूर्ण कुरा यो छ कि “दुवै जना सँगसँगै गए” (उत्पत्ति २२:६) किनकी बाइवलले हामीलाई भन्दछ कि दुई जना आपसमा सहमत नभएसम्म सँगै हिँड्न सक्दैनन् (आमोस ३:३)। र यस घटनाको सबैलाई छोडि “दुई जना मात्रै” हाम्रो दोषहरुको लागि बलिदान दिन जानुहुन्छ ।

अन्तिम क्षणसम्म पनि अब्रहामले परमेश्वरको आज्ञा पालन गरे, जब इसाहाकले बलिदानको लागि थुमाको बारेमा सोध्छन्, यसरी हामीलाई प्रभु ख्रीष्ट हाम्रो साटोमा मर्नुभएको बलिदानलाई देखाउँछ किनभने बलि चढाएको भेडाले पापमात्र ढाक्छ : तर, हाम्रा प्रभु येशू ख्रीष्टलाई “परमेश्वरको थुमा” को रुपमा एकै पटक र सबैको लागि पाप हटाइदिनुभयो, मानवको पाप जुन उहाँलाई मुक्तिदाताको रुपमा स्वीकार गरेर मात्र क्षमा गरिन्छ (यूहन्ना १:२९-३०)।

२.) **परमेश्वरले ग्रहण गर्नुहुने बलिदान (२ इतिहास ७:१)**: जब परमेश्वरले भेटि लिनुभयो तब स्वर्गबाट आगो झर्‍यो र भष्म पार्‍यो, अनि परमप्रभु महिमित हुनुभयो । जब प्रभुलाई होम बलिको रुपमा लिइयो, उहाँ परमेश्वरको सामुन्ने स्वीकारिनुभयो र त्यहि सुगन्धले पितालाई सन्तुष्ट तुल्यायो, यसरी नै हामीले यसलाई अवलोकन गर्न सक्छौं (१ राजा १८:३८)। यो उल्लेखनीय छ कि बलिदान लिनुभए पछि, परमेश्वरको घर महिमाले भरियो, जसरी प्रभु येशू ख्रीष्टको पुनरुत्थान पछि पिताको सामु वासनामय सुगन्धको रुपमा माथि उठ्नुभई स्वर्ग भन्दा पनि पर सबै कुराहरु सुगन्धले भरियो (एफिसी ४:९-१०)।

हाम्रा प्रभु येशू ख्रीष्टले गर्नुभएको कार्यलाई छायाँको रुपमा दिइएका बलिदानहरुमा महत्वपूर्ण कुरा यो छ कि : “रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन ।” अर्को कुरा के हाईलाइट गर्नुपर्छ भने आगो बिना बलि पूर्ण हुँदैन र त्यसैले बलिदान सफल हुँदैन ।

क.) पुरातन करारमा बलिदानहरु क्सरी दिइन्थ्यो ? भाईन शब्दकोश : बलिदानकर्ताले बलिमा हात राख्दथ्यो, र प्रतिकात्मक रुपमा आफ्नो पाप र दोष हस्तान्तरण गर्दथ्यो । त्यसलाई वेदीको उत्तरपट्टि काटेर पुजहारीले वेदीको वरिपरी (लेवी १:१५) ३ गुणा ६ चोटी छर्किनुअघि रगत लिएर परमप्रभुलाई चढाउँदथे । परमेश्वरलाई बलिदानको औपचारिक प्रस्तुति गर्न अघि यहि बलिदानले पापको प्रायश्चितमा प्रभाव पार्दथ्यो । त्यसपछि होमबलि विभाजित गरिन्थ्यो, भागहरु शुद्ध गरिन्थ्यो र वेदीमा क्रमबद्ध रुपमा राखिन्थ्यो (लेवी १:६-९, लेवी १:१२-१३)। त्यसपछि बलि आगोमा राखिन्थ्यो र भष्म पारिन्थ्यो र यसको सुगन्ध परमेश्वरतिर उठ्थ्यो ।

**३.) मोशाको व्यवस्था (लेवी १६:५-३०):** पुरानो करारमा, प्रधान पुजहारीद्धारा शुद्धिकरणको "विधि" विशिष्ट थियो, जसमा दुईवटा बोका र एउटा बाछो, व्यत्तिगत र परिवारको लागि प्रायश्चित गर्न समावेश हुन्थ्यो र त्यसपछि उनको लागि र उनका मानिसहरुका लागि होमबलि चढाइन्थ्यो (लेवी १६:६: ११,२४) मानिसहरुले पापको लागि चढाएको बलिदानहरुबाट यो स्वतन्त्र बलिदान थियो ।

क.) बोका : पुरानो करारमा दुईवटा बोकाहरु चढाइन्थ्यो, एउटा प्रायश्चितको बलिदानको लागि थियो र अर्को चाहिँ मानिसहरुको पाप बोक्नको लागि थियो (लेवी १६:८-१०), तसर्थ चिठ्ठा हालिन्थ्यो र एकमाथि हात राखिन्थ्यो र पापको स्वीकार गरिन्थ्यो, त्यसपछि त्यो बोकालाई नियुक्ति भएको व्यक्तिद्धारा मरभूमिमा लगिन्थ्यो (लूका ४:१) र छोडिन्थ्यो । तर अर्को बोकालाई भने काटिन्थ्यो र पापबलिको रुपमा बलिदान चढाइन्थ्यो, पर्दा पछाडि भएको कृपा-आसनमाथि र यसको सामुन्ने छर्किन्थ्यो : यो पवित्र स्थानमा प्रायश्चित गर्नलाई थियो र "त्यस ठाउँमा प्रधान पुजहारी मात्र हुनुपर्दथ्यो", त्यसपछि पुजहारी स्वयम्, उनको परिवार र इस्राएलका झुण्डहरुको लागि प्रायश्चित गर्न बाहिर आउदथ्यो (लेवी १६:१७)।

ख.) स्टिअर : यो होमबलिको समयमा चढाइन्थ्यो र प्रधान पुजहारी र उनको परिवारको पापको लागि प्रायश्चित गर्ने बोका बलि जस्तै गरिने कार्य थियो, जसको रगत पनि कृपा-आसनमा छर्किन्थ्यो ।

प्रभु क्रूसमा मर्नुभयो, गाडिनुभयो, त्यसपछि होमबलिमा जानको लागि उठ्नुभयो । यसले पापको लागि प्रायश्चित गरिने बोकाको एउटा बलिदानलाई जनाउँछ, जुन हाम्रो प्रभु येशू खीष्टले क्रूसमा र अग्निकुण्डमा गर्नुभयो । यो जान्न जरुरी छ कि प्रधान पुजहारीले मात्रै बलिदान दिने समयको लागि चाहिने सामग्रीहरु पापको प्रायश्चितको लागि प्रस्तुत गर्दथे । मुख्य सामग्री रगत थियो किनभने यहि कुरा खीष्टको रगतबाट हाम्रो पापको लागि हुनुपर्ने थियो जुन हाम्रो जीवनबाट मेटिनुपर्दथ्यो, र केवल पापहरु ढाक्ने जनावरहरुको भन्दा फरक थियो (हिब्रू ९:१३)।

**४.) अगमवक्ताहरुमा गरिएको घोषणा (जकरिया ३:१):** अगमवक्ताहरुले पनि हाम्रो प्रभु येशू खीष्टलाई होमबलिको समयमा बलिदानको रुपमा आफूलाई अर्पण गर्नुभएको भनी देखाउछ, उनीहरुले उहाँलाई "आगोबाट खोसिएको ब्रान्ड" भनी वर्णन गरेका छन् र शैतानले उहाँलाई अशुद्ध भनी कसरी आरोप लगाउँछ भनी देखाइएको छ । बलिदान पूरा गर्नुभएपछि आफैलाई पिताको सामुन्ने खोसिएका कुराहरु अर्थात् उहाँको महिमित शरीरमा पुन फेरि लुगा लगाइ आफैलाई प्रस्तुत गर्नुभएको भन्ने कुरालाई जनाउँछ ।

अइयूबले पनि उद्धारकर्ताको जीवनशैली र धूलोबाट उठ्नुहुने बारे अगमवाणी गरेका थिए, जसको अर्थ, हाम्रो प्रभु क्रूसको बलिदानपछि उठ्नुहुनेछ र जलाइएपछि उहाँ सो प्रक्रियाबाट बाहिर आउनुहुनेछ भन्ने संकेत दिँदछ (अयूब १९:२५)।

यशैया पनि देख्दछन् उहाँले दोस्रो मृत्यु तिर्न जानु अघि उहाँले भोग्नुपर्ने पिडा, उहाँले कस्तो पिडा भोग्नुभयो र त्यसपछि पापबलिको रुपमा चडाइएका भेडाहरु झैँ कसरी मार्नुहुनेछ भनेर दृश्यलाई देखाइएको छ (यशैया ५०:५: ५३:७-१०)। यसले यो देखाउँछ कि, हाम्रो प्रभुले जीवन र मृत्युमा हुने सबै पापहरु र अपराधहरुको मोल तिर्नुभयो जहाँ हामीले उहाँको शरीर र प्राण द्धारा गर्‍यौं, तर उहाँ पापरहित हुनुभएको कारणले गर्दा उहाँ बौरी उठ्नुभयो र मृत्युले उहाँलाई पक्रन सकेन (प्रेरित २:२४)।

**५.) भजनसंग्रहमा घोषणा (भजनसंग्रह १३९:१५):** यस कुरामा ध्यान दिन महत्वपूर्ण छ कि, परमेश्वरले यहि घटनालाई नजिकबाट पछ्याउनुभयो किनकी, व्यवस्थामा आज्ञा गरिएको कुरा पूर्ण रुपमा पालना गर्नुपर्थ्यो, जसका कारण आफ्नै विनाश सँगै टुङ्गोमा पुग्ने प्रष्ट थियो, तसर्थ यो ‘‘गोप्य रुपमा’’ मानिसहरुबाट लुकाइ गठन गरिएको थियो र उहाँलाई उठाउने आत्माले मात्र उहाँलाई शून्यबाट उठाउने अदभूत आश्चर्य काम गर्नुभयो ( रोमी ८:११)।

क.) मृत्युको बन्धनले मलाई घेर्‍यो (भजनसंग्रह १८:४): यसले यो पनि देखाउँदछ कि, चिहानबाट उठेर अग्निकुण्डमा जानुहुँदा, उहाँले लडाइँ पनि गर्नुभयो किनकी, मृत्युले उहाँलाई रोक्न चाहन्थ्यो, यद्यपि, उहाँलाई रोक्न सकेन किनकी उहाँमा पाप थिएन (रोमी ६:९)।

ख.) शिओलको बन्धनले मलाई घेर्‍यो (भजनसंग्रह १८:५): मृत्युसँगै, शिओलले पनि उहाँलाई राख्न चाहन्थे किनभने मृत्यु सँगै उहाँलाई त्यहि स्थानमा राख्न चाहन्थे, तर जब उहाँ मर्नुभयो, उहाँले केवल हाम्रो पापहरुको लागि मर्नुभयो र जब उहाँ बौरी उठ्नुभयो, उहाँले हाम्रो न्यायको लागि बाटो खोलिदिनुभयो (रोमी ४:२५)।

**६.) प्रभुको बारे गरिएको अगमवाणीको घोषणा :** हामी यस्ता केहि पदहरु देख्न सकछौं कि, जसले निस्तार चाडले भोग्नुपर्ने कष्टको बारे संकेत गर्दछ, अर्थात् हाम्रो प्रभु जसले हाम्रो लागि काम गर्नुहुनेछ, र बप्तिष्मा लिनुहुनेछ ताकि उहाँले कष्ट भोग्नुपर्ने छ, जसद्धारा हामी अग्निकुण्डमा भने जानेछैनौं :

हिब्रू १०:५-७, यसकारण संसारमा आउनुहुँदा ख्रीष्टले भन्नुभयो, ‘‘बलि र भेटीहरु तपाईले चाहनुभएन, तर तपाईले मेरो निम्ति एउटा शरीर तयार पार्नुभएको छ । होमबलि र पापबलिहरुमा तपाईं प्रसन्न हुनुहुन्न । तब मैले भने, हेर्नुहोस्, हे परमेश्वर, पुस्तकको मुट्ठोमा मेरो बारेमा लेखिएजस्तै तपाँकै इच्छा पूरा गर्न म आएको छु ।’’

लूका १२:४९-५०, ‘‘म पृथ्वीमाथि आगो खन्याउन आउको हुँ, त्यो त बरु अघिबाटै सल्किसकेको भए हुनेथियो ! एउटा बप्तिष्मा छ, जो मैले लिनुपर्नेछ । त्यो पूरा नहोञ्जेल म अति व्याकुल छु !

मत्ती २०:२२, तर येशूले जवाफ दिनुभयो, ‘‘तिमीहरु के मागिरहेछौ सो जान्दैनौ । जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरु पिउन सक्छौ ?’’ तिनीहरुले भने, ‘‘सक्छौं ।’’

**७.) प्रभुको पहिलो र दोस्रो मृत्युमा भएका घटनाहरु :**

क.) चिहानमा (यूहन्ना १०:१८): क्रूसमा उहाँले आफ्नो जीवन दिनुहुन्छ र त्यसपछि लिनुहुन्छ र चिहानबाट उठ्नुहुन्छ र अग्निकुण्डमा जानुहुनेछ ।

ख.) अग्निकुण्ड (रोमी ८:११): हाम्रो गल्तीहरु रुखले बोकेर पाप बनेपछि, उहाँले दोस्रो मृत्यु तिर्नलाई जानुभयो जुन हाम्रो लागि तय गरिएको थियो, उहाँले हाम्रो शरीर र प्राणलाई नाश प्रतिस्थापित गर्नुभयो र मृत्युको साँचो लिएर जानुभयो (प्रकाश १:१८)। उहाँ दुई पटक उठ्नुभयो, एक पटक चिहानबाट र अर्को पटक अग्निकुण्डबाट पापसँग कुनै सम्बन्ध नराख्न र नमर्नको निमित्त उठ्नुभयो ।

ग.) प्रायश्चितको दिन (लेवी १६:१०): उनीहरुले उहाँलाई उजाड स्थानमा छोडिदियो, अग्निकुण्डको चित्र रहेको छ । एउटा जिवित जनावर जस्तै, तर मृत भने होइन । यो हाइलाइट गर्न महत्वपूर्ण छ कि, बोकालाई उजाडस्थानमा लैजान केवल एक जना मात्र नियुक्त गरिन्थ्यो र त्यसपछि उसको दिशा थाहा नदिई लगिन्थ्यो, किनकी, छाडा छोडिने ठाउँसम्म उसलाई निर्देशन दिने जिम्मा उसको हुन्थ्यो, यसले यो पनि देखाउँदछ कि पिताले पाप बोक्ने पुत्रलाई कसरी लिएर जानुभयो, तर उहाँहरुको सम्झना नगरी उहाँहरु सदाको लागि बिर्सिनुभयो, र जब हामीले हाम्रो उद्धारकर्तालाई ग्रहण गर्छौं र यससँगै हामी परमेश्वरसँग शान्ति पाउछौं ।

**८.) प्रेरितीय व्याख्या (एफिसी ४:९):** पृथ्वीको केन्द्र एउटा संरचनात्मक ढोका हो जो अग्निकुण्डसँग जोडिएको छ, यो ठाउँ शैतान र त्यसको दूतहरुको लागि मात्र तयार गरिएको थियो, यद्यपि यसको कारणले गर्दा अन्य सृष्टिहरु यहाँ भित्र रहनको लागि पनि यो खोलियो ।

> क.) परमेश्वरको आत्माद्धारा जिवित (१ पत्रुस ३:१८-१९): पापको कारण कोहि पनि यस ठाउँबाट निस्कन सक्दैन, यद्यपि, ख्रीष्टमा कुनै पाप परमेश्वरले नभेटाउनुभएको कारण उहाँको न्याय प्रभावकारी भयो, उहाँलाई लुकेको पृथ्वीको गहिराइमा बुनियो जुन कैद भएका आत्माहरु सामुन्ने आत्मामा देखा पर्नुभयो (१ पत्रुस ३:१८-१९) उहाँले जीवनको आशा देखाउनुभयो र त्यसपछि चेलाहरुको समूह अघि देखा पर्नको लागि पुन: परिचय पृथ्वीमा गराइयो ।

यो हाइलाइट गर्न महत्वपूर्ण छ कि, क्रूसमा भएको सबै कुरा संसारलाई देखाउन पर्ने थियो जहाँ, भेडाको थुमाको रुपमा, वध गरियो र मारियो, उहाँ हाम्रो लागि श्रापित हुनुपर्‍यो किनकी, यस बलिदान मानव जातिलाई चिनाउन सार्वजनिक रुपमा प्रदर्शन गरियो, चिहानमा बस्नुभयो, यद्यपि, जसरी प्रधान पुजहारी मात्र महा पवित्र स्थानमा प्रवेश गर्दथे (लेवी १६:१७), हाम्रो प्रभु पनि मृत्यु र पातालमा लड्न जानुभयो र जित्नुभयो, अग्निकुण्डमा जानुभयो र परमेश्वरको आत्माद्धारा गोप्य रुपमा उहाँलाई बुन्नुभयो र उठाउनुभयो र पवित्र आत्माद्धारा पिताको सामु प्रस्तुत गरिनुभयो, जसरी ढुकुर नोआको अगाडि प्रस्तुत हुँदा जैतूनको हाँगा लिई आएको थियो, यसले सबै कुरा पूरा भएको छ र परमेश्वरसँग शान्ति भउको छ भनी बुझाउँछ (उत्पत्ती ८:११)।

पृथ्वी भनेको एन्टी-एट्रियम हो जसमा धेरैले साक्षीको रुपमा मारिएको पशुको बलिदान हेर्नको लागि प्रस्तुत गर्दछन् : मृतकको चिहान वा क्षेत्र, पवित्र स्थानको विरोधी, जहाँ उहाँले (मृत्यु र शैतान विभिन्न पात्रहरु जसले उहाँलाई रोक्न खोज्यो, उनीहरुलाई जित्नुभयो र उहाँ महा पवित्रताको विरोधी स्थानमा प्रवेश गर्नुभयो, यस्तो अग्निकुण्ड जहाँ केवल प्रधान पुजहारीले मात्र परमेश्वरलाई पूर्ण बलिदान दिन प्रवेश गर्नुभयो ।

# अनन्त न्याय (THE ETERNAL JUDGEMENT)

*रोमी २:५-६*

*तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चातापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ । किनकी उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ ।*

बाइवलले परमेश्वर न्यायी हुनुहुन्छ भनी सिकाउदछ, न्याय उहाँको गुणहरु मध्ये एउटा गुण हो, जसले उहाँ कै चरित्रसँग कायम राख्नुहुन्छ, र उहाँको विरुद्धमा हुनेहरुका लागि आवश्यक रुपमा न्याय गर्नुहुन्छ : पाप विरुद्ध (भजनसंग्रह ७:९)। यहि न्याय मानव जाति र स्वर्गीय सृष्टि दुवैसँग सम्बन्धित भनी प्रकाश पारिको छ । यद्यपि, त्यहि न्यायलाई सन्तुष्ट पार्नको लागि यसले एउटा मध्यस्थता प्रदान गर्दछ, मानिसले ईश्वरीय न्यायलाई सन्तुष्ट पार्न सक्दैन, किनकी, बाईवलले भन्दछ, " धर्मी कोहि छैन, एउटै पनि छैन ।" (भजनसंग्रह १४:१-३: रोमी ३:१०)। त्यहि मध्यस्थता प्रभु येशू ख्रीष्ट हुनुहुन्छ, जसले परमेश्वर भएर मानिसलाई ग्रहण गर्नुभयो, र पापविहिन भएर पनि पाप लिएर क्रूसमा कष्ट भोग्नुभयो र ईश्वरीय न्यायलाई सन्तुष्ट पार्नुभयो, जो कोहिले सोहि उपहारलाई विश्वासद्धारा ग्रहण गर्दछ भने न्याय हुनुबाट मुक्त हुनेछ र धर्मि ठहरिन (न्यायोचित) को लागि अनुग्रहद्धारा स्थानान्तरण गरिने छ (रोमी ५:१)। यद्यपि उहाँको अदालतमा लेखाजोखा दिनलाई सबैको लागि समय पनि आउनेछ (२ कोरिन्थी ५:१०)। बाईवलमा उल्लेख गरिएको कुल सातवटा फैसला छन्, जुन तीन अदालतहरुमा हुनेछ, यसलाई तल वर्णन गरिएको छ :

**१.) पापहरुको लागि न्याय :** क्रूसमा बौरी उठ्नुभएको येशू ख्रीष्टको व्यक्तित्वमा विश्वासीको पापहरुको न्याय भइसकेको छ । यसको परिणाम भनेको विश्वासीहरु धर्मि ठहरिनुहो, जो यसलाई गुमाउने खतरा छैन (१ तिमोथी ५:२४, रोमी ५:१८)।

**२.) आत्माको अदालत (उहाँ आफैको निर्णय):** यो न्याय परमेश्वरको पुत्रमा हरेक पटक हुने गर्छ, र विशेष गरी प्रभु भोजको समयमा परमेश्वरसँग लेखा लिइन्छ । प्रत्येक विश्वासीले आफैलाई जाँचि प्रभुसँग ठिक हुनुपर्दछ । यो दण्डको लागि होइन तर ख्रीष्टको न्यायको आसनमा उपस्थित हुनको लागि हो (१ कोरिन्थी ११:२८)।

**३.) ख्रीष्ट न्याय गर्ने आसन/सिट (बेमा) विश्वासीको कामहरुको न्याय :** यसको सम्बन्ध सिधा बचाइएकोहरुसँग छ, उनीहरुको राम्रो वा नराम्रो कामको आधारमा पुरस्कृत गरिनेछ । यो घटना बादलमा (मंच) हुनेछ, कसलाई उठाइने (र्‍यापचर) र कसलाई महासंकष्टमा फर्काइने भन्ने कुराको निर्धारित गरिन्छ । यस इजलासमा, माग पनि गरिनेछ (लूका १२:४८, २ कोरिन्थी ५:१०)।

**४.) न्यायको दिन :** जो यस जाँचको सामु खडा हुनेहरु त्यस समयमा पृथ्वीमा बस्ने राष्ट्रहरुका सदस्यहरु हुन् । पुस्तक खोलिदैन । त्यहाँ दुई प्रकारका मानिसहरु हुन्छन् : भेडा र बाख्राहरु । यो ख्रीष्टको आगमनमा हुनेछ ( मत्ती २५:३१) र यो दृश्य संसारमा देखिनेछ । प्रभुले "मेरा भाइहरु" भनी बोलाउनेहरुलाई अन्यजातिहरुले गर्ने व्यवहारको आधार हो (मत्ती २५:३२-४६)।

**५.) भविष्यमा हुने इजरायलको न्याय :** यो न्याय परमेश्वरका जनहरुको सबै सदस्यहरु पछि राष्ट्रहरुबाट आफ्नो भूमिमा फर्के पछि कार्यान्वयन गरिनेछ (आलिया)। राज्यको आशिष प्राप्त गर्नलाई भूमिमा प्रवेश गर्ने इस्राएलीहरु को हुन् भनेर चिन्नुहोस् (भजनसंग्रह ५०:१-७: एज्रा २०:३३-३४: एज्रा २०:३६-३८)।

**६.) पतित स्वर्गदूतहरुको न्याय :** यो समय महान् न्यायको दिनमा हुनेछ (यशैया २:९-२२)। शैतानको विरुद्ध अन्तिम न्याय हजार वर्ष (सहसाब्दी) पछि हुनेछ (प्रकाश २०:१०), पतित भएका स्वर्गदूतहरुको शैतानसँगै न्याय हुनेछ (२ पत्रुस २:४: यहूदा १:६: प्रकाश १२:९)।

**७.) पिताको अदालत (ठूलो सेतो सिंहासन):** जसले खीष्टलाई स्वीकार्दैन, उनीहरु सधैं भरिको लागि मृतक हुनेछ, त्यहाँ विभिन्न दण्डका किसिमहरु छन् (लूका १२:४७-४८), मरेकाहरुलाई तिनीहरुको काम अनुसार न्याय गरिनेछ (प्रकाश २०:११-१५)।

हामीले देख्न सक्छौं, केहि निर्णयहरु पतित स्वर्गदूतहरु (स्वर्गीय सेना), इस्राएलका मानिसहरुसँग र खीष्टमा भएका विश्वासीहरुसँग (चर्च/मण्डली) सम्बन्धित छ, र केहि कुराहरु भइसकेको छ । यस अध्ययनको शिक्षात्मक रुचि भनेको परमेश्वरले ती व्यक्तिहरुसँग कसरी व्यवहार गर्नुहुन्छ भन्ने तरिकालाई वर्णन गर्नु हो, जो चर्च/मण्डली भित्र होस् वा बाहिर, जसको लागि निम्न वर्गीकरणको विकास गरिएको छ : पवित्र आत्माको न्यायाधिकरण, खीष्टको न्यायधिकरण र महान सेतो सिंहासनको न्यायधिकरण ।

"अदालत" शब्द हिब्रू शब्द बेमा शब्द बाट ल्याइएको छ जसको अर्थ खुट्टाको तयारी गर्नु हो (स्ट्रङ ९६८), यसले उच्च स्थान (मंच) लाई जनाउदछ : पछि यो शब्द टिब्युन (न्याय गरिने मंच) नामकरण गर्न प्रयोग गरियो, जसमध्ये दुई ग्रिक मन्चद्धारा प्रदान गरिएको थियो : एउटा अभियोजनको लागि र अर्को प्रतिरक्षाको लागि, यो त्यहि ठाउँ हो जहाँ न्याय प्रशासित गर्न न्यायधिस हुन्छ, जसले मुद्दाको न्याय र घटनाको सजाय सुनाउछ । यसरी परमेश्वर न्यायकर्ता हुनुहुन्छ, न्यायकर्ता र सजायको व्यवस्थापन गर्नुहुन्छ, चाहे इनामको लागि होस् (हिब्रू ११:६) वा अनन्त प्रतिशोधको लागि होस् (हिब्रू २:२)।

**१.) पवित्र आत्माको अदालत (हिब्रू १०:१५-१८):** व्यवस्था पछि परमेश्वरले अनुग्रहको नयाँ करार स्थापना गर्नुभयो, जहाँ उहाँका व्यवस्थाहरु मानिसहरुको दिमागमा र हृदयमा लेखिनेछन् जसले खीष्टमा विश्वास गरेका छन् । तर, पवित्र आत्माको सहभागिताद्धारा विश्वासीलाई व्यवस्था पूरा गर्न मद्दत गर्दछ (ग्रिक पाराक्लेटोस् = कसैको पक्षमा बोलाइएको, अधिवक्ता, मध्यस्थकर्ता, स्ट्रङ जि ३८७५)। पवित्र आत्माको काम भनेको पाप, न्याय र फैसलाद्धारा संसारलाई विश्वस्त गराउनु हो (यूहन्ना १६:७-११), विश्वासी पूर्ण परमेश्वरको इच्छामा नहिँड्दा उहाँले नै विश्वासीलाई हप्काउने जिम्मेवारीमा हुनुहुन्थ्यो । यो अदालत तब देखिन्छ जब :

क.) जब पाप विश्वासीमा पुग्छ, अभियोगकर्ता आरोप लगाउने व्यक्ति अभियोगकर्ताको रुपमा देखा पर्दछ (जकरिया ३:१), तबको समय पवित्र आत्माकहाँ जाने समय हुन्छ जो एक सहयोगी वा वकिलको रुपमा हुनुहुन्छ, उहाँले नै पापीलाई आफूले गरेको गल्तीको पहिचान गर्न मार्गदर्शन दिनुहुन्छ, क्षमा माग्न लगाउनुहुन्छ र पापबाट टाढा रहन दिनुहुन्छ, ताकि पुन मुक्तिको आनन्द फर्कन सकेको होस् (भजनसंग्रह ५१:१२)।

ख.) पवित्र प्रभु भोजमा भाग लिने समयमा, बाईवलले आत्माको जाँच गर्न सल्लाह दिन्छ, जुन पवित्र आत्माद्धारा निर्देषित छ, जहाँ विश्वासी आफैंसँग उ एउटा साक्षी हो, उ आफ्नो लागि न्यायकर्ता हो र जहाँ आत्माको सल्लाहमा संचालनमा र मार्गदर्शकको रुपमा परमेश्वरसँग क्षमा माग्न र सम्मानका साथ भाग लिन सक्दछन् । यदि तपाई अयोग्य रुपमा सहभागी हुनुभयो भने, तपाईले परमेश्वरबाट आशिष पाउनुको सट्टा तपाईले दण्ड पाउनु हुनेछ, जसका परिणामहरु : रोग, कमजोरी र शारिरीक मृत्यु हुन सक्छ (१ कोरिन्थी ११:२९-३०)। यस अदालतको उद्देश्य यस प्रकारका छन् :

- विश्वासी संसारसँग दोषि ठहरिदैन (१ कोरिन्थी ११:३१-३२) तर खीष्टको न्यायको आसनमा पुरस्कृत भने हुन सकिन्छ ।
- लज्जित पार्न होइन (प्रेरित ५:१-३), हननिया र सफिराको मामलामा, उनीहरुको पर्दाफास भयो (लज्जित हुनुपऱ्यो), त्यसपछि आंशिक सुधारको न्यायको अधिनमा बसे (शारिरीक मृत्यु) र पछि, तिनीहरु न्यायमा भाग लिनेछन् र खीष्टको आसनबाट न्याय र दण्ड पाउनेछन् ।

- शुद्ध र सिद्ध हुने प्रक्रियामा जारी हून (एफिसी ४:१३)। यो उल्लेख गर्न महत्वपूर्ण छ कि, यो निर्णय दण्ड दिनको लागि होइन, यसको परिणाम र उद्देश्य भनेको विश्वासीहरु खीष्टको न्यायधिकारणमा पुग्नु हो (१ कोरिन्थी ११:३२: १ तिमोथी १:२०: हिब्रू १२:७)।

**२.) खीष्टको अदालत (रोमी १४:१०: २ कोरिन्थी ५:१०):** अघिल्लो अदालत जस्तै, यो मुद्दा दण्ड दिनलाई होइन किनकी, खीष्टले विश्वासीलाई धर्मी ठहराउनुभएको छ, त्यसैले उसलाई इनाम दिइन्छ वा गलत भएको कामको लागि केहि माग गरिन्छ, जुन उसको काममा निर्भर हुन्छ । यस फैसलामा, खीष्ट न्यायकर्ता हुनुहुन्छ, र सबै कुरा उहाँको सामु प्रकट हुनेछ, चाहे त्यो असल होस् वा खराब । खीष्टमा हुनेहरुको न्याय गरिनेछ, जसले विश्वासद्धारा निस्तार चाडको थुमामा विश्वास गरे (यूहन्ना १:२९)।

क.) सबै कार्य न्यायमा आउनै पर्छ (मत्ती १२:३६: रोमी १४:१०): गलाती ६:७: एफिसी ६:८: कलस्सी ३:२४-२५, उपदेशक १२:१४), यसको परिणाम भनेको इनाम पाउनु वा इनाम विहिन हुनु हो । कामहरु भनेको कुनै राम्रो हुन सक्छ वा खराब हुन सक्छ, वा सार्वजनिक हुनसक्छ वा लुकेको हुन सक्छ । असल ती नै हुन् जो पवित्र आत्माको प्रेरणाद्धारा गरिन्छ (१ कोरिन्थी ९:१७), जो खीष्टमा निर्माण र आत्माको फल हुन बराबर छन् (गलाती ५:२२-२३), र सन्तहरुको न्यायिक कार्यहरुलाई पनि यसमा समावेश छन् (प्रकाश १९:८)। जसबाट विश्वासीलाई छोड्न सल्लाह दिइन्छ ।

ख.) कामको गुणस्तर (१ कोरिन्थी ३:१२-१५): बाईवल अनुसार कामको गुणस्तरबाट इनाम प्राप्त हुनेछ । यो कामहरुको घर सुन, चाँदि, बहुमूल्य उत्थर, काठ, घाँस वा परालबाट बनेको हुन सक्दछ र आगोद्धारा त्यसको परिक्षण हुनेछ, कोहि नराम्रो हुँदाहुँदै पनि राम्रो देखिन सक्छ र मानिसलाई बुझ्न गाह्रो हुन सक्छ, तर परमेश्वरको लागि भने होइन, जसले जान्नुहुन्छ र हृदयको मनसाय बुझ्नुहुन्छ । बाईवलमा मानिस कामहरुको आधारमा वर्गीकरण गरिएको छ ।

- विजेताहरु भन्दा बढी, जसलाई दुई समूहमा वर्गीकृत गर्न सकिन्छ :

१.) खीष्टमा मरेकाहरु : जो जिवित रहँदा आफ्नो इच्छालाई प्रभुमा समर्पण गर्नेहरु उठाइनेछ (१ थेसलोनिकी ४:१६-१७)। २.) न्यापचर (उठाइ लगिनु) मा जो जिवित हुनेछन्, उनीहरुले प्रभुको इच्छा पूरा गर्नेछन् र सिद्ध मानिसको पदमा पुग्नेछन् (एफिसी ४:१३)। उनीहरुको इनाम भन्नु नै खीष्टको दुलही हुनु हो ।

- विजयीहरु, जसले खीष्टलाई चिने तर आफ्ना इच्छालाई आत्मा समर्पण गरेनन्, उनीहरुले संकष्टको समयमा आफ्नो लुगा धुनुपर्नेछ, विश्वासमा अडिक रहनुपर्नेछ, जनावरको पूजा गर्नु हुँदैन, वा त्यसको छाप लगाउनुहुँदैन (प्रकाश २०:४), तर उनीहरुको विश्वास र येशू खीष्टको गवाहीको कारण उनीहरुले आफ्नो जीवन दिनेछन् (प्रकाश ७:१३-१४)। उनीहरुको इनामको लागि : उनीहरुलाई जीवनको रुखबाट (प्रकाश २:२-७), लुकेको मन्ना र नयाँ नाउँबाट ( प्रकाश २:१४-१७), राष्ट्रहरुमाथि अधिकारबाट (प्रकाश २:२०-२७), परमेश्वरको मन्दिरको स्तम्भबाट (प्रकाश ३:१०-१२), हजार वर्षको दौडान उहाँको सिंहासनमा खीष्टसँग बस्न दिइनेछ (प्रकाश ३:२१)।
- पराजित भएकाहरु : यिनीहरु दुष्ट जीवन बिताउनेहरु जसले परमेश्वरमा आफ्नो इच्छा समर्पण नगर्नेहरु, पापको दासी हुनेहरु, अपरिवर्तनिय धर्मत्याग गर्नेहरु हुन् (प्रकाश २२:१५)। यिनीहरुले प्रभु येशू खीष्टलाई चिन्थे र केहि समयसम्म उहाँसँगको संगतिको आनन्द लिए, तर कुनै विन्दुको समयमा आई विश्वास र यसको कामलाई अस्वीकार गरे र शिक्षकहरु जो आफ्नै अभिलाषाहरु अनुसार सत्यबाट कान फर्काए र सत्य कुराबाट तर्कि गए (२ तिमोथी ४:३), यिनीहरु न्यायको समयमा अस्वीकृत हुनेछन् र टाढाबाट नयाँ यरुशलेम पनि देख्नेछन्

तर तिनीहरु कुकुरहरु, जादुगरहरु, मूर्तिपूजकहरु, व्याभिचारीहरु, हत्याराहरु, झुट बोलेर रमाउनेहरु झैँ बाहिर रहनेछन् (प्रकाश २२:१५)।

**३.) ठूलो सेतो सिंहासनको अदालत (प्रकाश २०:११):** यो अदालतले महान् अन्तिम न्यायको दिनलाई जनाउँदछ । यो तब हुनेछ जब परमेश्वरले आफ्ना सबै शत्रुहरुलाई उहाँको अगाडि ल्याउनुहुनेछ । बाईवलले सिकाउँदछ कि सबै समयका मृतकहरु उहाँको सामु आउनेछन्, समुद्रमा डुबेर बेपत्ता भए ता पनि उहाँको सामु आउनेछन् किनभने, उहाँले तिनीहरुलाई फिर्ता गर्नुहुनेछ र मृत्यु र पाताल पनि आफ्नो काम अनुसार न्याय हुनेछ । यस अदालतको महत्वपूर्ण विशेषताहरु :

क.) न्यायकर्ता प्रभु येशू खीष्ट मार्फत परमेश्वर हुनुहुनेछ (प्रेरित १७:३१)। सबै काम परमेश्वरले आफ्ना पुत्रलाई सुम्पनुभएको छ भनी सिकाउँदछ (यूहन्ना ५:२२,२७: रोमी २:१६: मत्ति २५:३१-३३, ४१ र ४६)।

ख.) न्याय गारिने सबै मृतकहरु हुन् जो कुनै समयमा यस संसारमा आएका थिए ।

ग.) यो अदालतले हराएका सबैको न्याय गर्ने भए ता पनि, जीवनको पुस्तकमा तिनीहरुको नाउँ लेखिएको छैन भनी प्रमाणित गर्न खोलिन्छ । यसको मतलब जीवनको पुस्तकमा कुनै व्यक्तिको नाउँ भने यस अदालतमा भेट्टाउने सम्भावना छ : यो यहूदा १:२३ मा वर्णन गरिएको आगोबाट तानी निकालिएकाहरुको सन्दर्भ हो । हामी याद राख्नुपर्छ कि, त्यहाँ विश्वासीहरु हुनेछन् जसको आत्मा हराउनेछ तर प्रभुको दिनमा भने त्यस आत्माहरु बचाइनेछ (१ कोरिन्थी ५:५)। तिनीहरुको दण्ड भनेको केवल आत्मामा बाँच्नुपर्नेछ, अर्थात् तिनीहरु आत्मा, प्राण र शरीरमा पुर्नमिलन हुनेछैनन् । तिनीहरुले आफ्ना प्राण र शरीरलाई गुमाउनेछ तर आत्मामा भने बाँच्नेछ । यहि अदालतको सामु उपस्थित हुनेहरु तिनहिरुको काम अनुसार न्याय गरिनेछ (हिब्रू ९:२७: प्रकाश २०:१३: मत्ती १६:२७)। यो नै “केवल क्षतिपूर्ति” भनिने अभिव्यक्तिसँग गर्नको लागि छ, अर्थात्,

घ.) यस अदालतको उद्देश्यहरु :

- दण्ड (मत्ती २५:४६: यहूदा १:७, हिब्रू १०:२७): परमेश्वरले न्याय प्रत्येकलाई उसको काम अनुसार दिनुहुन्छ, कुनै व्यक्तिहरु प्रतिष्ठालाई ख्याल नगरी, जसको लागि उसले निष्पक्ष चरित्र प्राप्त गर्दछ, तिनीहरुको लागि कुनै दया हुनेछैन, भौतिक जीवनमा मात्रै दयाको समय हुने गर्दछ र खीष्टको बलिदानलाई समाल्ने मौका हुने गर्दछ ।
- विनाश र अनन्त अपमान (दानिएल १२:१-२): विनाश भनेको परमेश्वरबाट अलग हुनु हो र अपमानलाई लाजमर्दो सार्वजनिक प्रदर्शनको रुपमा परिभाषित गरिएको छ । खीष्टले यहि अपमान क्रूसमा सार्वजनिक रुपमा प्रकट हुँदा भोग्नुभयो र उहाँलाई अस्वीकार गर्नेहरुले आफ्नै लाजलाई भोग्नुपर्ने हुन्छ ।
- अग्निकुण्डमा फालिने (प्रकाश २०:१५): परमेश्वरको विरुद्धमा विद्रोह गर्नेहरु, चाहे मानव होस् वा नहोस् (जनावर, झूटा अगमवक्ता, शैतान र त्यसका दूतहरु) अग्निकुण्डमा तिनीहरुले भाग लिनेछ, जुन तिनीहरुको विद्रोहको परिणाम स्वरुप अन्तिम दण्ड हो, यो नै दास्रो मृत्यु हो र त्यहाँबाट कोहि पनि अम्कन वा बच्न सक्दैन (प्रकाश २०:१०)।
- सजायको मात्रा (मत्ती ११:२१-२४): बाईवलले स्पष्ट रुपमा देखाउँछ कि सजायका विभिन्न स्तरहरु छन्, जस्तै परमेश्वर न्यायी हुनुहुन्छ, शरीरमा हुँदा गरेका कामहरु अनुसार दण्ड न्यायोचित ढङ्गमा छ ।
- यो अदालत भविष्यमा विकास हुनेछ । यद्यपि, प्रकाशको पुस्तक क्रमबाद्ध अनुसार व्याख्या गरिएको छैन, यसले देखाउँछ कि, यो अनन्त राज्यको प्रवेश द्धारमा हुनेछ ।

मध्यवर्ती स्थानहरु बचाइएकाहरुका लागि अनन्त राज्यको परिचय हो र हराएकाहरुका लागि अग्निकुण्ड हो (दानिएल १२:२), दुवै ठाउँहरु निश्चित छन् । यो तब हुनेछ जब धर्मशास्त्र पूरा हुनेछ, जहाँ पुत्रले दायाँ भएकाहरुलाई भन्नुहुनेछ, आओ, मेरो पिताकहाँ धन्यका होओ, राज्यको अधिकार गर : र बायाँ भएकाहरुलाई भन्नुहुनेछ, “श्रापित मानिस हो ! मबाट दूर होइजाउ, अनन्तको आगोमा जाओ (मत्ती २५:३४,४१)। अग्निकुण्डमा निम्न व्यक्तित्वहरु जानेछ :

क.) जनावरहरु र झूटा अगमवक्ताहरु (प्रकाश १९:२०)

ख.) शैतान (प्रकाश २०:१०)

ग.) दुष्ट (प्रकाश २१:८: मत्ती २५:४६)

घ.) मृत्यु र पातालमा भएका सबै प्राणीहरु सहित (प्रकाश २०:१४)

# शैतानको पतन (SATAN’S FALL)

*१ कोरिन्थी १०:१२*

*यसकारण जसले खडा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ ।*

**परिचय:** परमेश्वर मात्र एउटै सृष्टिकर्ता हुनुहुन्छ (कलस्सी १:१६) र उहाँले कुनै पनि नराम्रो सृष्टि गर्नुभएन, उहाँले गर्नुभएको सम्पूर्ण काम असल छ (१ तिमोथी ४:४), तर उहाँले आफ्ना सबै प्राणीहरुलाई स्वतन्त्रता साथ बनाउनुभयो र परमेश्वरको आज्ञापालन गर्ने वा उलंघन गर्ने क्षमताका साथ बनाउनुभयो । यसको अर्थ, परमेश्वरको सृष्टि असफल हुने र आफैँ दुष्ट भई आफ्नै विनाश गर्ने सम्भावना थियो, परमेश्वरको आज्ञापालन गरी उहाँको निष्ठालाई कायम गरी परमेश्वरसँग संगती गर्ने सम्भावना थियो ।

परमेश्वरले बुद्धिमानी प्राणीहरुलाई छनौट गर्ने सामर्थ्यका साथ बनाउनुभयो (व्यवस्था ११:२६) र उहाँले रोबटहरु बनाउनुभएन यद्दपी उहाँले बनाउनसक्नु हुन्थ्यो, तर उहाँको सृष्टिले उहाँलाई प्रेम गरेको र प्रेमकासाथ आज्ञाकारी भएको चाहनुहुन्थ्यो । उहाँले पहिले नै जान्नुहुन्थ्यो कि केहि कुराले उहाँलाई असफल बनाउनेछ, यस पृथ्वी आउनुअघि नै उहाँ जान्नुहुन्थ्यो (यूहन्ना ९:२), तर उहाँ यो कुरालाई लिएर चिन्तित भने हुनु भएको थिएन किनकी उहाँको नियन्त्रणबाट बाहिर जाने कुनै पनि कुरा छैन । यी पतन भएका प्राणीहरुले उहाको सेवा गर्न, अरुको जाँच गर्न (अयूब १:९-१२) वा परमेश्वरको महिमालाई प्रकट गर्नलाई जाँदै थिए । (रोमी ९:१७) (रोमी ९:२२-२३) ले यो बताउँदछ कि परमेश्वरले क्रोधका भाँडाहरु र दयाका भाँडाहरु तयार गर्नुभयो (यशैया ५४:१६), र (तिमोथी २:२०) ले ठूलो घरमा सम्मान गर्ने भाँडाहरु मात्रै छैनन् तर अपमानका भाँडाहरु पनि छन् ।

यस कारणले गर्दा, हामीले पतित प्राणीहरु देख्छौं, र परमेश्वरले तिनीहरुलाई त्यस्तै अवस्थामा सृष्टि गर्नुभएन, तर ती प्राणीहरुले नै परमेश्वरबाट अलग हुनलाई निर्णय गरे र उहाँको आज्ञा उल्लंघन गरे, त्यसैकारण उनीहरु त्यागिए र मौलिक विशेषता/चरित्रलाई गुमाए र पापको कारण पतित भए (उत्पत्ति ६:२)।

यो नोट गर्न महत्वपूर्ण छ कि, लुसिफर (Luzbel) (तारा, बिहानको पूत्र) पतन हुने पहिलो पात्र थिएनन् । तिनी भन्दा अघि अन्य पात्रहरु जस्तै दुष्टता र अधर्म थिए जो पतन भएका थिए (जकरिया ५:६-८), यहि अधर्मले लुसिफरलाई किन्यो र तिनको हृदयलाई भऱ्यो (इजकिएल २८:१५)। इसको यो पतन हुन अन्तिम हुनेछ, र परमेश्वरले एउटा उदाहरण दिनुभएको छ त्यसैले हामी पतन नहुन हामी उहाँको भय मान्नुपर्छ (१ कोरिन्थी १०:१२)।

स्वर्गदूतको सृष्टिमा परमेश्वरले लुसिफरलाई (बिहानको तारा), फैलिएको पखेटा भएको स्वर्गदूत (करुब) सृष्टि गर्नुभयो, (इजकिएल २८:१४), उनलाई पापले भेटाउन अघि, उनी सुन्दर र सिद्ध थिए (इजकिएल २८:१५), परमेश्वरले उनलाई सृष्टिको योजना र छाप हुनको लागि सृष्टि गर्नुभएको थियो, तर यसको सट्टा उनले परमेश्वरको विरुद्ध गए र उनलाई (इजकिएल २८:१७) परमेश्वरले फालिदिनुभयो । यस्तो खालको चरित्र कहाँबाट आयो भनी बुझ्नको लागि हामी स्वर्गदूतको सृष्टिको बारेमा थोरै अध्ययन गर्नेछौं ।

> **१.) सराफहरु (SERAPHIM) (यशैया ६:२):** यो शब्द हिब्रूको सराफ (SARAF) भनिने शब्दबाट आएको हो जसको अर्थ सेराफिम SERAPIM हो । स्पेनिश कनकोर्डेन्स् किताबका अनुसार, यसको अर्थ उग्र सर्प, सराफ र भाइन शब्दकोशका अनुसार सेराफिम SERAPIM को अर्थ “उग्र ज्वलन्त, महान” हो । सेराफिमले यस्तो प्राणीलाई जनाएको छ, जसले (यशैया ६:२ र ६:६) मा देखा परे र सेवा गरे, यसले कुनै सर्पको रुप (यद्यपि पखेटा, मानवका हात र आवाजहरु) अथवा “चम्काउने” प्राणीहरुतिर यंकित गर्दछ ।

यशैया ६ अनुसार सेराफिमहरुले पवित्र, पवित्र, पवित्र भनी परमेश्वरको सिंहासनको वरिपरि घुमेका थिए र उहाँको प्रशंसा निरन्तर गरिरहेको हामीले देख्न सक्छौं । स्वर्गदूतहरुको सृष्टि मध्ये, यिनीहरु उच्च पदमा थिए, यसकारण यिनीहरुमा ६ वटा पखेटाहरु थिए र परमेश्वरको सिंहासनको नजिक थिए ।

तिनीहरुले परमेश्वरको सिंहासनमा उहाँको सेवा गरेको हामीले देख्न सक्छौं । तिनीहरुमध्ये एकजनाले वेदिबाट जिउँदो कोइला लिए र यशैयालाई अधर्म र पापबाट शुद्ध पार्न उनको मुख छोए (यशैया ६:६-७)। तिनीहरु परमेश्वरको आगोमा चलेका थिए जसले शुद्ध गर्नलाई सेवा गर्‍यो, त्यसैले तिनीहरुको नामको अर्थले हामीलाई आगो भित्र भएको पात्रको बारे बताउँछ ।

२.) **करुबहरु (CHERUBIM) (उत्पत्ति ३:२४):** यो शब्द केरुब KERUB वा कुइरुब QUERUB शब्दबाट आएको हो । करुबिमहरुका चारवटा पखेटाहरु छन् (इजकिएल १:६, ११), र स्वर्गिय पदानुक्रममा दोस्रो स्थानमा छन् । इजकिएल १० मा यिनीहरुको बारे छलफल गरिएको छ, र हामीले यसलाई प्रभुको सराफहरुलाई प्रभुको सिंहासनमाथि देख्दथ्यौं भने करुबहरु चाहिँ सिंहासनको मुलि थिए र परमेश्वरको महिमा तिनीहरुमाथि थियो ( इजकिएल १०:१, १९)। उनीहरुको मुख्य काम पखेटाले ढाकि सुरक्षा दिने काम थियो (इजकिएल २८:१६)। हामीले महा पवित्र स्थानको पर्दामा (प्रस्थान २६:३१) यहि करुबहरुको बुट्टा भरिएको देख्न सक्छौं, यसको मतलब उनीहरु आयामी ढोकाको संरक्षक थिए । उनीहरु गोप्य कुराहरुको संरक्षक थिए (इजकिएल २८:१४), त्यसैले दानियल भन्दा शैतानलाई बुद्धिमानी भनिन्छ र कुनै रहस्य तिनीबाट लुकेको थिएन (इजकियल २८:३)। हामीले यिनीहरुलाई मन्दिरमा खोपिएको देख्न सक्छौं (१ राजा ६:२९) र जीवनको रुख पुग्ने ठाउँमा रक्षा गरेको देख्न सक्छौं (उत्पत्ति ३:२४)।

३.) **प्रधान दूतहरु (ARCHANGELS) (यहुदा १:९):** स्ट्रङ कन्कर्डेन्स्को पुस्तक अनुसार प्रधान दूतको अर्थः महादूत, शासक, नियम हो । परिभाषा अनुसार यिनीहरु मुख्य स्वर्गदूतहरु हुन् । मिखायल एक प्रधानदूत र योद्धा थिए, उनका जिम्मामा स्वर्गदूतहरु थिए र परमेश्वरको लडाई गर्ने जिम्मा पाएका थिए, बाइवलले इजरायलका छोराछोरीहरुको हेरचाह गर्ने राजकुमारको रुपमा बाइवलले बताउँछ (दानियल १२:१)। यसको मतलब, उहाँले हामीलाई पनि हेरचाह गर्नुहुन्छ किनभने हामी परमेश्वरको आत्मिक इजरायल हौं । उनीहरुको पद करुबहरु भन्दा तल छ, उनीहरुको दुई पखेटाहरु हुन्छन्, यहि कारणले गर्दा शैतान एक पतित प्राणी भएता पनि उनी एक करुब पनि हुन् र बाइवलले बताउँदछ कि, मिखायलले त्यहि शैतानी करुबसँग मोशाको शरीरको लागि झगडा गरेका थिए, उनले विवाद गर्दा त्यसलाई निन्दापूर्ण श्राप दिने हिम्मत गरेनन्, तर "प्रभुले तँलाई हप्काउन्" भने ।

४.) **स्वर्गदूतहरु (ANGELS) (उत्पत्ति १६:७):** स्ट्रङको स्पेनिश पुस्तक अनुसार स्वर्गदूतको अर्थ भनेको : समाचार लिएर आउनु, सन्देशवाहक, आत्मिकीपन, स्वर्गदूतद्धारा मिलाप, गोठालो - सन्देशवहाक, दूत । उनीहरुको नामले उनीहरु सन्देशवाहक हुन्, तर परमेश्वरले उनीहरुलाई उहाँको मानिसहरुको –सेवकाई गर्नलाई प्रयोग गर्नुहुन्छ (दानिएल ९:२१-२२), दर्शनहरुको व्याख्या गर्नुहुन्छ (दानिएल ८:१६)। असल सुसमाचार घोषणा गर्नुहुन्छ (लूका १:१९)। उनीहरुको कुनै पखेटाहरु हुँदैन, त्यसैले उनीहरु प्रकट हुन भने बढि सम्भव छ (हिब्रू १३:२)।

शैतानलाई परमेश्वरले चम्किलो ताराको रुपमा सृष्टि गर्नुभयो, बिहानको पुत्र (यशैया १४:१२), एक स्वर्गदूत जो पदानुक्रमअनुसार सुरक्षा गर्ने करुब हुनुहुन्छ (इजकियल २८:४)। तारा भनिने शब्द (जेइलेल) JEILEL शब्दबाट आएको हो जुन प्रतिभाशाली अर्थमाः बिहानको ताराः तारा भनिएको हो । तर तिनको पतन पछि ठ्याक्कै उनी त्यसको उल्टो भए, किनकी उनी यस संसारको राजकुमार भनी हामी चिन्दछौं (यूहन्ना १४:३०) र तिनी हाम्रो शत्रु हो । लुसिफर कहाँ थियो र उनी कसरी खसे भन्ने बारे हामी अध्ययन गर्नेछौं ।

**१.) परमेश्वरको पर्वतदेखि अदनसम्म (इजकिएल २८:१३-१४):** लुसिफर, जो बिहानको तारा थिए, उसलाई त्यहि आदम भएको बगैँचामा राखिएको थियो र आदमसँग ईर्ष्या गर्दथ्यो, त्यसैले उसले आफैलाई सर्पको रुपमा आदमलाई पतन गर्न प्रस्तुत भए र यसमा उ सफल भए तर (हिब्रू २:१६) ले भन्छ, साँच्चै नै उहाँले स्वर्गदूतहरुको होइन, तर अब्राहामका सन्तानको वास्ता गर्नुहुन्छ। आदम र तिनकी पत्नीलाई परमेश्वरले अस्विकार गरेको र प्रभुबाट टाढा भएको शैतानले चाहन्थ्यो, तर परमेश्वरले मुक्तिदाताको प्रतिज्ञा गर्नुभयो (उत्पत्ति ३:१५) र तिनीहरुलाई छालाको लुगामा पहिराउनुभयो (उत्पत्ती ३:२१)।

त्यसैकारण शैतानले हामीलाई घृणा गर्छ, किनकी हामीसँग पदानुक्रमको प्रतिज्ञा गरिएको छ, जुन शैतानसँग कहिल्यै थिएन, (प्रिय पुत्रको दुलही र उत्तराधिकारीको रुपमा)

**२.) अदनको बगैँचादेखि स्वर्गसम्म (यशैया १४:१२-१४):** हामीले यो कुरामा ध्यान दिनुपर्छ कि, रातारात कोहि पतन हुँदैन। जसरी कुनै प्रक्रियामा मानिस बढ्ने गर्छ भने त्यस्तै पतन हुने प्रक्रिया पनि हुन्छ, जसमा पतन नहोउन्जेलसम्म आफैलाई बेवास्ता गर्छ। बिहानको पुत्र, चम्किलो ताराले आफ्नो हृदयमा सोच्न थाल्यो र उसले यो कसरी गर्ने भनेर योजना गर्न थाल्यो र धर्मान्तरण गर्न निस्क्यो र एक तिहाइ स्वर्गदूतहरुलाई विश्वास दिलायो (प्रकाश १२:४)। यसको मतलब उसलाई पश्चाताप गर्न समय दिइएको थियो, तर उसले गरेन र परमेश्वरले ताडना दिनुभयो। त्यसैले हामी निरन्तर डराउन र हाम्रो हृदयको मनसाय जाँच्न आवश्यक छ किनभने मानिसको हृदय सबै कुराहरु भन्दा छली हुन्छ (यर्मिया १७:९) र हामीले खराब नियतहरुलाई हाम्रो जिवनमा आउन र बढ्न दिइरहेका हुन सक्छौँ, यदि हामीले यी कुराहरुलाई हाम्रो दिमाग र हृदयबाट उखेल्न सकेनौँ भने हामी यसले शैतान जस्तै पतन हुन अगाडि बढाउँछ।

**३.) स्वर्गदेखि स्वर्गसम्म (एफिसी २:२):** शैतानले हाल स्वर्ग क्षेत्रबाट आफ्ना सेनाहरुसँग पाप र विद्रोह गर्न परमेश्वर विरुद्ध काम गरिरहेको छ, जसमा हामीले परमेश्वरको पूरा हात हतियार धारण गर्नुपर्दछ (एफिसी ६:११-१२)। शैतानले परमेश्वरसँगको लडाईमा जित्न खोजेको होइन, किनकी, सर्वप्रथम परमेश्वरसँगको लडाई कसैले पनि जित्न कल्पना गर्न सक्दैन किनकी कोशिस गर्न भन्दा अगाडि नै उ नष्ट हुन्छ, दोस्रो कुरा उसलाई पहिले नै दण्ड दिइएको छ र यदि कुनै खीष्टयानलाई पतन गराउँछ भने, उसलाई यसले केहि फरक पार्दैन किनकी उ आगोको भट्टीको पोखरीमा जानेछ (प्रकाश २०:१०)। तर हामी महिमामा जाने कुरा त्यसले सहन सक्दैन, र उ अनन्तको विनाशमा एक्लै जान चाहदैन।

**४.) संकटको घडिमा, स्वर्गबाट फ्याकिनेछ (प्रकाश १२:७-११):** त्यसका लागि यी सात वर्षको दोस्रो भागलाई महान् संकष्ट भनिन्छ, किनभने शैतान ठूलो क्रोधको साथ तल ओर्लन्छ, किनकी उसँग थोरै समय बाँकी भएको उसलाई थाहा हुन्छ। संकष्ट भएको बेला खीष्टयानहरुका लागि ठूलो पिडा र सतावटको समय हुनेछ किनभने, खीष्ट विरोधिले उनीहरु विरुद्ध लड्नेछ र पराजित गर्नेछ, अर्थात्, त्यसले उनीहरुलाई शारिरीक रुपमा मार्नेछ, तर उनीहरु भने बचाइनेछ किनकी उनीहरुले आफ्नो विश्वासलाई नभई विश्वासको खातिर आफ्नो जीवन त्यागे (प्रकाश २०:४)।

**५.) त्यो पृथ्वीदेखि शिओल (चिहानसम्म) खस्नेछ, जहाँ किराहरुको ओछ्यान र कम्बल त्यसलाई पर्खिरहेको हुन्छ (यशैया १४:९-१५):** शैतानलाई बाहिर निकालिनेछ र शिओलमा ढालिनेछ। शिओल भनिने शब्द हिब्रू शिओल (SHEOL H7585) बाट अनुवाद गरिएको छ जसको अर्थ मृतकको ठाउँ हो, तर यसको केहि प्रभागहरु छन्, ती मध्ये एउटा नरक हो, र अर्को चाहिँ अतल कुण्ड/पाताल हो। नर्क भनेको नयाँ गरी नजन्मिएका लागि हो, जहाँ अन्तिम न्याय नहोउन्जेल उनीहरु हुनेछ।

**६.) शिओलदेखी अतल कुण्डमा/खाडलमा खसिनेछ (प्रकाश २०:१-३):** जहाँ शैतान एक हजार वर्ष सम्मको लागि बाँधिनेछ। यो महासंकष्टको अन्त्यमा हजार वर्ष सुरुवातमा हुनेछ, जुन शान्तिको शासन हो जहाँ मसिहले (यशैया ३२:१-५) संकष्टका विजेताहरुसँग शासन गर्नेछन् (प्रकाश २०:४)।

हामीले यस भागमा स्वर्गदूतको (सृष्टि भित्रका पदहरुमध्ये सबैभन्दा तल पदानुक्रममा थिए), जसलाई उहाँले बाँध्नु हुनेछ, यसको अर्थ यहि हो, जब कोहि पतन हुन्छ, यसले अधिकार र आत्मिकी पद गुमाउनेछ, यद्यपि, जसले परमेश्वरसँग निष्ठा राख्छ, उसले आत्मिकी संसारमा अधिकार पाउनेछ, अरु उच्च पद भएका पात्रहरुभन्दा पनि माथिल्लो पद दिनुहुनेछ । हजार वर्ष पछि, परमेश्वरले चाहनु भएको कामलाई पूरा गर्न त्यसलाई छोडिनेछ, त्यसले देशहरुलाई महान् युद्धको लागि बहकाउनेछ, र आफ्नो दुष्ट काम पूरा गर्नेछ (प्रकाश २०:७-८)।

**७.) अन्तिममा आगोको तालको भट्टिमा फालिनेछ (प्रकाश २०:७-१०):** जुन त्यसको अन्तिम स्थान हो, जहाँ त्यसलाई सधैंभरी यातना दिइनेछ । लुसिफरलाई विशेष कार्य गर्नको लागि सृष्टि गरिएको थियो : परमेश्वरको कुराहरुको/चिजहरुको सुरक्षात्मक करुब हुन गरिएको थियो, तर दुष्टता र अधर्मले उसको हृदय भरियो, र त्यो शैतान परमेश्वरको शत्रु र तिनका सन्तान बने । सुरुवात देखि नै त्यसले मानिसलाई अनाज्ञाकारितामा डोऱ्याएको थियो, वरिपरि हडपेको थियो, त्यसैले समयसँगै पृथ्वीमा हामी तिर्थयात्री झैँ हौँ, त्यसले मानवता र मुख्यतया परमेश्वरका सन्तानहरुलाई धोका दिने प्रयास (मर्कूस १३:२२), त्यसको अन्तिम र अनन्तको गन्तव्यमा नपुगुञ्जेलसम्म गर्नेछ ।

शैतानको अन्त यसरी नै हुन्छ । त्यसको सुरुवात सुन्दर थियो (परमेश्वरले सबैकुरा गर्नुभएको जस्तै) तर त्यसले आफ्नो हृदय अधर्मले भऱ्यो र त्यसलाई त्यागियो र दण्ड दिइयो । त्यसको त्यस्तो प्रशस्तताको व्यवहारको कारण, तिनी हिंसात्मक भए । आफ्नो व्यक्तिगत महिमाको कारणले गर्दा, त्यसले आफ्नो बुद्धिलाई भ्रष्ट बनायो र त्यसले मानवजातिलाई धोकामा पार्न यसको प्रयोग गरिरहेको छ । उनी आफैँले आफैँलाई हृदयमा उचाले किनकी, त्यसमा सुन्दरता थियो र त्यसले सोध्यो कि अब त्यो परमेश्वरको बराबरीमा छ । हामी पनि यसरी पतन हुन नदिनलाई सचेत रहौँ । हामीले आफ्नो हृदयलाई समालेर राखौँ ताकि, पापलाई हामीसँग नराखौँ र यसले अधर्मी नबनाउन्, किनकी, यसरी नै तिनी चम्किलो तारा भए, बिहानको तारा (पुत्र) अस्ताउन लाग्यो ।

# खीष्टको पुनरुत्थान (CHRIST'S RESURRECTION)

*१ कोरिन्थी १५:३–४*

*किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रुपमा तिमीहरुलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्र अनुसार खीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्र अनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।*

**परिचयः** प्रेरितीय पावलले लेखेका थिए कि, यदि खीष्ट पुनरुत्यान नहुनु भएको भए, हाम्रो विश्वास व्यर्थ हुने थियो र हामी अझैं पापमा हुनेथियौं, तर हामी विश्वास गर्छौं कि खीष्ट बौरी उठ्नुभयो र यसको प्रमाण भनेको हाम्रो परिवर्तित जीवन हो, उहाँ पिताको दाहिने हातमा विराजमान हुनुहुन्छ र हाम्रो लागि उहाँ मध्यस्थता गर्ने पनि हुनुहुन्छ (१ कोरिन्थी १५:१३-२०)। धेरै जना खीष्टयानहरुले भनिएका कुराहरुलाई सामान्य रुपमा लिन्छन् र मिती र दिनहरुको सम्बन्धमा येशूको मृत्यु बारे बर्षौंसम्म विश्वास गर्दछन् तर विश्वास गर्नु अघि हामीले बाइवलीय परिक्षणमा, कानून र गवाहिमा पेश गर्नुपर्दछ । यदि यहि वचन अनुसार उनीहरुले बोल्दैनन् भने, यी कुराहरु उनीहरुमा उदाएको छैन (यशैया ८:२०)। बेरियामा हुनेहरुलाई जब पावलले प्रचार गरे, उनीहरु थेसलोनिकीहरु भन्दा भला थिए, पूर्ण उत्सुक्ताका साथ ग्रहण गरे, तर उनीहरुले हर दिन वचनलाई खोजे ताकि, यी कुराहरु कस्ता हुन् भनी प्रमाणित गर्नलाई खोजे (प्रेरित १७:११)।

प्रभु येशू खीष्टले परमेश्वरको वचनद्धारा प्रलोभन कर्तालाई जवाफ दिनुभयो (मती ४:४,६-७,१०) त्यसैले हामीले उहाँको उदाहरणलाई पछ्याउनुपर्दछ र हामीलाई सिकाइएको सबै कुरा परमेश्वरको वचनद्धारा प्रमाणित गरिनुपर्दछ, ताकि कुनै पनि बाइवलीय झूटा शिक्षामा पतन नहोउन् ।

शैतानले झूट र परम्परालाई प्रयोग गरेर (यूहन्ना ८:४४, मती १५:६), समयलाई परिवर्तन गर्न प्रयास गर्नेछ (दानिएल ७:२५), त्यसले येशूको जन्म, मृत्यु र खीष्टको दास्रो आगमनको दिनहरुलाई परिवर्तन गर्न प्रयास गरेको छ । यसको उद्देश्य भनेको भ्रममा पार्ने (बेबिलोनिकरण गर्ने) र ज्ञानको कमी भएकाहरुलाई कैदि बनाउने हो । त्यसकारण, आदम असफल हुँदा परमेश्वरले प्रश्न सोध्नुभएको थियोः "तँ नाङ्गै छस् भनेर कसले भन्यो ?" (उत्पति ३:११)।

एक पटक येशूले धर्मगुरुहरुलाई भन्नुभयो कि तिनीहरुले धर्मशास्त्रलाई जाँच गरेका छन्, किनकी, तिनीहरुलाई तिनीहरुमा अनन्त जीवन छ जस्तो लाग्थ्योः तर त्यहि धर्मशास्त्र नै उहाँको गवाहि दिएको थियो (यूहन्ना ५:३९)। त्यसकारण धार्मिक परम्पराले वर्षौंदेखि सिकाएको कुरालाई विश्लेषण गर्न जरुरी छ, र सत्यबाट टाढा हट्नु हुँदैन । यस सम्बन्धमा उनीहरुले समातेको थेसिसलाई हेर्नेछौं :

**१.) येशूको मृत्यु र पुनरुत्थानको बारे गलत थेसिस :** विश्वासीहरु माझ धेरै विवाद उत्पन्न गराउने घटनाहरु मध्ये एक घटना प्रभु येशू खीष्टको मृत्यु र उहाँको बौरी उठाई बारे हो । सामान्य अवधारणा भनेको येशू क्रूसमा दिउँसो ३ बजे मर्नुभएको थियो र आईतबार बिहान पुन बौरी उठ्नुभएको थियो, अर्थात् उहाँको मृत्यु २ रात र २ दिन भन्दा कम थियो । परम्परागत आधारित लेखिएका थेसिस निम्न पाठहरुमा छ, हामी यसलाई विश्लेषण गर्नेछौं :

*लूका २३:५३-५४ उहाँको लाश तल झारेर मलमलको कपडामा लपेटे, र चट्टानमा कपेर बाएको एउटा चिहानमा राखे, जहाँ कहिल्यै कोहि राखिएको थिएन । त्यो तयारीको दिन थियो, अनि शबाथ शुरु हुनै लागेको थियो ।*

भोलिपल्ट शनिबार भएकोले शुक्रबार प्रभुको मृत्यु भएको भनाई उनीहरुको रहेको छ । त्यसपछि, पुनरुत्यानको लागि, भने निम्न पाठमा उनीहरु आधारित छन् :

*मर्कूस १६:९ हप्ताको पहिलो दिनको बिहानै उहाँ जीवित भई उठ्नुभएपछि उहाँ पहिले मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो । तिनीबाट येशूले सात भूतहरु निकाल्नुभएको थियो ।*

उनीहरुले भनेका छन् कि प्रभु आईतबार बिहान उठ्नुभयो । यद्यपि, माथि उल्लेख गरिएका यी दुई संस्करणहरु यस पदको उत्तम अनुवाद होइनन्, हामीले सबै संस्करणहरु पढ्नुपर्छ र बाईवलले वास्तवमा के भन्छ भनेर बुझ्नको लागि बाईवलको सन्दर्भलाई विश्लेषण गर्नुपर्छ । अन्य संस्करणहरुले यसरी बताउँछ :

*मर्कूस १६:९ र बौरी उठिसक्नुभएपछि, हप्ताको पहिलो दिनमा, येशू पहिले मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो ।*

*मर्कूस १६:९ येशू पुनरुत्थान हुनुभएपछि, हप्ताको पहिलो दिन सबेरै, उहाँ पहिलो पटक मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो .....*

यी अनुवादहरुमा हामी देख्छौं कि आईतबार बिहान हुनु अघि, प्रभु पहिले नै बौरिनुभएको थियो । यदि उनीहरुको थेसिस सत्य भएको भए, प्रभु आफैले दिनुभएको भविष्यवाणि पूरा हुने थिएन :

किनकी जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ । (मत्ती १२:४०)

उहाँले आफ्नै शरीरलाई केन्द्रित गर्दै भन्नुभयो "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खडा गर्नेछु" ( यूहन्ना २:१९-२१)।

उहाँको मृत्युको दिन र समय निर्धारण गर्नलाई पहिलेको अघिल्लो घटनाहरु हेर्नेछौं :

**क.) निस्तार चाड (लेवी २३:५-८):** निसान १४ (ग्रेगोरियन क्यालेन्डर अनुसार मार्च र अप्रिलको बिचमा) मनाइने गर्दछ । यो चाड भेडाको थुमाको बलिदान गरेर सुरु भएको थियो र त्यहि हप्ता महान् शबाथ (ग्रीकमा सब्बाटोन SABBATON ) दिन मनाइन्थ्यो किनकी, इस्तरको कारण र बिश्रामको साप्ताहिक दिनबाट स्वतन्त्र भएको थियो (शबाथ)। निस्तार चाड दुइ मध्य दिउँसोको बिचमा मनाउनु पर्नेथियो (प्रस्थान १२:६, लेवी २३:५, गन्ती ९:३)। यसको मतलब प्रभ बुधबार दिउँसो तीन बजेको नवौं घण्टामा मर्नुपर्ने थियो, र उनीहरुले अर्को दिनको लागि तयारी गरिरहेका थिए (बिहिबार), जुन महान् शबाथ थियो, यूहन्ना १९:३१ मा हेर्दा यो देख्न सक्छौं कि, " त्यो दिन तयारीको दिन थियो । यसकारण यहूदीहरुले शबाथमा (विशेष गरी यस शबागमा जुन चाहिँ महत्वपूर्ण थियो) मृत शरीरहरु क्रूसमा नरहून् भनी पिलातसलाई बिन्ती गरे, र तिनहिरुका खुट्टा भाँचेर तिनीहरुका शरीर लगिउन् भनी माग गरे ।

**ख.) शबाथ दिनको तयारी :** शुक्रबार दिउँसोको समयमा यहूदिहरुले शबाथ दिनको तयारी गर्थे र हुन्थे, त्यसैले महिलाहरुले प्रभुलाई अभिषेक गर्न आफ्नो सुगन्धित थरीका बासनामय सामग्रीहरु ल्याउन सकेनन् ।

**ग.) पुजहारीत्वको परिवर्तन (लूका १:५-८, ३६:१, १ इतिहास २४:७-९):** दाउदको राज्यमा, पुजहारीहरुलाई २४ पालीहरुमा विभाजन गरिएको थियो, जुन एक हप्ता सम्मको लागि पालैपिलो सेवा गर्थे, शबाथको सुरुको समयमा, बाहिर निस्किने पूजहारीले बिहानको बलिदान दिन्छ र भित्र आउने पूजहारीले साँझको बलिदान दिँदछः प्रत्येक हप्ताको सेवाको लागि गर्नुपर्ने काम चिट्ठाद्धारा तय गरिन्थ्यो (१ इतिहास २४:१-१९, २ इतिहास २३:८, लूका १:५,९ (फौस्सेट शब्दकोश)। पूजहारी परिवर्तन हुने समयमा प्रभु मर्नुभयो र फेरि जिवीत हुनुभयो ।

**घ.) हिब्रू र रोमन समय :** इजरायलका मानिसहरुको तालिकामा, दिनलाई १२ घण्टामा विभाजन गरिएको छ ( यूहन्ना ११:९, मत्ती २०:३-७), तेस्रो घण्टालाई उल्लेख गरिएको छ जुन बिहान ९ बजे अनुरुप छ (प्रेरित २:१५), छैटौं घण्टा, दिउँसो मध्यान्ह १२ बजे थियो (प्रेरित १०:९), नवौं घण्टा, दिउँसो ३ बजे थियो (प्रेरित ३:१)। रोमीहरुको आफ्नै फरक क्यालेन्डर र समय थियो, जब यूहन्नाले सुसमाचार लेखे, उनले रोमन समयलाई प्रयोग

गरेका थिए किनकी, त्यतिबेला आफ्नो समयमा यो सामान्य प्रयोगमा थियो । (होरा को अर्थ, निश्चयता, परिभाषित, अपरिवर्तनिय, निर्विवाद हो, यसले हामीलाई यथार्थ समयको बारे बताउँछ)।

२.) **येशूको मृत्यु र पुनरुत्थानको सत्यताः** प्रभुले भन्नुभयो, मानिसको पुत्रलाई अन्यजातिहरुको हातमा सुम्पिइनेछ, जसले उहाँलाई मार्नेछ तर तेस्रो दिनमा भने बौरी उठ्नुहुनेछ (मत्ती १७ः१२,२२-२३)। धर्मिकहरुले प्राप्त गर्ने एक मात्र चिन्ह जुन योना अगमवक्ताको चिन्ह हुनेछ जसले तीन दिन र तीन रात पृथ्वीको हृदयमा बिताए (मत्ती १२ः३८-४०)। योना अगमवक्ताको पुस्तक १ः१७ मा योम (YOME) भनिने हिब्रू शब्द, २४ घण्टाको समय हो, तीन दिन र तीन रात भन्नाले ७२ घण्टा हो र यसले यसको कुरा गरिरहेको छ । उत्पत्ती १ः५ ले हामीलाई बताउँछ : परमेश्वरले उज्यालोलाई "दिन" र अँध्यारेलाई "रात" भन्नुभयो । साँझ पऱ्यो र बिहान भयो– पहिलो दिन । तनि दिन र तीन रात भनेको ७२ घण्टाको कुल अवधिलाई यसले हामीलाई स्पष्ट बनाउँदछ ।

प्रभु येशूलाई हप्ताको पाचौँ दिन (बुधबार) क्रूसमा टाँगिएको थियो, महान् शबाथ दिनभन्दा ठिक एकदिन अगाडि ( Gr.3173 MEGAS) जुन पहिलो महिनाको १४ औं दिनमा मनाइन्थ्यो, अर्थात् वार्षिक रुपमा निसान महिनामा मनाइन्थ्यो (लेवी २३ः५)। निस्तार चाडको कारण (यूहन्ना १९ः३१), येशू तेस्रो दिनमा उठ्नुभयो (मत्ती १६ः२१, मर्कूस १०ः३४), अर्थात् साप्ताहिक शबाथ वा विश्रामको दिन (शनिबार) दिउँसो तीन बजे मनाइएको थियो ।

हिब्रू समय र रोमी समयः एक दिनलाई १२ घण्टामा विभाजित छ (यूहन्ना ११ः९, मत्ती २०ः३-७) बुधबार देखी बिहीबार, बिहीबार देखी शुक्रबार र शुक्रबार देखी शनिबार, अर्थात् २४ घण्टा + २४ घण्टा + २४ घण्टा = ७२ घण्टा ।

१३ औं दिन निसान/चौथौं दिन/बुधबार/ उहाँ नवौं घण्टामा मर्नुभयो र त्यहि दिन उहाँलाई गाडियो । जुन दिन उनीहरुले इस्टर मनाएका थिए ।

१४ निसान/पाचौं दिन/बिहीबार/महान् शबाथ (निस्तार चाड पछिको वार्षिक उत्सव र अखमिरी रोटीको चाडको सुरुवात)। यूहन्ना १९ः३१-३३

१५ औं निसान/छैटौं दिन/शुक्रबार/तयारी हुने दिन (साताको दिन आराम गर्नु अघि)

१६ औं निसान/सातौं दिन/शनिबार/साप्ताहिक शबाथ, विश्रामको समय नवौं घण्टामा सुरु हुन्छ, यहि घडि पुजहारी परिवर्तनको समय पनि हुदँछ ।

१७ औं निसान/पहिलो दिन/आईतबार/हप्ताको पहिलो दिनमा नै पुनरुत्थान हुनुभयो, मरियम र अन्य महिलाहरु आईतबार बिहान चिहानमा पुगेका थिए ।

**३.) पछिल्ला दिनका घटनाहरुको क्रम**

क.) इष्टरको दुई दिन गायब भएको (मत्ती २६ः१ः मर्कूस १४ः१ः यूहन्ना १३ः१)ः परिषद भित्र परिपदले पनि येशूलाई कसरी छलसित पक्रने र मार्ने भनी मतो गरे । प्रभु यरुशलेममा गधामा सवार भई प्रवेश गर्नुभयो, ताकि अगमवाणी पूरा भएको होस् (मत्ती २१ः५-७)। उहाँ बेथानियामा अभिषेक हुनुभयो ( जैतूनको डाँडाबाट तीन किलोमिटर पर यो ठाउँ थियो) (मत्ती २६ः६, मर्कूस १४ः३)। येशूको घेराबन्दी सुरु हुन्छ र फरिसीहरु, हेरोदयनहरु, सदुकिहरु र शास्त्रीहरुको जाँच गरिन्छ (लूका १९)। यहूदाले येशूलाई सुम्पन प्रस्ताव गर्छ (मत्ती २६ः१४, मर्कूस १४ः१०, लूका २२ः२, यूहन्न १३ः२)।

ख.) हप्ताको तेस्रो दिन (मङ्गलबार) निस्तार चाड (मत्ती २६ः१९-२०)ः उनीहरुले माथिल्लो कोठामा निस्तारको पाठो खाए । (मत्ती २६ः१७-२०, मर्कूस १४ः१२, लूका २२ः७)। उहाँले चेलाहरुको खुट्टालाई धुनुभयो (यूहन्ना १३ः१)। उहाँले पवित्र प्रभु भोजको स्थापना गर्नुभयो (मत्ती २६ः२६, मर्कूस १४ः२२, लूका २२ः१९)। उनीहरुले भजन गाए (मत्ती २६ः३०, मर्कूस १४ः२६), पत्रुसले ३ चोटि गर्ने इन्कारको भविष्यवाणी उहाँले गर्नुभयो (मत्ती २६ः३१, मर्कूस १४ः२७, लूका २२ः३१)। उहाँ गेत्समनीको बगैंचामा

प्रार्थना गर्न जानुभयो (मत्ती २६:३६, मर्कूस १४:२६, लूका २२:३९, यूहन्ना १८:१)। येशूको गिरफ्तार भयो (मत्ती २६:४७, मर्कूस १४:४७, लूका २२:४७, यूहन्ना १८:३)। हन्नास कहाँ लगियो (मत्ती २६:५७, मर्कूस १४:५३, लूका २२:५४, यूहन्ना १८:१२)।

ग.) हप्ताको चौथो दिन (बुधबार) बिहानै तिनीहरुले उहाँलाई कैयाफाको घरमा लगे (लूका २२:६६, यूहन्ना १८:२८): छैटौं घण्टाको समयमा (रोमी समय ६:०० बजे) तिनीहरुले प्रभुलाई पिलातसकहाँ लगे, उहाँ गालीलबाट हुनुभएकोले हेरोदकहाँ उनले पठाए (मत्ती २७:१, मर्कूस १५:१, लूका २३:१, यूहन्ना १८:२८)। हेरोदले उहाँलाई पिलातसकहाँ फर्काइदिन्छ, र उहाँलाई क्रूसमा टाँग्नको लागि सुम्पिदिन्छ (लूका २३:७, यूहन्ना १९:१४)। उहाँलाई तेस्रो घण्टाको समयमा क्रूसमा टाँगियो (९:०० बिहान) (मर्कूस १५:२५)। बिहानको छैटौं घण्टाको समय देखि नवौं घण्टाको समयसम्म अन्धकार भयो र उहाँ नवौं घण्टाको समयमा (३:०० बजे दिउँसो) मर्नुभयो (मत्ती २७:४५, मर्कूस १५:३३, लूका २२:४४)।

पिलातसबाट आरिमाथियाका युसुफ र निकोदेमसद्धारा उनको शरीर गाड्नको लागि अनुरोध गरिएको थियो (मत्ती २७:५७, मर्कूस १५:४२, यूहन्ना १९:३८-४१, लूका २२:५२, यूहन्ना १८:३८)। आरिमाथियाको युसुफले मलमलको कपडा किनेका थिए (मर्कूस १३:४६)। निकोदेमसले १०० पाउण्ड जति मूर्र र एलवा मिश्रित द्रव्य लिएर गएका थिए (यूहन्ना १९:४०)। यसरी उनीहरुले येशूको शरीरलाई सूतीको कपडामा बाँधे, बासनामय द्रव्यद्धारा अभिषेक गरे र चिहानमा राखे (मत्ती २७:५९, यूहन्ना १९:४०)।

घ.) हप्ताको पाचौं दिन (बिहीबार) महान् शबाथको बिदा थियो (लेवी २३:५, मर्कूस १६:१, यूहन्ना १९:३१)। अखमिरी रोटीको पहिलो दिनमा, कुनै पनि मामूली काम गर्न निषेध गरिएको थियो ।

ङ.) हप्ताको छैटौं दिन (शुक्रबार) तयारी दिन (हरेक शबाथ हुनुभन्दा अघिको प्रचलन (मत्ती २७:६२)। महिलाहरुले मसला किन्थे (मर्कूस १६:१)। उनीहरुले सुगन्धित थरीका तेल र लेप तयार गर्दथे (लूका २३:५४-५६)। धर्मगुरुहरुले पिलातसलाई चिहानमा पहरा दिनलाई आग्रह गरे (मत्ती २७:६२-६६)।

च.) हप्ताको सातौं दिन (शनिबार), शबाथ । महिलाहरुले शबाथमा आराम गर्दछन् (लूका २३:५६)। नवौं घण्टाको समयमा, हाम्रो प्रभु येशू ख्रीष्ट मृत्युबाट बौरी उठ्नुभयो । पुजहारीको कार्यतालिका यो समय परिवर्तन हुन्थ्यो र लेवीका पुजहारीबाट मल्किजेदेक पुजहारीत्वमा परिवर्तन हुन्थ्यो र यसको साथै मोशाको व्यवस्थाबाट स्वतन्त्रताको व्यवस्थामा परिवर्तन भयो, त्यसकारण मन्दिरको पर्दा माथिदेखि तलसम्म च्यातियो (मत्ती २७:५१), जसले महापवित्रस्थानमा जानको लागि अनुग्रहबाट प्रवेश गर्न खुला गरियो ।

छ.) हप्ताको पहिलो दिन (आईतबार), जुन समय महिला र चेलाहरुसँग प्रभु देखा पर्नुभयो, मरियम मग्दलिनी र उनको साथीहरुले बौरी उठ्नुभएको प्रभुलाई देखे (मत्ती २८:७-१०)। मरियम मग्दलिनी याकूबकी आमा मरियम र सलोमी बिहानै चिहानमा (मर्कूस १६:२) गएका थिए । महिलाहरु चिहानमा आइपुग्दा ढुङ्गा हटाएको भेटाए (लूका २४:२)। मरियम मग्दलिनी बिहान सबेरै अँध्यारो छँदै चिहानमा आएकि थिइन् (यूहन्ना २०:१)। पहरादारहरुको रिपोर्ट र घुसखोरी भएको थियो (मत्ती २८:११-१५)।

सबैभन्दा जान्नुपर्ने महत्वपूर्ण कुरा यो हो कि येशू मर्नुभयो र मृत्युबाट बौरी उठ्नुभयो, हाम्रो शारीरीक मृत्यु र दोस्रो मृत्युको ठाउँमा मर्नुभयो ताकि हामी मध्ये कोहि पनि अन्तिम दण्डमा नपुगोस् भनी उहाँ मर्नुभयो (एफिसी २:१-१०)। हामीले हाम्रो जीवनको हरेक अवस्था र चलनहरु बाईवलीय जाँचमा लगाउनुपर्छ ताकि मानिसहरुले यसलाई पछ्याउन्, प्रेरित पावलले प्रभु येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानलाई उल्लेख गर्दै, "धर्मशास्त्र अनुसार" भनेका छन् किनभने यो मसिहको बारे लेखिएका सबै कुराहरु ख्रीष्टमा पूरा हुन आवश्यक थियो ।

# सृष्टिहरु (THE CREATIONS)

*कलस्सी १:१६*

*किनकी उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरु, चाहे सिंहासनहरु, चाहे प्रभुत्वहरु, चाहे प्रधानताहरु, चाहे अधिकारहरु, सबै थोक उहाँद्धारै र उहाँकै निम्ति सृजिएका हुन् ।*

**परिचयः** ब्रह्माण्डहरुको सृष्टि सुरु गर्न भन्दा अघि, सबै ठाउँ परमेश्वरले ओगट्नु भएको थियो, त्यो समयमा सबै कुरा परमेश्वर हुनुहुन्थ्यो, सबै कुरा जो उत्पत्ती वा सृष्टि भएको थियो ती कुराहरुलाई परमेश्वरलाई जस्तै मानिनुपर्थ्यो होला । सायद पछि हट्नुपर्थ्यो होला, यसको मतलब, सृजनात्मक चक्र आफै सुरु हुन्थ्यो होला, जुन ठाउँहरु परमेश्वरले ओगटेको ठाउँ छोड्नुभएको भए तत्व वा पदार्थ निस्कन्थ्यो होला र त्यहाँ सबै चिजहरु सिर्जना हुन्थ्यो होला । परमेश्वरको उद्देश्य भनेको संसारलाई बनाउनु र लिनु हो र मानिसहरुलाई शून्यताबाट बासस्थान दिनु हो, जुन ठाउँ उहाँले खाली राखी छोड्नुभएको ठाउँलाई परमेश्वरको सृष्टिहरुले प्रयोग गरे । परमेश्वरले सृष्टि गर्नुहुने सबै कुराको जाँच गर्नुहुन्छ, उहाँको सृष्टि सधैँ शुद्ध थियो, उहाँ आफैँले वचनको बारे बताउनुभयो, जसले उहाँको इच्छा र उहाँको आज्ञाहरुको बारे बताउँछ । यसमा थप्नुपर्दा, परमेश्वरले निर्णय गर्ने क्षमता तिनीहरुलाई प्रदान गरेर स्वतन्त्र इच्छा दिनुभयो । यसकारण, धेरै प्राणीहरु परमेश्वरको विरुद्ध गए तिनीहरुको विरुद्धमा न्यायको आदेश दिनुभयो किनकी, उनीहरु अनाज्ञाकारी थिए । परमेश्वरले कानुन सिकाउनुभन्दा अगाडि उहाँको कानून उल्लंघन गरी कहिल्यै पनि न्याय गर्नुभएन । ईश्वरको अपरिहार्य सृजनात्मक शक्ति थाहा पाएर, कसैले बुद्धिमान सृष्टि मानवको बारे मात्र बोल्न सक्दैन, तर उहाँसँग अन्य सृष्टिहरु छन् जसमा उहाँले ब्रह्माण्डलाई भरिदिनुभएको छ । हरेक सृष्टिसँग परमेश्वरको उद्देश्य रहेको हुन्छ । त्यसैकारण पृथ्वीको जग बस्न अघि धेरै पहिले मानिसको सृष्टि एक परिभाषित योजनामा थियो । प्रभुले हाम्रो कमजोरीहरु जान्नु भए ता पनि, उहाँको पुत्र येशू ख्रीष्टद्धारा हाम्रो उद्धारको बारेमा सोच्नुभएकोले हामी आभारी हुनुपर्छ (रोमी ८:२९-३०, एफिसी १:११-१२)

येशू ख्रीष्टले आफ्नो पिताले काम गर्नुभए भैँ काम गर्नुभयो, र यसैकारण उहाँले बनाउन जारी गर्नुभयो । जब हामीले सृष्टिको बारेमा कुरा गर्छौं, हामीले एउटा र अर्को सृष्टि बिच अध्ययन गर्नुपर्छ, त्यहाँ अनिश्चित समयको कमी हुन सक्छ, जसलाई आइओन (AION) भनिन्छ जुन ग्रिकबाट अनुवाद गरिएको छ, जसले अनिश्चित कालको अवधिलाई जनाउँछ, सँगै अवधिभन्दा पनि समयको विशेषतालाई जनाउँछ (strong G165)। उदाहरणका लागि, उत्पत्ती १:१ ले भन्दछ, " आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" त्यसपछि १:२ पदमा "पृथ्वी आकारबिनाको र शून्य थियो" भन्ने कुरा देख्छौं, यी वाक्यांशहरुले हामीलाई उत्पत्ती १:१ र २ बिच नियाल्न लगाउँछ, त्यहाँ एउटा आइओन देख्न सक्छौं, एक अनिश्चित अवधिको समय, मौन । साथै पुरानो र नयाँ करारको बिचमा पनि अर्को आइओन AION रहेको छ ।

**१.) करुबनिक वा स्वर्गदूतको सृष्टि (उत्पत्ती १:१-२)ः** परमेश्वरले ब्रह्माण्ड सृष्टि गर्नुभयो, संसार सृष्टि गर्नुभयो ( अयूब ९:९) र उहाँको प्राणीहरु त्यस ठाउँमा राख्नुभयो जसलाई उहाले स्वर्गीय पदानुक्रम दिनुभयो, परमेश्वरले पृथ्वी सृष्टि गर्दा तिनीहरु रमाएका थिए (अयूब ३८:७)। परमेश्वरका सन्तानहरुले ब्रह्माण्डमा छरिएका थिए, त्यसैले परमेश्वर परमेश्वरको पनि परमेश्वर हुनुहुन्छ = इलोहिम, सृष्टि गर्न सृष्टि गरिएको पैाणी (भजनसंग्रह ८२:१), प्रभुहरुका प्रभु = सरकार, राजाहरुका राजा = विशिष्ट क्षेत्रहरु । बाईवलले हामीलाई देखाउँदछ कि परमेश्वरले पृथ्वमा बनाउनुभएको यो पहिलो सृष्टि थियो, किनकी बाईवलीय सन्दर्भले परमेश्वर व्यवस्थापनको परमेश्वर हुनुहुन्छ भनी सिकाउँछ, यहि कारणले उहाँले पृथ्वीलाई अव्यवस्थित र खाली बनाउनुभएन (उत्पत्ती १:२), तर बसोबास गर्नलाई बनाउनुभयो (यशैया ४५:१८)। यर्मियाले पनि पृथ्वीलाई अव्यवस्थित र खाली, उज्यालृ बिना, मरुभूमि जस्तै देखेका थिए (यर्मिया ४:२३-२६)। परमेश्वरका सन्तानहरु मध्ये लुसिफर (सुन्दर उज्यालो) लाई सिर्जना गर्नुभयो, जो एक प्रधान दूत मध्येको सृष्टिको प्रकार थियो, र परमेश्वरको पुत्र थियो, यस स्वर्गदूतलाई बिचमा धेरै उपाधिहरु दिइयो : दुई अभिषेकहरुको करुबका रक्षक ।" दुष्ट र अधर्मको तत्वहरुले परमेश्वरको विरुद्ध त्यसको हृदयलाई भऱ्यो

र अन्तत शैतान भयो र परमेश्वरको लागि उपयोगी प्राणी हुन सकेनः लुसिफरले बहुमूल्य पत्थरहरुले भरिएको लूगा प्रधान पुजहारीको रुपमा लगाउथे, तर अधर्मीपनले त्यसलाई फेला पाऱ्यो र बाहिर निकालिनुपऱ्यो । बाइवलले बताउँछ कि त्यसले एक तिहाई स्वर्गदूतहरु लियो र अर्को साम्राज्य बनायो, र त्यसको पतन भयो, त्यसले आफ्नो कैदीहरुलाई छोडेन र पृथ्वीलाई मरुभूमिमा परिणत गऱ्यो (यशैया १४)। परमेश्वरले यहि सृष्टिको जाँच गर्नुभयो र एक तिहाइहरुलाई खसाल्नुभयो (इजकिएल २८:१२-१९, यशैया १४:१२-१७) र तिनीहरु पतित दूतहरु बने । परमेश्वरले स्वर्गदूतिय न्याय पठाउनुहुन्छ (इजकिएल २८ः यशैया १४ः यहूदा १:६), सम्भवतः बाढि मार्फत, त्यसैले उत्पत्ती १:२ मा, पृथ्वी अव्यवस्थित र खाली र ‘‘परमेश्वरको आत्मा पानीमाथि परिभ्रमण गर्नुहुन्थ्यो ।’’ बाढीमा डुबेका पतित दूतहरु विधरित आत्माहरु भए, जसलाई हामी भूतहरु भनेर चिन्छौं, यसकारण तिनीहरुले मानव शरीरमा कब्जा गरी दुष्ट काम जारी राख्न चाहन्छन् । यहि पतन भएको सृष्टि अझैं हाम्रो समयमा उपस्थित छन्, पतित भएकाहरु र शुद्धतालाई सुरक्षित राख्नेहरु दुवैलाई सृष्टि गरिएको थियो । पछि, बाइवलले तिनीहरुलाई परमेश्वरबाट आएको सेवा गर्ने वेवकहरु भन्दछ, तर पतितहरु शैतानको सेवामा र परमेश्वरको सन्तहरुलाई क्षति पुऱ्याउन खोज्दछ ।

२.) **पूर्व आदमिक सृष्टि (उत्पत्ती १:२६-२८):** द हुमनोइड्स् । यो सृष्टि उत्पत्ती १:२७ मा व्याख्या गरिएको छः ‘‘यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरुपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरी उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो ।’’ परमेश्वर भनिने शब्द इलोहिम ELOJIM (H430) भनिने शब्दबाट आएको हो, जसको अर्थः H433 को बहुवचन होः सामान्य अर्थमा देवताहरु, देवीहरु, मजिस्ट्रेटहरु, न्यायधिसहरु, शक्तिशाली जसले परमेश्वरको त्रिएकताको बारेमा उल्लेख गरेको छ । पुरुष शब्दलाई हिब्रूमा जाकार भनिन्छ (ZAKAR H 2145) जसको अर्थः नर, बोका, छोरा, मर्द, लोग्ने हो भने स्त्री शब्दलाई हिब्रूमा नेक्यूबाह (NEQUEBAH H5347) भनिन्छ, जसको अर्थः नारी, कहिला हो । यहि सृष्टिलाई परमेश्वरले सात दिनमा आदेश गर्नुभयो (उत्पत्ती १:१-२७), जहाँ उहाँले आकाश, पृथ्वी, ताराहरु ठूलो प्रकाश र सानो प्रकाश, बिउ भएको हरियो घाँस, फल फलाउने रुखहरु, जनावरहरु, चराहरु, पशुहरु, सरीसृपहरु (सम्भवत्ः इतिहास र विज्ञानले पत्ता लगाएका डायनासोरहरु लाखौं बर्ष जुन पहिले पृथ्वीमा सृष्टि गरिएको थियो) सृष्टि गर्नुभयो, अन्ततः उहाँले मानिसलाई आफ्नो स्वरुपमा सृष्टि गर्नुभयो (उत्पत्ती १:३-२७)। यी मानिसहरुमा ह्युमनोइड (मानवको जस्तो आकार वा विशेषताहरु भएको), जो मानिससँग मिल्दोजुल्दो थियो, पृथ्वीमा अधिकार गर्न जोडीहरुमा सृष्टि गरिएको थियो, उनीहरु पुरुष र महिला थिएन, तर नर (जाकार) र नारी (नक्यूबाह) थिए, यिनीहरु परमेश्वरले पृथ्वीमा सृष्टि गर्नुभएको पशुहरुमाथि शासन गर्ने सक्षम बुद्धिमानी प्राणीहरु थिए । अर्को महत्वपूर्ण विशेषता के छ भने, मानव र जनावरले मासु खाँदैनथिए तर, उनीहरु शाकाहारी थिए (उत्पत्ती १:२९-३०), अहिलेको स्थितीसँग विपरीत थियो । आजकल, विज्ञानले यस सृष्टिको अस्तित्व बारे प्रागैतिहासिक खोजहरु पत्ता लगाएको छ, जुन बाईवलले भनेको कुरालाई पुष्टि गर्छ ।

- मनव कंकालको सिङ र पुच्छर भएको क्षेत्र
- पाटागोनियामा भएको जीवाश्म अवशेषहरुलाई वैज्ञानिकहरुले कम्तिमा पनि १० लाख वर्ष पूरानो बताएका छन् ।
- माचु पिच्छुको (Machu Picchu)इन्का शहर दक्षिणी पेरुको एन्डिज पर्वतमा उच्च निलम्बिन छः यसले दक्षिण अमेरिकामा सबैभन्दा शानदार पुरातात्विक स्थलहरुको गठन गर्छ । मन्दिर र वासस्थानहरुको बाँकि रहेको भागहरुले नहरहरु र झरनाहरुलाई व्यापक प्रणालीमा प्रयोग गर्थे र माचु पिच्छुका बासिन्दाहरुको थोरै मात्र जानकारी रहेको छ, जो महामारीको कारण बेपत्ता भएको हुन सक्छन् अथवा राजनितीक संघर्षको कारणले गर्दा इन्का साम्राज्यको पतन भएर बिर्सेको पनि हुन सक्छ । इन्कार्टा २०१० । Encarta 2010
- मोअै (Moai) मूर्तिहरु, इष्टर टापु (चिली)(Chile)। इष्टर टापु विशाल मूर्तिकलाहरुको घर हो (जसलाई मोअै भनी टापुका बासिन्दाहरुले भन्दथे) र अन्य पुरातात्विक अवशेषहरु भने अज्ञात नै छ । यो टापु दक्षिण अमेरिकाको पश्चिमी किनारामा अवस्थित छ, र चिलीको स्वामित्वमा १८८८ देखि नै रहेको पाइन्छ । टापुमा सय मोअैहरु

बाँकि रहेका छन्, जुन ज्वालामुखिको ढलानमा खोपिएको छ, जसको उचाई तीन र बाह्र मिटरको बिचमा छ । ज्वालामुखिबाट आएको सानो ढुङ्गाको टुक्राहरुबाट त्यसमा खोपिएको छ र लामो नाक र कामको साथ विशाल टाउकोको प्रतिनिधित्व गर्दछ । रानो राराकु ज्वालामुखी पहाडको मुख (क्रेटर) बाट चट्टानमा रहेको मूर्ति उत्खनन गरिएको थियो, जसमा अन्वेषकहरुले २१ मिटर अधुरो मूर्ति भेट्टाएका थिए । गाडिएको ठाउँमा धेरै मूर्तिहरु बेलनकारमा रातो ज्वालामुखी चट्टानको टुक्राको मुकुट लगाएको थियो, जुन २७ टन (२४,४९४ के.जी) सम्मको तौल भएको थियो । इन्कार्टा २०१०। Encarta 2010

- नाज्का लाइन्स् Nazca Lines (Peru) (पेरु)। पेरुमा पर्ने एन्डिज पर्वत सिमाको सुख्खा पश्चिमी पहाडि इलाका स्थित विशाल आयाम र पूर्ण आकारको कलात्मक आंकडा भएको पाइन्छ, जुन सयौं मिटर आकाशतिर फर्किएको छ । यो स्थानको चट्टानमाख उत्खनन गरिउको थियो र नाज्काको जलविहीन मैदान १००० वर्ष भन्दा पहिले एक सभ्यता, जुन शक्तिशाली इन्का साम्राज्यभन्दा पहिले जसलाई नाज्का भनिन्थ्यो, यिनीहरु यहि क्षेत्रमा १०० देखि ८०० वर्ष बिचमा बसोवास गरेका थिए । उनीहरुले पम्पासमा ५०० वर्ग कि.मी भन्दा बढि क्षेत्रफल बिस्तार गरेका थिए र यो केवल हावाबाट मात्रै प्रशंसा गर्न सकिन्छ । सन् १९२७ मा पेरुभियन एभिएटरले पुनःपत्ता नलागुञ्जेलसम्म कुनै पनि आधुनिक मानिसको आँखाले देखेको थिएन, तथ्याङ्कहरुबाट ठूलो चराहरु, फूलहरु, छेपारेहरु र अन्य प्राणीहरु त्यस प्राचिन सभ्यताको लागि महत्वपूर्ण थियो भन्ने कुरालाई जनाउँछ । इन्कार्टा २०१०। Encarta 2010

यो सृष्टि पनि असफल र पतन भएको थियो, र उनीहरुको विरुद्धमा न्याय भयो, जुन दोस्रो प्रलयबाट भयो किनकी, उत्पत्ती २:६ मा, हामीलाई भनिएको थियो कि पृथ्वीबाट खोलाहरु निस्की उठेर समस्त भूमिलाई भिजाउने गर्थे । यी प्राणीहरुले पनि आफ्नो सजाय भोगेका थिए जुन तिनीहरुबाट शरीरहरु खोसियो र अशुद्ध आत्माहरु बने, जो हाल शैतानको सेवकहरु हुन् । दुबै भूत र अशुद्ध आत्माहरुले आफ्नो दुष्टतालाई पूरा गर्न शरीरहरु खोज्ने प्रयास गर्दछ तर हाम्रो परमेश्वर धन्य को हुनुहुन्छ जसले "मुक्तिको रोटी" हामीलाई यी प्राणीहरुबाट स्वतन्त्र पार्न दिनुभएको छ ।

**३.) आदमको सृष्टि (उत्पत्ती २:५-७):** यो त्यो सृष्टि हो जुन ६ हजार वर्षदेखि पृथ्वीमा रहेको छ, यहि परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभयो । यस्तो क्रम बनाउनुभयो जुन परमेश्वरले यो सृष्टि उत्पत्ती १:१ भन्दा धेरै फरक बनाउनुभयो ।

क.) परमेश्वरले आदमलाई जमिनबाट बनाउनुभयो (उत्पत्ती २:७): परमेश्वरले आदमलाई जमिनमा भएको माटोबाट आदमलाई बनाउनुभयो र उसको नाकमा जीवनको सास फुकिदिनुभयो, उसलाई आत्मामा जिवित पार्नुभयो ।

ख.) परमेश्वरले एउटा बगैँचा लगाउनुभयो (उत्पत्ती २:८-१५): परमेश्वरले अदनमा एउटा बगैँचा बनाउनुभयो, जसमा रुखहरु, जडिबुटिहरु र बिचमा असल र खराब ज्ञान दिने रुख थियो, र आदमलाई त्यहाँ राख्नुभयो र यसको हेरचाह गर्ने लगाउनुभयो । यो बगैँचालाई हेरचाह गर्न के गर्नुपर्ने थियो ? परमेश्वरले सधैं आफूले सृष्टि गर्नुभएको कुराको अवशेष छोड्नुहुन्छ (उत्पत्ती १:२४-२७), त्यसैले आदमले मानवीय जातिको अवशेषलाई हेरचाह गर्नुपरेको थियो । परमेश्वरले अघिल्लो सृष्टिमा (ह्यूमनोइड्स्)(Humanoids)मा पठाउनुभएको बाढीबाट बच्न र उहि अवशेष (दास्रो सृष्टि) बाट कयिनले आफ्नी पत्नीलाई लिएका थिए ।

ग.) परमेश्वरले पृथ्वीका सबै जनावरहरु बनाउनुभयो (उत्पत्ती २:१९): पहिलाको सृष्टिभन्दा फरक तरिकाले परमेश्वरले आदमलाई बनाउन अघि जनावरहरु सृष्टि गर्नुभयो । बाईवलले हामीलाई यो सृष्टिका जनावरहरु अघिल्लो जनावरहरु जस्तै बुद्धिमानी, मानव सँग संवाद गर्न योग्यको थियो, हामीले यो कुरालाई यसरी बुझ्न सक्छौं किनभने जब सर्प हव्वाको नजिक पुगे र उनीसँग कुरा गर्दा उनी छक्क परिनन्, डराइनन्, तर कुराकानी भने हुँदै गयो । किनभने उनको लागि जनावरहरुसँग कुराकानी गर्नु भनेको सामान्य थियो, उहाँले सरीसृप बनाउनु भने, त्यसैले जुन सर्पले हव्वासँग कुराकानी गरे, त्यो सर्प पहिलेको सृष्टिबाट आएको थियो (उत्पत्ती ३:१-५)।

घ.) परमेश्वरले हव्वालाई बनाउनुभयो (उत्पत्ती २:२१-२४): सृष्टिमा, परमेश्वरले मानव जातिलाई जोडिको आधारमा सुरुमा बनाउनुभयो, पहिले आदमलाई बनाउनुभयो र उसलाई गहिरो निंद्रामा पारी हव्वालाई बनाउन एउटा करङ निकाल्नुभयो ।

- मानव सृष्टिका विशेषताहरुः आदमलाई प्रभुले बनाउनुभयो (उत्पत्ती २:७), यस शब्दलाई हिब्रू शब्द यहोवा YEHOVAH (H3068) बाट अनुवाद गरिएको हो, जसको अर्थः हुनुहुने वा अनन्त, यहोवा, परमेश्वर हो, सृष्टिलाई बनाउने यहोवा परमेश्वर हुनुहुन्छ जसले मानिसलाई बनाउनुभयो । मानिस भनिने शब्द, हिब्रू शब्दको आदम (H120) बाट आएको हो जसको अर्थ, रातो, मानवीय प्राणी ( व्यक्तिगत, प्रजाति, मानवता) व्यक्ति, पुरुष, आदम, मानिसहरु हो र हिब्रू शब्द (H119) को अनुसार आदम भनेको ब्लड ब्लश, रातो, गोरो, प्रकाश, चमक हो । आदमको सृष्टिमा विचार गर्नुपर्ने केहि पक्षहरु यस प्रकारका छन् :

    १.) मानिसलाई अदनमा राखिनको कारण भनेको पृथ्वीलाई पुनः प्राप्त गर्नलाई हो र अदनमा नयाँ सभ्यताको निर्माण गर्नलाई हो ।

    २.) आदमले आफूभन्दा पहिले संसारको हेरचाह गर्नुपर्नेथ्यो, दुईवटा सृष्टिहरु बिच एउटा पुल थियो र परमेश्वरले उसलाई स्वतन्त्र इच्छा र अन्य सृष्टिसँग सञ्चार गर्ने क्षमता दिनुभयो । यसरी सर्पलाई हव्वा मार्फत मानिसलाई बहकाउन पठाइयो ।

    ३.) मानिसको अनाज्ञाकारिता फलस्वरुप, जुन पृथ्वी विजय हुनुपर्ने थियो, तर यसलाई भने अघिल्लो सृष्टिले घेर्‍यो र पतन गरायो, जसलाई परमेश्वरले तेस्रो परमेश्वरीय अधिनबाट तेस्रो जलप्रलय भयो ।

    ४.) आदमलाई अदनको बगैँचाबाट बाहिर निकालियो, र भूमिमा मिहिनेत गर्नलाई गरियो ।

- आदमको वंशः जब आदम र हव्वालाई अदनको बगैँचाबाट निकालियो, हव्वालेकयिन र हाबिललाई गर्भधारण गर्छिन् (उत्पत्ती ४:१-२)। हाबिल यो पृथ्वीलाई भर्नको लागि सहि व्यक्ति थिए र उसबाट हुने बिउबाट परमेश्वरको बिउको लागि बाटो तयार हुन्थ्यो होला जो खीष्ट येशूको लागि हुन्थ्यो होला, तर कयिनले उसलाई मारे (उत्पत्ती ४:१-८)। हव्वामा वंशीय आधारमा दूषित थियो, जब उनले सर्पको कुराहरु सुनेको कारणले गर्दा, उसले हाबिललाई मार्‍यो र परमेश्वरबाट टाढा भए, र पृथ्वीमा घुमफिर गर्ने डुलुवा भए (उत्पत्ती ४:१३-१६)। सेत अर्को दूषित नभएको बिउ थियो, जुन परमेश्वरले आदम र हव्वालाई दिनुभयो ताकि पृथ्वी भरिउन् र परमेश्वरको पुत्रको बिउ उनीबाट आउन् (उत्पत्ती ४:२५)।
- आदमको सृष्टिको लागि गरिएको योजना : बगैँचालाई हेरचाह गर्ने आदेश पतन भएका प्राणीहरुको कारणले गर्दा थियो (पहिलेका सृष्टिहरु दूषित भएका थिए), जसले मानिसको लागि बनाइएको सृष्टिलाई वशमा राख्न र आफैमाथी हानी गर्न चाहन्थ्यो, जसलाई तिनीहरुले पतन गरे । मानिस पतन हुने अवस्थामा, यी विद्रोहि प्राणीहरु एक छली छवी भएकोले मानिसमा मेल खायो, मानिसहरुका छोरीहरुसँग घुलमिल भयो, प्रेममा पर्‍यो र बिवाह गर्‍यो, हाइब्रिड (वर्ण-संकर) सन्तानहरु पृथ्वीमा हुँदै गयो ( उत्पत्ती ६:१-४) जो विशाल मानिस वा नेफिलिम (गन्ती १३:३३) थिए र हित्तीहरु, जेबुसाइटहरु, पलिश्तिहरु, इत्यादिहरुलाई जन्म दिएर तिनीहरुको जीन परिवर्तन गरे, जो कनानमा बसोवास गर्दथे र इजरायलको दुश्मनीहरु थिए । शैतानले आदमलाई पतित गराउँदा परमेश्वरले उनीहरुलाई श्राप दिनुहुन्छ भन्ठानेका थिए, तर परमेश्वरले उनीहरुलाई सहायता गर्नको लागि निर्णय गर्नुभएको थियो ( हिब्रू २:१६)।

४.) **प्रलय पछिको सृष्टि (उत्पत्ती ८:१-११७: ९:१-७):** नोआ । मानिसहरुको दुष्टता र हृदयमा भएका विचारहरुद्धारा नियमित रुपमा दुष्ट कामहरु गर्न थाले, परमेश्वरले तिनीहरुलाई सृष्टि गर्नुभएकोमा पश्चाताप गर्नुभयो र यस कारणले गर्दा उहाँले पूरा पृथ्वीमा जल प्रलय पठाउनुभयो, र सबै भएका चीजहरु नष्ट पार्नुभयो । नोआ उनको पुस्तामा सिद्ध मानिस थिए (genetics – वंशिय आधार उत्पत्ती ६:९) र परमेश्वरले उनलाई नयाँ

सृष्टि गर्न चुन्नुभयो: परमेश्वरले पहिलेको सृष्टिहरुलाई झैँ (उत्पत्ती ९:१-३) नोआलाई आशिष दिनुभयो, भनी बाईवलमा हामीले पढ्न सक्छौं । सम्पूर्ण सृष्टि जलप्रलयबाट नष्ट भएको थियो, नोआ मात्रै वंशिय आधारमा दूषित भएको थिएन र तिनका छोराछोरी शेम, हाम र येपेत पनि दूषित भएको थिएन र परमेश्वरले पृथ्वीलाई भर्नको लागि चुन्नुभयो, र तिनीहरु अन्तिम सृष्टिको लागि संघठित भए ।

**५.) अन्तिम आदमको सृष्टि, नयाँ जाति (गलाती ६:१५):** आदमसँग सृष्टि गरिएको जाति पापको कारणले भ्रष्ट भयो र पतन भयो, र उसको यहि अनाज्ञाकारिताको कारण यहि जातिमा सोहि दोष आएको छ र यसको परिणाम भनेको नै मृत्यु हो (रोमी ५:१२)। तर परमेश्वरले यस जातिलाई त्याग्नुभएन र खीष्ट येशू उहाँको प्रिय पुत्रमा, परमेश्वरको योजना मानिसको जीवनमा पूर्ण प्रकट गरियो, जसले उद्धारको अवसर उहाँमाथि विश्वास गर्नेलाई दिनुभयो (रोमी ५:१५): खीष्ट येशूमा नयाँ सृष्टि बनाउनुभयो (२ कोरिन्थी ५:१७), एउटा नयाँ जाति बनाउनुभयो (१ पत्रुस २:९)। यदि परमेश्वरले प्रत्येक सृष्टिको जेठा सन्तानहरुलाई बोलाउनुभएको भए, उहाँले हाम्रो लागि मार्ग दिनुपर्दथ्यो र त्यहि मार्ग खीष्ट हुनुहुन्छ, जसले खीष्टमा विश्वास गर्छ, उसले सन्तान हुन पाउँदछ । बाईवलले हामीलाई भन्दछ कि, जसले येशूलाई ग्रहण गर्छ र उहाँको नाउँलाई विश्वास गर्छ, उनीहरुलाई परमेश्वरको सन्तान बन्ने शक्ति दिनुभएको छ । यहि नै हासिल गर्ने एक मात्र तरिका हो (यूहन्ना १:१२)। यहि नयाँ सृष्टि केवल खीष्टमा मात्रै पाउन सकिन्छ, उहाँ मात्रै जीवन दिनुहुने दाता हुनुहुन्छ (एफिसी २:१)। आत्मिक जातिलाई धैरै गुणहरुद्धारा बनाइयो, जसलाई हामी संसारिक भन्थ्यौं होला, यहि नयाँ जाति नै परमेश्वरको साँचो उद्देश्य हो (एफिसी २:१०), जसलाई विशेषाधिकार र पुरस्कारहरु दिइन्छ, जुन वास्तव मै अद्‌भूत छन् किनभने, तिनीहरु स्वर्गीय छन् ।

क.) खीष्ट हाम्रो अन्तिम आदम हुनुहुन्छ

- आदम जिवित आत्मा
- खीष्टको जीवन - आत्मा दिनुहुने (१ कोरिन्थी १५:४५)
- आदममा सबै मर्नेछन्
- खीष्टमा, सबै (उनको आफ्नै) जिवित बनाइनेछ (१ कोरिन्थी १५:२२)

ख.) पुन जन्मिनु

- आत्माद्धारा जन्मिनुभएको
- माथिबाट जन्मनुभएको (यूहन्ना ३:१-८, १३)
- खीष्टमा एक आत्मामा हुनु
- मानिसको आत्मालाई जीवन (१ कोरिन्थी ६:१७)

ग.) हामी खीष्टमा आउँदा

- निद्रामा राखियो, हव्वालाई बाहिर निकालियो (उत्पत्ती २:२१)
- खीष्ट क्रूसमा हुनुहुन्थ्यो, र उहाँको छेउमा मण्डली बसालियो (यूहन्ना १९:२४)

**६.) सृष्टि भित्रको मिश्रण :** बाईवलमा लेखिएको छ, जब परमेश्वरको सृष्टि दूषित भयो, यो अर्को सृष्टिसँग मिश्रित भई दूषित हुन खोज्यो ताकि, तिनीहरुसँग पवित्र बिउ नहोस्, जसमा येशू खीष्ट आउन सक्नुहुन्थ्यो । उदाहरणका लागि, गिबोरिमलाई उल्लेख गरिएको छ (H1368) परमेश्वरको पुत्रहरुको मिश्रण (पतन भएका स्वर्गीय दूतहरु) मानिसहरुका छोरीहरुसँग भएको थियो (उत्पत्ती ६:१-४)। गिबोरिम Giborim भनेको बहादुर, पराक्रमी, बलियो, विजयी हो, यिनिहरु आत्माहरुको शिकारीहरु थिए, जसमध्ये सबैभन्दा प्रसिद्ध निम्रोद थिए, जो हामको नाति थिए । उहाँ हामीले देख्न सक्छौं, यी जाति वंशिय मिश्रणको उत्पादन थिए किनकी, तिनीहरु न

मानव, न स्वर्गीय नै थिए, तर तिनीहरु स्वर्गीय र मानवको मिश्रण थिए । यो परमेश्वरको सिद्ध योजना थिएन, किनकी उहाँसँग हरेक सृष्टि थियो, उहाँले यसलाई निश्चित उद्देश्यका साथ बनाउनुभयो ।

परमेश्वरले बनाउनुभएको सृष्टिहरु पापले दुषित बनायो, जसले गर्दा परमेश्वरले तिनीहरुलाई न्याय र विनाशमा पठाउनुभयो, तर हाम्रो लागि (मण्डली) उहाँले विशेषाधिकारको आदर दिनुभयो, यद्यपि हामी पापले दूषित हुँदाहुँदै पनि, परमेश्वरले आफ्नो पुत्र हाम्रो लागि मर्न पठाउनुभयो (यूहन्ना ३:१६), र हामीलाई शुद्ध पार्नुभएको छ (हामीलाई निष्खोट बनाउनुभयो)। येशू ख्रीष्टको बलिदानद्धारा जुन समयमा हामीलाई नयाँ सृष्टि गरी बनाउनुभयो (२ कोरिन्थी ५:१७), त्यो समय देखि परमेश्वरको सन्तान हुने हक दिनुभएको छ, थप रुपमा यसले पवित्र भोज मार्फत् हामीलाई मानव वंशबाट ईश्वरीय वंशमा परिवर्तन गरेको छ (यूहन्ना ६:५४-५६)। यस पृथ्वीमा मानिसलाई बनाउन परमेश्वरको उद्देश्य भनेको उहाँको बिउ छर्ने र आशिषित बनाउने हो, यो बिउ सबैजना रहेको छ, जो पिताले रोप्नु भएको छ (मत्ती १५:१३)।

# समानन्तर जातिहरु (PARALLEL RACES)

*उत्पत्ती ६:४*

*त्यसबेला र त्यसपछि पनि पृथ्वीमा नेफिलीमहरु थिए । परमेश्वरका छोराहरु मानिसका छोरीहरु कहाँ जान लागे र सन्तान जन्माए । तिनीहरु नै उहिलेका सुरविर र नाउँ चलेका मानिसहरु थिए ।*

**परिचयः** बाईवलीय दृष्टिकोणबाट, हामी बुझ्छौं कि, मानिस मात्र केवल परमेश्वरको सृष्टि होइन । बिशाल ब्रह्माण्डमा, विभिन्न देशका अन्य सृष्टिहरु पनि छन् । अयूब ३८:७ ले भन्दछ, जब परमेश्वरले पृथ्वी बनाउनुभयो, परमेश्वरको सन्तानहरुले ताराहरुको बासिन्दाहरु हर्षित भएका थिए । परमेश्वरले पृथ्वीलाई बसोवास गर्न सृष्टि गर्नुभयो, पक्कै पनि यी धेरै प्राणीहरु पृथ्वीमा प्रवेश गरे र केहि समयको लागि बसोवास गरे (यशैया ४५:१८ PDT)।

**समानन्तर दौडहरुः** यिनीहरुलाई समानता वा मिल्दोजुल्दो भएको कारण मानव जातिको लागि यिनीहरुलाई समानांतर दौड भनिन्छ, यद्यपि हामी बुझ्छौं कि सबै सृष्टिहरुमध्ये, केवल एक मात्र व्यक्ति परमेश्वरको स्वरुप र प्रतिरुपमा बनाइएको छ (उत्पत्ती १:२८)। यी दौडहरु लुसिफरियन किसिमका वा लुजबेल जस्तै, वा दूतका प्रकार वा मानव जातिको प्रकार जस्तै हुन सक्छ । यद्यपि शारीरक रुपमा मानिससँग मिल्दोजुल्दो भए ता पनि, उनीहरुको उत्पत्ती, मूल, सभ्यता आदि पुरै रुपमा फरक छ । यी प्राणीहरु परमेश्वरद्धारा सृष्टि गरिएका थिए र सबै बौद्धिक सृष्टिहरु जस्तै परीक्षणमा राखिएका थिए, तिनीहरुमध्ये कोहि इमान्दार थिए, तर अरुहरु परमेश्वरको विरुद्धमा विद्रोह गर्दै दूषित भए, लुसिफर जस्तै पतित भए । अयूब २५:५ ले बताउँछ, ताराहरु र जुन पनि उहाँको दृष्टिमा सफा छैन : यसले बसोबास गर्ने जति दूषित भएका छन् भनी जनाउँछ ।

**भूमि अतिक्रमणः** परमेश्वरले पृथ्वीलाई बसोबास गर्नको लागि पुनः व्यवस्थित पार्नुभयो र अदनको बगैंचा मानिसको लागि मात्र बनाउनुभयो । तिनीहरुसँग घुलमिल नहुन आदम होशियार हुनुपर्दथ्यो (उत्पत्ती २:१५)। पतन पछि, मानिसलाई बगैंचाबाट प्रदुषित वातावरणमा लगियो, जुन प्राणीहरु पापबाट पतित भई बस्ने गरेका थिए । उन्नत ज्ञान भएका केहि समान्तर दौडहरु मानव जातिको कल्याणको लागि ज्ञान र संस्कृति संचारित गर्न परमेश्वरबाट आएका थिए । परमेश्वरबाट टाढा हुनलाई अन्य सृष्टिहरुलाई शत्रुले भाडामा लिए, जसलाई तिनीहरुले आफ्नो पतनमा समावेश गऱ्यो । कयिनले परमेश्वरको विरुद्धमा विद्रोह गरेपछि, अदनको पूर्वमा रहेको नोदको भूमिमा गए, जहाँबाट उनले आफ्ना लागि पत्नी लिए, सन्तानहरु जन्माए (उत्पत्ती ४:१६-१७)। पक्कै पनि त्यो ठाउँका बासिन्दाहरु पतित समानान्तर दौडहरु थिए ।

**उत्पत्ती ६ को मिश्रणः** मानव जातिको संख्या बढ्दै जाँदा, तिनीहरु सबै प्रकारका प्राणीहरुसँग घुलमिल हुन थाले, उग्र चरित्रहरु, पतितहरु, गुइबोरिमहरु, हाइब्रिडहरु, अग्ला मानिसहरु आदि थिए, र तिनीहरुले नैतिक र यौन भ्रष्टाचारको अभ्यास गरे (उत्पत्ती ६:१, ५)।

परमेश्वरले त्यो पुस्तालाई बाढी पठाएर नष्ट गर्नुभयो (उत्पत्ती ६:१७) तर केवल नोआ, तिनका पत्नी र छोराछोरी र तिनका नातानातिनीहरु र छोराछोरीका पत्नीहरु र जनावरहरु जहाजभित्र पसेका थिए । नूहले परमेश्वरको नजरमा निगाह पाए किनभने तिनका पुस्ताहरुमा तिनी मात्रै सिद्ध थिए, अर्थात् उनी समानान्तर जातिहरुद्धारा दूषित भएको थिएन । जल प्रलय पछि, नोआको छोरा हाम अघिल्लो पुस्ताद्धारा दूषित भए र जब नोआ मातिएका थिए, त्यसले आफ्नो बुवाको नाङ्गोपन हेर्ने निर्णय गरे (यो यौन रुपमा अरुलाई जान्नको लागि गरिएको पर्यायवाचि हो), त्यसको सन्तानमाथि श्राप ल्याए (उत्पत्ती ९:१८-२५, लेवी १८:७)। निम्रोद हामको वंशबाट थिए, जसको नामको अर्थ विद्राहि हो, त्यसले परमेश्वरको विरुद्ध विद्रोह गरि बाबेलको धरहरा बनाउन कोसिस गरे (उत्पत्ती ११)।

**मानव जातिका समानान्तर जातिको प्रभाव**

**१.) ज्ञान र संस्कृतिको हस्तान्तरणः** केहि गैर पतित भएका समानान्तर जातिहरु मनिसभन्दा उच्च ज्ञान र सभ्यता तिनीहरुमा थियो । पृथ्वीको पहिलो बासिन्दाहरुलाई तिनीहरुले भूमिमा खेती गर्न, बोटबिरुवाको प्रयोग गर्न, संगीतको बाजाहरु निर्माण गर्न सिकाएका थिए (उत्पत्ती ४:१७, २२०, आदि

**२.) यौन पतनः** समानान्तर जातिहरु यौन प्राणीहरु थिए । तिनीहरुमध्ये केहिहरु नैतिक र यौन रुपमा पतन भएका थिए, व्यभिचारको अभ्यास गर्दर्थे, परस्रीगमन, फोहोरी, कामुक, कामवासना, अव्यवस्थित अवेग, समलैंगिकता, व्याभिचार, पशुपालन, इत्यादि थिए (लेवी २०:२३, रोमी १:२३-३२)। यी पात्रहरुले पुरुषहरुलाई त्यसै गर्न सिकाएका थिए ।

**३.) सबै प्रकारका दुष्टतालाई बोकियोः** तिनहिरुले जनावरहरुको मूर्तिपूजाको लागि परमेश्वरको गरिने पूजालाई परिवर्तन गरे, तसर्थ, तिनीहरुले सबै प्रकारका दुष्टताहरु अभ्यास गर्न सिकाए (रोमी १:२९-३१ LBLA)।

**आजको समानान्तर जातिहरुः** यी समानान्तर जातिहरु फैलिँदै छन्, विभिन्न प्राणीहरुले संसारमा आक्रमण गर्न रोकेको छैनन् । हामी अन्तिम समयमा बाँचिरहेका छौँ र पहिले भन्दा धेरै अहिले छौँ, हामीलाई सबै प्रकारका आत्मिक, नैतिक र शारीरीक खतराहरुले घेरेको छ । यी प्राणीहरु मानिसहरु माझ बस्दछन्, हाम्रो बिचमा डरलाग्दो कुराहरु हुँदछन्, हामीले क्रूर हत्याराहरु, यौन मनोरोगीहरु, रक्तपातपूर्ण ताण्डबहरु, यी धेरै कार्यहरु मानिसहरुको उपज हुन् जो प्रत्यक्ष रुपमा मानविय छैन तर पक्कै पनि अन्य गैर मानविय जातिहरुसँग मिसिएका छन् र जुन अशुद्ध आत्माहरुको हस्तक्षेपको र शैतानी कार्यहरुको परिणाम हो ।

आज पुरुष र महिलाहरु यस वर्गका प्राणीहरुद्धारा घेरिएका छन्, विशेषगरी धेरैजनाले यौन असन्तुष्टिको कारणले गर्दा अधिकार त्यागेका छन्, कल्पनाहरुमा ध्यान दिन्छन् र पतन हुँदैछन् । मानिस र एलियनहरुबिच र दुष्ट आत्माहरुसँग पनि यौन मामलाहरु भएका छन् । बाइवलमा देखिएका जातिहरुमध्ये केहिलाई हेर्नेछौं :

**१.) दूतहरुका जाति (व्यवस्था १०:१७):** संसारको जग सुरु हुनुभन्दा अघि स्वर्गदूतहरु खीष्टद्धारा र खीष्टको लागि सृष्टि गरिएका थिए (कलस्सी १:१६)। तिनीहरु आत्मिकी प्राणीहरु (हिब्रू १०:१४) हुन् जुन परमेश्वरले आदर र सम्मानको स्थान दिनुभयो (यहूदा १:६ BLS), जसको पद मानिसहरु भन्दा पनि उच्च छ (भजनसंग्रह ८:५), शक्तिशाली क्षमता छ, जस्तैः राजा दाउदका जनगणना यरुशलेममा गरिएको कारण ७०,००० इस्राएलीहरु मारेको स्वर्गदूतको मामला थियो, तिनीहरुले भौतिक रुप धारण गर्न सक्छन्, त्यसैले तिनीहरुले पत्रुसलाई आफ्नो स्वर्गदूतसँग भ्रममा पारे र रोदा नामक नोकर्नी पागल थियो भनेका थिए (प्रेरित १२:१२-१५)।

**२.) पूर्व-आदमिक जाति (उत्पत्ती १:२६-३१):** परमेश्वरले यो जातिलाई आफ्नै स्वरुपमा बनाउनुभयो, र एक चोटि मा उहाँले पुरुष बनाउनुभयो (हिब्रू शब्द जाकारको अर्थ पुरुष हो, Strong H2145) र स्त्री (हिब्रू शब्द नेकुबानको अर्थ स्त्री हो, Strong H5347) अर्थात् उहाँले जोडि बनाउनुभयो र दुवैलाई एउटै पदानुक्रममा राख्नुभयो, पृथ्वीलाई भर्न र यसलाई वशमा पार्नको लागि गुणानमा वृद्धि हुँदै, समुद्रका माछाहरु, आकाशका पंक्षिहरु र पृथ्वीमा घुम्ने सबै प्राणीहरुमाथि प्रभुत्व गर्न दिनुभयो । पृथ्वीको सतहमा भएको दुवै मानिसहरु र जनावरहरुले सबै बिउ बोक्ने बोट र फलफूल खान सक्थे । तर उत्पत्ती २ मा, जब आदम बनाइयो, उसलाई अदनको बगैंचामा राखियो, अघिल्लो (ह्यूमनाइड) जातिलाई पहिले नै त्यागिएको थियो किनभने तिनीहरुले परमेश्वरको विरुद्ध पाप र विद्रोह गरे ।

**३.) आदमिक जाति (उत्पत्ती २:४-२५):** यस जाति पृथ्वीमा घटबढमा ६००० वर्ष भएको छ, जुन आदमको सृष्टिबाट सुरु भयो (हिब्रू नामको अर्थ मानिस, Strong H120 हो), जसलाई परमेश्वरले पृथ्वीको धुलोबाट बनाउनुभयो र उनको नाकमा जिवनको सास फुकिदिनुभयो र जिवीत प्राणी भयो । "जिवीत प्राणी" हिब्रू शब्द नेफेस भनिने शब्दबाट अनुवाद गरिएको हो र यसको अर्थहरुमध्ये प्राण (Strong H5315) चाहिँ यसको एउटा

अर्थ रहेको छ, अर्थात्, यहि मानिसलाई भावनाहरुको महसुस गर्ने क्षमता, इच्छा र बौद्धिकता दिनुभएको छ । त्यसपछि, मानिसको करङबाट, उहाँले नारी सृष्टि गर्नुभयो (हिब्रू: ISHSHA इश्शा भनेको नारी, पत्नी, महिला, Strong H802) हो ।

४.) **नेफिलिम (उत्पत्ती ६:४):** यो एक हिब्रू शब्द हो जसको अर्थ: विशाल मानिस जसले पतन गराउछ, जंगली अथवा महाकाय (Strong H5303)। पृथ्वीमा यस जातिको समानान्तर अस्तित्व आदमसँग रहेको थियो: नोआ र तिनको परिवार बाहेक, जीवन हुने सम्पूर्ण प्राणीहरुको जीवन जलप्रलयमा नाश भएको थियो, बाईवलले नेफिलिमको अस्तित्वलाई बताएको छ, त्यसैले यो अनुमान गरिएको छ कि तिनीहरुमा बाढीबाट बच्न मानिस भन्दा अन्य फरक विशेषताहरु थिए । र पछि मानव जातिलाई छुटकारा दिने परमेश्वरले योजनामा बाधा पुऱ्याउने उद्देश्यले कनानमा भेटिएको थियो । कसैलाई लाग्छ कि, तिनीहरु पृथ्वीबाट अन्यत्र सर्न सक्षम थिए र त्यसैले तिनीहरु मरेनन्, अरुहरुले विश्वास गर्छन् कि तिनीहरु डुब्दैडुब्दैनथे, तर हामी तिनीहरुलाई कनानमा उपस्थित भएको देख्न सक्छौं । बाईवलले उल्लेख गरेको छ कि, यस जातिको पूर्वज अनाक थियो । अनाकको अर्थ घाँटि र परिवारको पूर्वज, जनजाति, कनानमा हुने विशाल जाति (Strong H6061) जब मोशाले कनानको भूमिमा, जासुसहरु पठाएका थिए, उनीहरुले अनाकका तीनजना सन्तान : अहिमन, शेरौ र तल्मैलाई भेटे, जासुसहरुले यी विशाल प्राणीहरुलाई देखेको कारणले तुलना गर्दा आफूलाई फट्याङग्रा सरह देखेका थिए (गन्ती १३:२२-३३), र यसले हामीलाई यी प्राणीहरुको विशाल आकारबाट थाहा दिन्छ । जब इस्राएलका मानिसहरु पहिले नै कनानमा थिए, बाईवलले यी तीन विशाल प्राणीहरु हेब्रोनमा बस्दथे भनी देखाउँछ, र दुई जासुसमध्ये कालेब चाहिँ कनानमा प्रवेश गर्छ, त्यहि ठाउँलाई कब्जा गर्न तिनीहरुलाई बाहिर निकाल्छ र नष्ट पार्छ (यहोशू १५:१४: न्यायकर्ता १:२०)। पछि बाइवलमा यस प्राणीको बारे कतै उल्लेख छैन ।

५.) **मानिसहरुको छोरीहरु (उत्पत्ती ६:१):** बाईवलले बताउँछ कि जब पुरुषहरु पृथ्वीमा बढ्दै जान थाले, उनीहरुको छोरीहरु जन्मे । यहाँ हामी दुई तरिकाको मानव प्रजननको बारे अवलोकन गर्न सक्छौं :

> क.) पहिलो स्थानमा, पुरुषहरु, किनभने पुरुषहरु गुणात्मक भएका थिए, यसले स्पष्ट भन्छ कि, पुरुषहरु गुणात्मक वृद्धि हुन उनीहरुलाई महिलाहरुको आवश्यकता थिएन (यो क्लोनिङ मार्फत् वा सेल मार्फत् शरीरमा त्यस्तै प्रजनन हुन सक्छ, तर यो ठ्याक्कै ठम्याउन भने सकिदैन)। हामी देख्न सक्छौं कि, हव्वालाई बनाउनको लागि, परमेश्वरले आदमलाई मस्त निन्द्रामा पार्नुभयो र एउटा करङ निकाल्नुभयो ।
>
> ख.) यस पछि, पुरुषहरुले छोरीहरु जन्माउन थाले । पछि, परमेश्वरका छोराहरुसँग एक हुने पनि यिनीहरु नै थिए जो बेन-एलोहिम हुन् (पतन भएका स्वर्गदूतहरु, यहूदा १:६) र विशाल प्राणीहरुलाई जन्म दिए ।

६.) **गिबोरिम (उत्पत्ती ६:४):** यिनीहरु मानिसका छोरीहरु र परमेश्वरका छोराहरु बिचको मिश्रण हो । यी परमेश्वरका छोराहरु पतन भएका स्वर्गदूतहरु थिए, किनभने तिनीहरुले पार्थिव शरीरमा प्रवेश गर्नको लागि आफ्नै स्वर्गीय निवास छोडेका थिए र आनन्दको त्यो क्षणको लागि, तिनीहरुले स्वर्गीय बासस्थान गुमाए (यहूदा १:६)। जिबोरिम एक हिब्रू शब्द हो जसको अर्थ विशाल, बलियो, शक्तिशाली हिंसक (Strong H1368) को रुपमा अनुवाद गरिएको छ । यहि जाति आदमिक जातिसँग समानन्तर थियो । यिनीहरु प्राचिन कालदेखी नै चर्चित मानिसहरु थिए भनी मानिन्छ, पहिलो उल्लेख निम्रोदलाई गरिउको छ, जो यहोवाको अगाडि प्रख्यात र शक्तिशाली शिकारी भनी धेरै अनुवादहरुमा भनिएको छ, तर अर्को संस्करणले उनलाई शिकारीको रुपमा वर्णन गर्दछ, तर यहोवाको अगाडि नभई, " यहोवाको विरुद्धमा"। हिब्रूमा निम्रोद नामको अर्थ विद्रोह अथवा बहादुर हो । हामका सन्तान, कुशका छोरा, हामका नाति र नोआको पनाति,

**७.) रेफाइटेस (उत्पत्ती १४:५):** रेफाइटसहरुलाई अनाकका छोराहरुसँग तुलना गरिएको थियो किनकी, तिनीहरु देख्नमा ठूला र बलिया थिए, र त्यहाँका बासिल्दाहरुको बिचमा आतंक पनि मचाउथे, मोआबीहरुले यिनीहरुलाई "एमिटेस" भन्दथे, जुन हिब्रू शब्द आइमिन (EYMIYN) बाट अनुवादित छ र यसको अर्थ आतंक हो (Strong H368)। रेफाइटेस 34aphe सँग पनि सम्बन्धित छ जुन मृतकको भूतहरु, छायाँहरु व आत्माहरुको रुपमा अनुवाद गर्दछ । यिनीहरु रेफाइमको उपत्यकामा, अर्थात् विशाल प्राणीहरुको उपत्यकामा बसोवास गर्दथे । धर्मशास्त्रमा प्रकाश पारिएको थियो कि यहि जातिको विशाल प्राणीहरुलाई न्याय गरिएको थियो र पानीमुनि राखिएको थियो शिओलको गहिराईमा (मृतकहरुको बासस्थान, अयूब २६:५-६): यशैया २६:१४ मा भनिएको छ, मृतक (राफा) RAPHA बाँच्ने छैनन् । तिनीहरुको आत्मा उठ्नेछैन किनभने तिनीहरुलाई सजाय दिइएको थियो, नाश गरिएको थियो र तिनीहरुको सबै स्मृति मेटाइएको थियो । यसको अर्थ, रेफाइटसहरुको पुनरुत्थान हुनेछैन, तर मानव जाति, असल र खराब, सबैजनाको पुनरुत्थान हुनेछ (पहिलो र दोस्रो पुनरुत्थानमा)।

समानान्तर जातिहरु परमेश्वरद्धारा निर्मित गैर-मानवीय प्राणी हुन् । कोहि वफादार रहे, कोहिलाई शत्रुले किने, सबै प्रकारका दुष्टता फैलाए । शत्रुको उद्देश्य भनेको मानिसलाई पतन बनाउनु हो र परमेश्वरको विरुद्ध लैजानु हो, तर परमेश्वरले उहाँकै लागि विशेष जाति तयार बनाउदै हुनुहुन्छ, जुन चर्च हो, जो उहाँको लागि दाग र दूषित बिना उहाँको लागि राखिनेछ ।

परमेश्वरले मिश्रित हुन निर्देशन गर्नुभएको छ, तर पनि मानव जाति त्यस प्राणीहरुमा मिसिने क्रम जारी छ, परमेश्वरलाई मन नपर्ने हाइब्रिड जाति बन्दै छन् । त्यहि भएर, प्रभु येशूले पनि हामीलाई, उहाँलाई प्रभु र मुक्तिदाताको रुपमा ग्रहण नगरेकाहरुसँग घुलमिल नहुन निर्देशन दिनुभएको छ किनभने हामी नयाँ जाति हौं (२ कोरिन्थी ६:१४: ५:१७): एउटा नयाँ स्वर्गीय जाति जुन परमेश्वरको उद्देश्य र उहाँसँगै उठाइलान हामी शुद्ध रहनुपर्छ ।

# मध्यवर्ती स्थानहरु (INTERMEDIATE PLACES)

*भजनसंग्रह २३:६*

*निश्चय नै तपाईको भलाइ र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदै वास गर्नेछु ।*

**परिचयः** पृथ्वीमा आउनु अघि पहिले नै पूर्व-अस्तित्व थियो भनी बाईवलले हामीलाई सिकाउदछ, जहाँ हामी आत्माहरु थियौं र हामीलाई तयार बनाई पिताको विद्यालयमा (यूहन्ना ६:४५ RV60), हाम्रो मुक्तिदातालाई चिन्नको लागि पृथ्वीमा आउन तयार बनाउदै थियौं र अन्ततः पिताको घरमा फर्कन र प्रगतिशील अनन्तको ठाउँ पाउन परमेश्वरको सन्तानको रुपमा र विजेता हुन र थुमाको पत्नी हुन अवसर दिनुभएको छ ।

हामीलाई किन मुक्तिदाता चाहिन्छ ? किनभने हामीले पाप गरेका छौं, हामी परमेश्वरको महिमामा जान चुकेका थियौं ( रोमी ३:३ RV60) र हामीलाई पृथ्वीमा पठाइयो (पहिलो मध्यवर्ती स्थान) र त्यसपछि, अन्य मध्यवर्ती स्थानहरुमा, हामी फर्कन पूर्ण पिताको घर नफर्कुञ्जेलसम्म र मध्यवर्ती स्थानमा हुनेछौं (भजनसंग्रह २३:६० RV60)।

मध्यवर्ती स्थानहरु भनेको यस्तो ठाउँहरु हो, हामी निश्चित वा अन्तिम स्थानमा राखिने भन्दा अघि गुज्रने ठाउँहरु हो, हामी अनन्तको ठाउँमा बाँकि समय अनन्तमा बिताउनेछौं, कोहिको लागि अनन्त जीवन हुन्छ भने, कोहिको लागि अनन्त विनाश, हामीले हाम्रो शरीरमा के गरिरहेका छौं भन्ने कुरामा भर पर्दछ ।

हाम्रो अभिन्न अंग भनेकोः आत्मा, प्राण र शरीर हो भनेर भन्दछ, जुन प्रभुको आगमन हुनुभन्दा अगाडि निष्खोट हुनुपर्दछ (१ थेसलोनिकी ५:२३ RV60), यसको मतलब हामी "क्रियमत्मक" प्राणीहरु हौं । मानवीय आत्मा भनेको हाम्रो अस्तित्व हो जुन परमेश्वरले बनाउनुभयो ताकि हामीले उहाँसँग संगति र बातचित गर्न सकौं (१ कोरिन्थी १:९ RV60), अर्थात् कुनै व्यक्तिले येशू ख्रीष्टलाई साँचो हृदयद्धारा मुक्तिदाताको रुपमा ग्रहण नगरेको व्यक्तिले उहाँसँग संगति गर्न सक्दैन किनकी, उसको आत्मा मरेको छ (परमेश्वरबाट अलग गरिएको) (१ यूहन्ना ३:१ RV60), तर जसले ख्रीष्टको बलिदानलाई स्वीकार्छ, उसको आत्मा तुरुन्तै जिवित हुन्छ र तब पवित्र आत्माले पुन नयाँ गरी जन्मनको लागि परमेश्वरको सनतानहरुका आत्मामा भई काम हुनेछ, किनकी, पुनरुत्थानको समयमा यो रुपान्तरित हुनेछ । जो जिवित छन् प्रभु उहाँको पाराउसियामा (PAROUSIA गुप्त आगमन) हुँदा, उनीहरु जीवनमा रुपान्तरित हुनेछ, उनीहरुले मृत्यु देख्नेछैन, र उनीहरु पुनरुत्थान भएकाहरुजस्तै हुनेछ ।

जब कुनै व्यक्तिको शारीरिक मृत्यु हुन्छ, उसको अस्तित्व हुँदैनः उसको शरीर चिहानमा जान्छ, जहाँ पुनरुत्थान नभएसम्म उसले पर्खनपर्छ र उसको आत्मा परमेश्वरसँग फिर्ता जान्छ जसले दिनुभएको थियो, (उपदेशक १२:७, RV60), त्यो आत्मालाई अन्तिम गन्तव्यको पर्खाइमा कतै राखिनेछ । हामीले धर्मशास्त्रमा बुझ्छौं कि सबै सृष्टिको न्याय परमेश्वरले गर्नुहुनेछ, कसैलाई जीवन र अनन्त इनामको लागि न्याय गरिनेछ र अरु अनन्त विनाशको लागि गरिनेछ (दानिएल १२:२, RV60)। यसको फैसला परमेश्वरले अन्त्यको समयमा गर्नुहुनेछ, प्रत्येक आत्मा, प्राण र शरीरलाई एकिकृत गर्नुहुनेछ, र अनन्तको लागि ठाउँ निर्धारण हुने निर्णयको आधारमा गरिन्छ, यो समयमा सम्पूर्ण सृष्टि अरु कतै हुनेछ ।

### १.) अभिन्न अस्तित्वका लागि मध्यवर्ती स्थानहरु

**क.) मृतकको भूमि :** हामी बसेको ठाउँ एक मध्यवर्ती ठाउँ हो जहाँ हामी हिँड्दै छौं, पछि हाम्रो न्याय हुनेछ, पृथ्वी नष्ट हुनेछ र अर्को परिस्थितीसँग पुनः बनाइनेछ, प्राणीहरुको लागि बस्न योग्य ठाउँ आउदै छ (२ पत्रुस ३:१०-१३ KJV) हामी पृथ्वीमा बाँचिरहँदा यो मध्यवर्ती स्थानमा भएकोले, हामीले मुक्तिको अवसर पाएका छौं र ख्रीष्टको रगतले हाम्रो आत्मालाई पखाल्न र शुद्ध पार्ने अवसर दिएको छ, जब हामीले दयाका कामहरु गर्दछौं, हामी यहि हिसाबमा सर्वोकृष्ट इनामहरु पउन सक्छौं र अनन्तकालसम्म प्रभुसँग हुनेछौं, यसकारण हामीले जुन कुराको लागि छुटकारा पाएका थियौं, सो

हासिल गर्न छोड्नुपर्छ र जसरी पावलले भनेका थिए, मैले असल लडाइ लडेको छु, मैले दौड पूरा गरेको छु, मैले विश्वास राखेको छु, बाँकिको समयमा मैले न्यायको मुकुट पाउनु छ..... (२ तिमोथी ४:७-८ RV60)। यसको मतलब सबैजना जो परमेश्वरको सन्तानहरुले मध्यवर्ती स्थान "पृथ्वी" लाई छोडेकाहरुले इनामलाई पुत्रको न्याय नभएसम्म प्राप्त गर्न सक्दैन, जहाँ सम्पूर्ण परमेश्वरको सन्तानहरु न्यायमा पर्नेछन्, र शरीरमा हुँदा हामीले जे गरेका छौं, त्यहि अनुसार इनाम हामीलाई दिइनेछ ।

**ख.) जिवितहरुको भूमिः** बाईवलले उल्लेख गरेको अर्को मध्यवर्ती स्थान भनेको जिवितहरुको भूमि हो । हामी अस्थायी रुपमा "मृतकहरुको देश" मा बसिरहेका छौं किनभने त्यहाँ पापले शासन गर्छः पापले मानिसद्धारा प्रवेश गऱ्यो, आदम र आदमबाट सम्पूर्ण मानवताले पाप तर्फ झुकावको बिउ ल्याउँछ (रोमी ५:१२ RV60): तर जब आदम परमेश्वरको बगैंचामा थिए, परमेश्वरसँग उसको सिद्ध कुराकानी हुन्थ्यो, पछि उसलाई हब्वाको सहयात्रीको रुपमा दिनुभयो र उनी सबैको आमा भएको कारणले गर्दा उनलाई यो नाम दिइयो (उत्पत्ती ३:२० RV60)।

जीवन जिउँदा हामी बुझ्न सक्छौं कि, सम्पूर्ण जीवनमा अस्तित्व छ, अस्तित्वले कुनै पापलाई चिन्दैन । जब पाप मानवतामा प्रवेश भयो, आदमलाई बगैंचाबाट निकालियो, यी जिवित प्राणीहरु पृथ्वीमा रहन सक्दैनथे किनभने पापसँग कुनै सम्बन्ध नै थिएन, त्यसैले परमेश्वरले तिनीहरुलाई आत्मामा, प्राणमा र शरीरलाई मध्यवर्ती स्थानमा राख्नुभयो, जहाँ जिवितहरुको भूमि हुन्छन् अर्थात् त्यो भूमिमा आत्मा, प्राण र शरीरमा एकिकृत भएका पात्रहरु छन् तर अझै पूर्ण रुपमा भने सिद्ध छैन र यी पात्रहरुले पृथ्वीमा प्रक्रिया पूरा गरिसकेका हुन्छन् किनकी, मृतक भूमिमा उनीहरु हुन सक्दैनन् हनोकको जीवनमा यस्तो थियो जसले परमेश्वरलाई खुशी तुल्याथे र परमेश्वरले उसलाई जिवित नै लानुभयो (उत्पत्ती ५:२४ RV60) किनकी, उनी जिवित प्राणी भएका थिए: पछि, उहाँले एलियालाई पनि जिउँदै उठाउनुभयो (२ राजा २:११ RV60)।

प्रेरित पावलले १ थेसलोनिकी ४:१७ मा यसो भनेका छन् कि, बाँचिरहेका र छोडिएकाहरु उठाइलगिनेछ र यो जिवित वचनले कसैलाई कसैको अस्तित्व भएको व्यक्तिलाई जनाउदैन तर जिवित प्राणीमा भएको जीवनको बारे जनाउदछः यहि कुरा प्रभु येशू खीष्टले पितासँग प्रार्थना गर्नुहुँदा नै यूहन्ना १७:११ RV60 मा भएको थियो, जुन कुरा क्रूसमा उहाँलाई लानुभन्दा अगाडि थियो, "म फेरि संसारमा रहँदिन", तर शारीरिक रुपमा उहाँ पृथ्वीमा हुनुहुन्थ्यो: यसको व्याख्या यो हो कि जिवीतहरुको भूमि एउटा स्थान हो, तर यो आत्मिकी अवस्थाको बारे पनि हुन सक्छ जसमा हाम्रो आत्मा उचालिनेछ (शिर स्वर्गमा र पाउ जमिनमा), पवित्र आत्माले भरिनेछ र हामी केवल परमेश्वरबाट आउने महिमामा विचार गर्ने हुनेछौं ताकि हामीले वर्तमान पिडा सहन सकेका हौं ।

**२.) आत्माको लागि मध्यवर्ती स्थानहरुः** बाईवलले आत्मा परमेश्वरमा फर्कन्छ भन्दछ । हामीले अध्ययन गर्दा, आत्मिकी स्वर्गहरु दश स्थानहरु हुन् जसमा आत्माहरु अन्धकारको छेउमा, शासकहरुमा, शक्तिहरुमा, सिद्धान्तहरुमा, दुष्ट आत्माहरुमा बास गर्दछन् (एफिसी ६:१२: दानिएल १०:१३ RV60) तर प्रभुका सेनाहरु पनिः स्वर्गदूतहरुमा, प्रधान दूतहरुमा, धर्मीहरुका आत्माहरुमा, जेठो सन्तानहरुमा र अरुहरुको बिच बस्दछन् (हिब्रू १२:२२-२३ RV60)। वचनमा, प्रभुले हामीलाई स्वर्गमा हुने दुई स्थानहरु, शक्तिहरु/निकायहरु र सबै आत्माहरु पठाउने र प्राप्त गर्ने जिम्मामा भएका बारे सिकाउनुहुन्छ ।

**क.) स्वर्गीय यरुशलेम (प्रकाश २१:१० RV60):** यो स्थान स्वर्गमा छ, र यो स्वर्गीय यरुशलेम हो, जुन परमेश्वरद्धारा प्रत्यायोजित अधिकार गरिएको छ प्रकाश २१:९-२७ र गलाती ४:१६ RV60), जो हामी सबैको आमा हुनुहुन्छ, परमेश्वरका सन्तान हुनुहुन्छ भनी बताउँछ । यहि नै मध्यवर्ती स्थान हो जहाँ खीष्टयानहरुको आत्माहरुलाई पठाउनुहुन्छ (हिब्रू १२:२२-२३ RV60)। मत्ती २७:५२-५३ JER) मा यो देख्न सकिन्छ कि, खीष्टपछि पुनरुत्थान भएका धर्मीहरु, स्वर्गीय यरुशलेममा प्रवेश गर्नेछ, जहाँ येशूले हाम्रो आत्मालाई ग्रहण गर्नुहुन्छ (प्रेरित ७:५९), जब सिद्धतामा हामी सबै पुग्छौं (हिब्रू ११:३९-४०) र हामी एक निश्चित ठाउँमा सारिनेछौं जुन आत्मा, प्राण र शरीरसँग एक हुनेछौं ।

**ख.) बेबिलोन (प्रकाश १७:५ RV60):** यो अन्धकारको अंश हो: बेबिलोन, वेश्या (प्रकाश १७:५: १८:२: एफिसी ६:१२ RV60)। पृथ्वीमा मानिस हुनुअघि यसको सुरुवात भएको थियो र उत्पत्ती ११:४ मा, जमिनबाट त्यो सँग सम्पर्क गर्न एउटा धरहरा बनायो । त्यो वेश्याहरुको माता हो (आत्मिक वेश्यावृत्ति, येशू खीष्टद्धारा मुक्तिको प्रचार नगर्ने धर्महरु), सबैभन्दा घिनलाग्दो कुराहरु, भूतहरुको ओडार र अशुद्ध आत्माहरु हुन् । त्यहाँ हराएका आत्माहरु प्रायता : फर्कन्छन् ।

**३.) आत्माको लागि मध्यवर्ती स्थानहरु:** बाईबलले बताउँछ कि, कुनै व्यक्तिको मृत्यु हुँदा, उसको आत्मा शिओलमा जान्छ । वचनको प्रकाशमा हेर्दा, शिओल अथवा हेडेसमा विभिन्न खण्डहरु छन् । त्यहाँ नरक वा गेहेना, परलोक वा अब्राहमको हृदय र पाताल वा बहूमूल्य खजाना छ, जहाँ टारटारस पनि हुन्छन् ।

**क.) नरक वा गेहेना:** कतिपयले यसलाई आगोको ताल/भट्टिसँग भ्रमित पार्छन्, यद्यपि तिनीहरु दुई फरक ठाउँहरु हुन् जसलाई हामी प्रकाश २०:१३-१५ मा देख्छौं । नरक भनेको बिचको ठाउँमा छ, र आगोको ताल हराएकाहरुको लागि अन्तिम ठाउँ हो । नरकलाई दुई भागमा विभाजन गरिएको छ: पहिलो चाहिँ पापी अथवा हराएकाहरुका लागि हो, जसले खीष्टलाई ग्रहण गर्दैन र आत्माहरुलाई कैदमा राख्छन् । दोस्रो भाग भनेको दुष्टहरुका लागि हो, जसले खीष्टयान भईकन तिनीहरु प्रभुमा समर्पित छैन र अन्तिममा मोल नतिरेसम्म आफूलाई आगोले जस्तै शुद्ध गरेको छैन ।

- **पहिलो भाग:**
  - पापीहरु (मर्कूस ९:४३-४४): यस ठाउँमा यस्तो प्राणहरु जानेछ खीष्टलाई ग्रहण गर्दैन र विश्वास त्यागेका अविश्वासीहरु पनि हुन सक्छन् (जसले येशूमा विश्वास गर्न अस्वीकार गरेको र अपरिवर्तनीय भएको), तिनीहरु पूर्ण विनाशको पूर्ण विनाश नभएसम्म, तिनीहरु यातना र कष्टको ठाउँमा जानेछ ।
  - कैद गरिएका आत्माहरु (१ पत्रुस ३:१९ RV60)। नेआको समयमा जेलमा अनाज्ञाकारी भएको आत्माहरुलाई खीष्टले प्रचार गर्नुभयो । यसको समानान्तर बाटो बारे मत्ती ५:२५-२६-२९ RV60 ले यसो भन्छ, जसले वादीसँग बाटोमा जाँदा मिलाप गर्दैन, ती व्यक्तिहरु भ्यालखानामा बन्द हुनेछन् र त्यहाँबाट एक-एक पैसा चुक्ता नगरुञ्जेलसम्म बाहिर उम्कनेछैन (१ कोरिन्थी ३:१३-१५ RV60)। हामीले गर्ने सबै काम आगोद्धारा जाँच गरिनेछ । यदि यो घाँस, पराल वा सुकेको डाँठबाट निर्माण गरिएको छ भने, सो व्यक्तिले नोक्सान व्यहोर्नुपर्ने हुन्छ र उसको काम जलाइनेछ, यहि कामहरु गर्न शरीरले हौसला दिन्छ: तर सुन, चाँदि र बहुमूल्य पत्थरहरुमा निर्माण गरिएकोलाई भने हुनेछैन किनकी, यी कामहरु आत्माद्धारा प्रेरित हुन्छन् ( गलाती ६:८ RV60)।
- **दोस्रो भाग:**
  - बेइमानी/अधर्मी (लूका १६:२२-२६ RV60): बेइमानी/अधर्मी भनेको यस्तो मानिस हो, जसले खीष्टलाई चिन्न त चिन्छ तर आत्मा अनुसार नबाँचिकन, शरीरअनुसार चल्छ र जो अपरिवर्तनीय रुपमा विश्वास त्याग गर्छ, उसले मुक्तिलाई गुमाउँछ, यदि उसले पश्चाताप गर्दैन भने, उ अधर्मी हुन्छ र पश्चातापविहिन पापी बन्नेछ । परमेश्वरले धनी मानिस र लाजरसको शिक्षा हामीमाझ छोड्नुभयो ताकि मृत्यु पछि हुने कुराहरु बुझ्न सकेका हौं, जस्तै: त्यहाँ नरक, परलोक र पाताल छ, र अर्को आयाममा उनीहरुले देख्न, बोल्न र मानिसलाई चिन्न सक्लान्, तर जीवनलाई नचिन्लान्, जस्तै: धनी मानिस जसले लाजरस र अब्राहमलाई चिने, र कष्टको ठाउँमा उसको प्राण पुग्दा अब्राहमलाई पिता... भन्दछ, अब्राहमले "छोरो" तैंले

आफ्नो जीवनकालमा असल असल कुराहरु भोग गरिस् र त्यसै गरी लाजरसले दुःखै दुःख भोग्यो । त्यो यहाँ अराममा छ र तँ चाहिँ कष्टमा छस्" भनेका छन् ।

**ख.) परलोक/अब्राहमको हृदय (लूका १६:२२-१६ RV60)**: धनी मानिस र लाजरसको दृष्टान्तमा, अब्राहमको हृदय शान्तिको विश्राम लिने ठाउँ थियो, जहाँ धर्मीहरु जान्छन् र तिनीहरु पुनरुत्थानको क्षणलाई खीष्टले आदेश दिने समयलाई धैर्य गरिरहेका छन् र जुनसुकै मोडमा, र पदमा, जो सबै सुतेका छन्, सबैलाई प्रभुले पुनरुत्थान गर्नुहुनेछ ।

**ग.) चोर जो क्रूसमा बचाइयो (लूका २३:४३ RV60):** यो मानिसले शरीरको अन्तिम घडिमा पश्चाताप गरेका थिए र उसको पापको कारणले गर्दा न्यायसंगत पिडा भोगिरहेको उसले स्वीकारेका थिए र त्यसपछि प्रभुको समयमा आउनुहुँदा उसलाई सम्झन येशूलाई अनुरोध गरे । उसले पिडा हटाउन भनी प्रभुलाई भनेन अथवा अर्को चोरले झैं क्रूसबाट बचाउ पनि भनेन, किनकी, उसले येशूलाई प्रभु परमेश्वर र राजा भनेर चिने र यसरी उसले अनन्त जीवन पाए, र उसले काम नगरे ता पनि उसको विश्वासको तथ्य येशूसँग केहि समयको लागि थियो, येशूले उसको हृदय र इमानदारीपनलाई जान्नुहुन्थ्यो र भन्नुभयोः "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ ।

**घ.) पाताललोकः** धनी मानिस र लाजरसको मामलामा, नरक र स्वर्गलोकको बिचमा त्यहाँ गहिरो धाँदो (पाताल लोक - अगाध खाडल) थियो, जसले यी दुई ठाउँहरुलाई छुट्याएको थियो ताकि, कोहि पनि अर्को ठाउँ पट्टि नजाउन् किनभने, वचनको ज्योतिमा राक्षसी दुष्टता प्राणीहरुले बास गर्दछन् । हामी पाताललोकका केहि विशेषताहरु हेर्नेछौँ :

- खाडलको सतह (उत्पत्ती १:२ BLA)।
  - यसलाई बरफले प्रशस्त मात्रामा ढाकेको छ (अयूब ३८:३० RV60)।
  - योनाको आत्मा त्यहि ठाउँमा थियो, र उसको शरीर भने ठूलो माछाको पेट भित्र थियो BJ3, CEE, RVC योना २:२)।
  - पवल प्रेरित पनि त्यति ठाउँ भ्रमण गर्नलाई गएका थिए । (२ कोरिन्थी ११:२५ RV60)।
- अगाध खाडलमा को बस्छ ?
  - पातालमा हाइब्रिड प्राणीहरु उत्पन्न हुनेछन्, मिश्रित प्राणीहरु हुनेछन् र अरु सृष्टिहरुमा शारिरीक परिवर्तन, वंशीय परिवर्तन हुनेछ (प्रकाश ९:२-१० RV60)।
  - जनावर (प्रकाश १७:८) जुन संकष्टको समयमा अगाध खाडलबाट उठ्नेछ ।
  - पातालका दूतहरु (प्रकाश ९:११) त्यसको नाम हिब्रूमा एबाड्डन र ग्रिकमा अपोल्लियोन हो, जसको अर्थ विनाश हो ।
- टाँटारस (२ पत्रुस २:४, यहूदा १:६, अयूब ३८:१६): उत्पत्ती ६ मा पतन भएका स्वर्गदूतहरुको बारे व्याख्या गरिएको छ जसले आफ्नो मूल बासस्थान (स्वर्गीय शरीर) लाई छोडे र मानिसहरुको छोरीसँग हुने इच्छा र निर्णय गरे, अन्ततः महिमित शरीरलाई उनीहरुले त्यागे र महान् दिनको न्याय नहोञ्जेलसम्म आजिवन अन्धकारको झ्यालखानामा थुनिए । हाम्रो शारिरीक मृत्यु र दोस्रो मृत्युको साट्टो येशू मर्नुभयो र मृत्युबाट बौरी उठ्नुभयो (एफिसी २:१-१०)। हामीले हाम्रो जीवनको हरेक अवस्था र रितितिथी र मानिसहरुले मनाउने उत्सवहरुलाई बाईवलिय रुपमा जाँच गर्नुपर्दछ, पावल प्रेरितले, प्रभु येशू खीष्टको मृत्यु र पुनरुत्थानलाई उल्लेख गरी "धर्मशास्त्र अनुसार" भनेका छन् किनकी, मसिहको बारेमा लेखिएका सबै कुराहरु पूरा हुन आवश्यक थियो ।

मध्यवर्ती स्थानहरु अनन्तको राज्यमा बचाइएकाहरु र आगोको भट्टिमा लगिने हराएकाहरुका लागि एउटा उपकक्ष जस्तै हो (दानिएल १२:२), दुबै ठाउँहरु निश्चित छन् । यो तब हुनेछ जब धर्मशास्त्र पूरा हुनेछ जहाँ पुत्रले दायाँमा भएकाहरुलाई मेरो पिताको राज्यमा आउने धन्यकाहरु, राज्यको उत्तराधिकारी होउ भन्नुहुनेछः र बायाँतिर भएकाहरुलाई, म बाट टाढा जा भन्नुहुनेछ र श्रापित भई अनन्तको नरकुण्डमा लगिनेछ (मत्ती २५:३४,४१)।

# एक्सानास्टासिस (EXANASTASIS)

*फिलिप्पी ३:१०-११*

*म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ, र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दुःख-भोगमा सहभागी हुन सकूँ। सम्भव भए मरेकाहरुबाट म पुनरुत्थान प्राप्त गर्न सकूँ।*

**परिचयः** प्रेरित पावलले आफ्नो प्रचारमा लगातार मृत्युबाट हुने पुनरुत्थानको बारेमा कुरा गरेका थिए, उनले यस बारे एरोपागस भन्ने ठाउँमा ग्रिकहरुको सामु बोलेका थिए जहाँ उनीहरुले उसको खिल्ली उडाएका थिए (प्रेरित १७:३२)। अर्को समयमा, उनले सदुकीहरु र फरिसीहरुको बीचमा पुनरुत्थानको बारे कुरा, जहाँ फरिसीहरुले समर्थन र पुनरुत्थानमा विश्वास गरे तर सदुकीहरुले भने गरेनन् (प्रेरित २३:६)। परिक्षाहरुमा, जब प्रेरित पावलले गवाहि दिए, उनले एउटा मामिलामा वकिल फेलिक्सको Felix सामु पुनरुत्थानको बारे कुरा गरे (प्रेरित २४:१५), अर्को समयमा, उसले अग्रीपा राजाको King Agrippa सामु आफ्नो बचाउ गरेका थिए, फेस्टसले Festus यसो भने कि, धेरै पत्रहरुले पावललाई पागल बनाएको भनी सुनाएका थिए (प्रेरित २६:२३-२४)।

यसै गरी हिब्रू ६:२ मा वचनले यसरी सिकाउँदछ कि, हामीले जान्नु पर्ने आधारभूत सिद्धान्तहरुमध्ये एउटा पुनरुत्थानको बारे रहेको छ, सम्पूर्ण सुसमाचारले यस घटनाको वरिपरि घुम्दछ, किनकी, सुरुमा मानिसलाई सधैँभरी बाँच्नको लागि सृष्टि गरिएको थियो र शत्रुले पापद्धारा त्यही अमरतालाई आक्रमण गर्न खोज्यो, जसको कारण, पापे र मृत्युले प्रवेश गऱ्यो। यसको लागि प्रतिकिया प्रभुबाट आएको छ, जो उहाँ आफै पुनरुत्थान भई मृत्युलाई पराजित गर्नुभयो।

पुनरुत्थानलाई दुई ठूला समूहहरुमा विभाजन गरिएको छः पहिलो र दोस्रो पुनरुत्थान। असल काम गर्ने र जीवनमा उठ्नेहरुको लागि पहिलो पुनरुत्थान होः भने दोस्रो पुनरुत्थान भनेको दुष्ट काम गर्नेहरुको लागि र न्यायको लागि उठेकाहरुका लागि हो (यूहन्ना ५:२९)।

**पुनरुत्थानको जीवनः** यसलाई पहिलो पुनरुत्थान भनी चिनिन्छ, र हामीलाई पुनरुत्थानको पहिलो ६ वटा कुराहरुलाई समावेश गरेको छ :

१.) प्रभुको पुनरुत्थान जो पहिलो फल हो (१ कोरिन्थी १५:२०, मत्ती २७:५३)

२.) पुराना धार्मिकता (मत्ती २७:५२-५३, हिब्रू ११:३५)

३.) खीष्टमा मरण (१ थेसलोनिकी ४:१६)

४.) २ जना साक्षीहरु (प्रकाश ११:११-१२)

५.) महासङ्कष्टमा हुनेहरु (प्रकाश ७:१४) र

६.) १००० वर्ष सहसाब्दीको अन्त्यमा हुनेहरु (प्रकाश २०:५)

**क.) प्रभु पुनरुत्थान र जीवन हुनुहुन्छ (यूहन्ना ११:२३-२४):** बाईवलका यी खण्डहरुमा, मार्थासँग प्रभुले गर्नुभएको वार्तालापको वर्णन गरिएको छ, जुन लाजरसको मृत्यु हुने समय थियो, र प्रभुले लाजरसको पुनरुत्थान बारे उनलाई भन्नुभयो। लाजरस न्यायको दिन अन्तिम दिनमा उठ्नेछ, भनी मार्थाले बुझ्छिन्, तर प्रभुले जवाफ दिनुभयो, "पुनरुत्थान र जीवन म नै हुँ (यूहन्ना ११:२५)। यहि कारणले प्रभु हामीलाई बौरी उठाउन र जीवन दिन आउनुभयो। जब हामीले प्रभुलाई हाम्रो हृदयमा राख्छौं, हामीले पुनरुत्थनको लागि ठाउँ बनाउछौं, र त्यसपछि पुनरुत्थानको प्रक्रिया हाम्रो जीवनमा सुरु भइसकेको हुन्छ।

**ख.) धर्मीहरुको पुनरुत्थान (लूका १४:१४):** यस खण्डमा, हामीले पुनरुत्थानलाई इनामको रुपमा अथवा धार्मिकताको इनाम भनेर बुझ्नुपर्छ । र यसले मानिसको मृत्युको पुनरुत्थानलाई जनाउँछ (यशैया २६:१९), तर जो अरु प्राणीहरु छन्, उनीहरु पुनरुत्थानमा सहभागी हुन पाउदैनन्, जसरी यशैयाले हामीसँग बोलेका छन् र मृत शब्दलाई उल्लेख गर्दै, रेफाइटास (REFAITAS H7496) हरु हुन् जो विशाल प्राणीहरु थिए (यशैया २:१४), उनीहरु मानव थिएनन् ।

**ग.) असल पुनरुत्थान (१ थेसलेनिकी ४:१६, हिब्रू ११:३५):** असल पुनरुत्थान त्यो हो जसले पहिलो फलको स्थानमा पुगी मरेका थिए, जो ख्रीष्टमा मरेको हुन्छ, सो व्यक्तिको पुनरुथान पहिले हुन्छ, जब न्यापचर हुन्छ। किनकी, पहिलो पुनरुत्थानमा पर्ने बाहिरी सामान्य घटना हो, जुन जीवनको पुनरुत्थान हो (प्रकाश २०:५)। यो घटनामा सहभागी हुनेहरु नै असल पुनरुत्थान हुनेहरु हुन्, यदि सेवकाई गर्ने मानिसहरु नभए पनि, उनीहरु प्रभुको दुलहीको भाग बन्छन् ।

**घ.) मृत्युबाटको पुनरुत्थान (मत्ती १७:९):** मृत्युबाट पुनरुत्थानको सुरुवात गर्नुहुने प्रभु नै हुनुहुन्छ । जीवनको पुनरुत्थानमा भाग लिनेहरु विश्वासीहरु हुन्, र उनीहरुलाई मृत्युबाट पुनरुत्थानमा हुने सहभागीहरु भनिन्छ, विशेष गरी मृत शब्दलाई ग्रिकमा नेक्रोस् (NEKROS G3498) भनिन्छ, जसको अर्थ वास्तविक वा आत्मिक रुपमा मृत्यु हो । यसले यो प्रकाश पार्छ कि, यिनीहरु नै दास्रो मृत्युमा सहभागी हुनेछ किनकी, यिनीहरुको नाउँ जीवनको पुस्तकमा लेखिने छैन । (प्रकाश २०:११-१५)।

**न्यायको पुनरुत्थान:** यो विशेषतया, अविश्वासीहरुको लागि हो, जो सेतो सिंहासनअघि राखिनेछ, जुन मृतकको नाउँ जीवनको पुस्तकमा हुँदैन। सो मृतक अग्नि-कुण्डमा फालिनेछ, जसलाई दोस्रो मृत्यु (प्रकाश २०:११-१५), (१ कोरिन्थी १५:१३) भनिन्छ । जब यी मृतकहरु उठ्नेछन्, यसलाई दोस्रो पुनरुत्थान वा न्यायिक पुनरुत्थान भनिन्छ । यी मृतकहरुको शरीरमा कुनै परिवर्तन हुँदैन, बाईवलले यस बारे के भन्छ, आउनुहोस् हामी हेर्नेछौँ : भजनसंग्रह ४९:१४, "तिनीहरुको अन्त्य भेडाको जस्तै चिहानमा हुन्छ, मृत्युले तिनीहरुलाई निल्नेछ । बिहानै सोझाहरुले तिनीहरुमाथि शासन गर्नेछन्, तिनीहरुका शाही महलदेखी टाढामा तिनीहरुका देह चिहानमा कुहेर जानेछन् ।" हामीले या पनि जानिराख्नुपर्छ कि बाईवलमा अनुवादकहरुले पुनरुत्थान शब्द वा पुनर्जीवित पारिने कार्य भनी शब्द प्रयोग गरेका छन्, तर ग्रिकमा भने फरक शब्दहरु छन् जसको अर्थ, पुनरुत्थान हो, तर यसले विभिन्न अवधारणाहरुलाई जनाउँछ । हामी यी तलका शब्दहरुमा हेर्नेछौँ :

**१.) आनिसटेमी (ANISTEMI G450):** यस शब्दको अर्थ उठ्नु (खडा हुनु), पुनरुत्थान गर्नु, जीवन दिनु (जन्म दिनु) हो । परमेश्वरले संकेत गर्नुभएको छ कि, पिताले नखिचुञ्जेलसम्म कोहि पनि उहाँकहाँ जान सक्दैन । यो शब्दले " पुनरुत्थानको कार्यलाई जनाउँछ र यसलाई १ थेसलोनिकी ४:१६ मा प्रयोग गरिएको छ ।

**२.) आनाटासिस (ANASTASIS G386):** यसको अर्थ पुनरुत्थान, मृत्युबाट पुनरुत्थान, व्यक्तिगत तथा सामान्य रुपमा पुन (आत्मिकी तवरमा) बचाइनु हो । यसको मूल शब्द जि.४५० आनिस्टेमी हो, जुन हामीले पहिले नै व्याख्या गरिसकेका छौँ । यस पुनरुत्थानमा शरीरको परिवर्तन समावेश भएको हुन्छ । अनास्टासिस भनिने शब्द प्रेरित पत्रुसले भनेका छन्, परमेश्वरको कृपाको लागि धन्यवाद, हामी पुनरुत्थानद्धारा (अनास्टासिस) फेरि नयाँ गरी जन्मेका छौँ ।

क.) उहाँ एक व्यक्ति हुनुहुन्छ (यूहन्ना ११:२५): प्रभुले पनि उहाँ आनास्टासिस भनी संकेत गर्नुभयो, उहाँ त्यहि व्यक्ति हुनुहुन्छ जसले आफूलाई पुनरुत्थान गर्नुभयो र पुनरुत्थानको सुरुवात यहि घटनाबाट सुरु भयो किनभने उहाँ पुनरुत्थान हुनुभयो र निन्द्रामा भएकाहरुको लागि उहाँ प्रथम फल हुनुभयो ( १ कोरिन्थी १५:२०)।

ख.) ख्रीष्टमा पुनरुत्थान छ (प्रेरित ४:२): प्रभुलाई चिनेपछि हाम्रो पुनरुत्थानको प्रक्रिया सुरु हुन्छ जुन हाम्रो आत्माबाट सुरु हुन्छ, प्राणमा जारी हुन्छ, र हाम्रो शरीर रुपान्तरित भएपछि यसको अन्त्य हुनेछ ।

ग.) अनास्टासिस घटना (प्रकाश २०:५): जीवन घटनाको पुनरुत्थानलाई पहिलो पुनरुत्थानको रुपमा चिनिन्छ भन्ने कुरालाई हामीले जानी राख्नुपर्दछ, र हजार वर्षको (सहसाब्दी) अन्त्यतिर यसको परिणाम हुँदछ । अनास्टासिस घटनाले ६ वटा जीवन पुनरुत्थानको मोडहरु समावेश गर्दछ ।

घ.) यसमा सहभागी हुन बप्तिष्माको आवश्यकता (KJV रोमी ६:५): बप्तिष्मामा हामी प्रभुको मृत्युमा सहभागी हुन्छौं, र उहाँको पुनरुत्थानमा भाग लिन हामीलाई अनुमति यसले दिनेछ ।

**३.) एगेरो (EGEIRO G1453):** यो शब्दको अर्थ उठाउनु, उठ्नु, उदय हुनु र केहि बाईवलमा पुनरुत्थान भनी अनुवाद गरिएको छ ।

क.) एक स्थानदेखि अर्को स्थानसम्म उठाउनु (मत्ती ८:१५): यहि उदाहरणमा, प्रभुले पत्रुसको सासुको हातलाई छुनुभयो र ज्वरोले तिनलाई छोडेको थियो । पछि, तिनी "उठिन्" (एगेरो) र उहाँको सेवा गरिन् ।

ख.) अस्थायी रुपमा मरेकाहरुबाट बौरी उठ्नु र फेरि मर्नु (मत्ती १०:८): यस्तो खालको बौरी उठाइमा, शरीरमा कुनै रुपान्तरण हुँदैन, जसले यंकित गर्दछ, ती व्यक्तिहरु बौरी उठाइएका थिए, तर फेरि मरेका थिए । हामीले विभिन्न अवस्थाहरु देख्न सक्छौं, जस्तैः

- ख्रीष्टको अनास्टासिस हुनुभन्दा अघिः विधवाको छोरालाई एलियाले पुनर्जिवित पारेका थिए (१ राजा १७:१७-२२), एलिशाले शुनम्मी महिलाको छोरालाई पुनर्जिवीत पारेको थियो (२ राजा ४:३४-३५), एलिशाको चिहानमा परेको मृतक (२ राजा १३:२१), लाजरस (यूहन्ना ११:४३, १२:१), याइरसकी छोरी (लूका ८:५४)।

**४.) एगेर्सिस (EGERSIS G1454):** यो शब्दको अर्थ पुर्नजिवन, मृत्युबाट पुनरुत्थान, पुनरुत्थान जि.१४५३ को एगेरो भन्ने शब्दबाट आएको हो । जब प्रभुले पुनरुत्थान गर्नुहुन्छ (एगेर्सिस), जसलाई उहाँले बिउताउनुभयो ( एगेरो), पुराना धर्मी पनि उहाँसँगै सहभागी हुन्छ । तथ्यहरुलाई हामी जोड्नेछौंः

क.) मन्दिरको पर्दा माथिदेखी तलसम्म दुई भागमा च्यातियो । पृथ्वी हल्लियो र चट्टान विभाजित भयो, मत्ती २७:५१

ख.) चिहानहरु उघारिए (पद ५२)

ग.) सुतिगएका धेरै सन्तहरुका मृतशरीर जिवीत भई उठे (एगेरो, पद ५२)

घ.) प्रभु उठ्नुभयो, उनीहरु उठे (एगरसिस ५३)

ङ.) तिनीहरु चहानबाट बाहिर आए (पद ५३)

च.) तिनीहरु पवित्र सहरमा गए र धेरैजना कहाँ देखा परे (पद ५३)

**५.) सुनएगेरो (SUNEGEIRO G4891):** यस शब्दको अर्थ उठाउनु, पुनरुत्थान गर्नु, पुनर्जिवित पार्नु हो । यहि शब्द मुक्तिसँग सम्बन्धित छ र हामीले ख्रीष्टमा पाएको जीवनसँग सम्बन्धित छ । यसलाई हामी तब देख्छौं, जब उहाँले हामीलाई बचाउनुहुन्छ, र उहाँमा उहाँले पुनरुत्थान गर्नुहुन्छ (एफिसी २:६), र यो बप्तिष्मामा पनि

देखा पर्दछ, जहाँ हामी खीष्टसँग बौरी उठेका हुन्छौं (कलस्सी २:१२), र यदि हामी खीष्टसँग बौरी उठ्छौं भने, हामी माथिको कुराहरुलाई खोज्नुपर्छ भन्ने संकेत गर्दछ (कलस्सी ३:१)।

६.) **एक्जेगिरो (EXEGEIRO G1825)**: हामी जान्दछौं कि, एगेरो भनेको पुनरुत्थान अथवा पुनरुत्थान भईसकेको मात्र नभई, यसको अर्थ उठ्नु हो, र एक्जेगिरोको अर्थ पूर्ण रुपमा उठ्नु र एक भनिने उपसर्गद्धारा गठित छ जसको अर्थ "बाहिर" हो । यो एक्जेगिरो घटना एक व्यक्तिगत घटना हो, र परमेश्वरले प्रभुलाई मृत्युबाट बौरी (एगेरो) उठाउनुभयो, र हामीलाई पनि उहाँको शक्तिद्धारा जिवित पार्नुहुनेछ (एक्जेगिरो) (१ कोरिन्थी ६:१४)। अरु खण्डमा, हामीले देख्न सक्छौं कि, फारेलाई पनि परमेश्वरको शक्ति (रोमी ९:१७) हेर्नको लागि उठाइयो (एक्जेगिरो) र यो खण्डको सन्दर्भ प्रस्थान ९:१६, मा गरिएको छ, जहाँ "उठाइनु" को अर्थ सेप्टुआजिन्ट बाईवलमा "संरक्षित, आरक्षित" भनी अनुवाद गरिएको छ र H5975 आमदको अर्थ रहनु हो । प्रस्थान ९:१६ मा यो भनिएको छ, "मैले तँलाई जिवित राखेको छु," त्यसैले यसले जनाउँछ कि यो पुनरुत्थान होइन, तर उहाँले हामीलाई "संरक्षण" गर्नुहुनेछ, कि "हामी मर्नेछैनौं" र उहाँले "हामीलाई जिवित पारी छोड्नुहुनेछ ।" त्यसैले १ कोरिन्थी ६:१४ ले प्रभुलाई जिवित पार्नुहुने परमेश्वरले हामीलाई "जिवित राख्नुहुनेछ" (एक्जेगिरो) भनी स्पष्ट पार्दछ । सेप्टुआजिन्ट बाईवलमा (श्रेष्ठगीत ८:५), एउटा स्त्री बिउँतिएको संकेत गर्दछ, जहाँ उसको आमालाई गर्भधारण गर्न सुत्केरी बेथाले पिडा दिएको थियो, र यहि कुरा (प्रकाश १२:४-५) सँग सम्बन्धित छ, जहाँ एउटा स्त्रीको बच्चा खोसिनलागेको थियो । उच्च पारिएको शरीर महिमित शरीर हुँदैन किनभने, सो शरीर रुपान्तरित छैन । एक्जेगिरोको कहि उदाहरणहरु हामीले तलका बुँदाहरुमा देख्न सक्छौं :

क.) हनोक (हिब्रू ११:५): विश्वासद्धारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइ लगिए, ताकि उनले मृत्युलाई नदेखुन् भनेर हो, किनभने, उसले उसको गवाहीमा परमेश्वरलाई प्रसन्न पारेको थियो ।

ख.) एलिया (२ राजा २:११): उनलाई पनि मृत्यु नदेखून् भनी उसलाई उठाइयो, उनी २ साक्षीमध्ये एक गवाहीको रुपमा आउनेछ, मर्नेछ र फेरि उठ्नेछ ।

ग.) पावल (१ कोरिन्थी १५:५१): रहस्यको बारेमा "हामी मध्ये सबैजना सुत्ने छैन" भनी समावेश प्रेरित पावलले गरेका छन्, र पाराउसियामा फिलिप्पीहरुलाई पुन भेट्नुको लागि संकेत दिएका छन् ( फिलीप्पी १:२६), यसैगरि उनी जिवित हुनेछन्, र प्रभुको आगमन नभएसम्म यहि हुनेछन् (१ थेसलोनिकी ४:१५)।

घ.) यूहन्ना (यूहन्ना २१:२३): येशूले तिनी मर्दैनन् भन्नुभएको थिएन, तर जिवित रहिरहनुहुनेछ भन्नुभयो । उहाँले फेरि भविष्यवाणी गर्नुहुनेछ भनी उहाँको वचनमा भन्नुभएको छ (प्रकाश १०:११)।

ङ.) यो पुस्ता बितेर जानेछैन (मत्ती २४:३४): यो नभएसम्म यो पुस्ता बितेर जानेछैन भनी परमेश्वरले संकेत गर्नुभएको छ । मत्ती २४ मा, जुन समूह वा व्यक्तिको बारे व्याख्या गरिएको छ, उनीहरुलाई सुरक्षित गर्न सकिन्छ । किनभने पुस्ता बितेर जानको लागि त्यहि पुस्ताका मानिसहरु पहिले मर्नुपर्दछ, तर यदि कोहि जिवित छ भने, त्यो पुस्ता बितेको छैन ।

च.) प्रभुसँग त्यहाँ कोहि थिए (मत्ती १६:२८): यस खण्डमा प्रभु भन्नुहुन्छ कि कसै कसैले प्रभुलाई आफ्नो राज्यमा आउदै गरेको नदेखेसम्म मृत्युको स्वाद पाउनेछैनन् ।

छ.) हामीले एक व्यक्तिगत एक्जेगिरो (रोमी ८:११) को लागि इच्छा गर्न सक्छौं यो खण्डलाई अर्को दृष्टिकोणबाट बुझ्न जरुरी छ । यसले हामीलाई बताउँदछ, जुन आत्माले (एगेरो) मृत्युबाट प्रभुलाई उठाउनुभयो, यसले पुनरुत्थानको बारे मात्रै बताउदैन, तर प्रभु जैतुन डाँडाको भूमिबाट बौरी उठ्नुभएको (प्रेरित १:११-१२), त्यसैगरी त्यहि आत्माले जिवन्त बनाएको (जोपोइयो ZOOPOIEO

G2227) जुन हामीलाई जोइ (Zoe) जीवन दिँदछ, जसले हामीलाई जिवित प्राणीहरुको अचाइमा एक्जेगिरो पाउन सक्षम गराउँछ ।

ज.) नकारात्मक उदाहरणहरुः केहि पात्रहरु परमेश्वरको शक्तिलाई हेर्नको निम्ति राखिएको हुन्छ, जस्तै फारो, जसले प्रभुलाई (प्रकाश १:७) र कयिनलाई घोचे ।

७.) **एक्सानास्टासिस (EXANASTASIS G1815):** फिलिप्पी ३:११ मा यो शब्दलाई देख्न सकिन्छ, जहाँ बाईवलले भन्छ, ''सम्भव भए मरेकाहरुबाट म पुनरुत्थान प्राप्त गर्न सकूँ ।'' प्रेरित पावलले यहाँ केहि जिज्ञासु कुरा भनेका छन्, किनभने सबै मानिसहरु पुनरुत्थान हुनेछन्, र अझ खीष्टयान भएको कारणले यो तार्किक छैन, त्यहि भएर उनले भईरहने पुनरुत्थानको बारे त्यति कुरा गरेनन् । पावलले यहाँ अन्तराष्ट्रिय घटना बारे जनाउन खोजेका थिए । त्यसैले ग्रिकमा ''एक'' अथवा ''एक्स्'' EK or EX भनिने उपसर्गलाई सम्झनेछौं, जसको अर्थ, ''बाहिर'', जहाँ एक्सानास्टासिस ''पुनरुत्थान बाहिर'' हुने घटना बन्दछ । त्यसैले पावलले भनेका छन् ''यदि म कुनै न कुनै रुपमा पुनरुत्थान (अनास्टासिस) भनिने घटनाबाट बाहिर निस्कन्छु भने,'' यहि घटना चाहिँ ''Rapture'' ''र्‍याप्चर'' ''उठाइनु'' हो । त्यहाँ दुई प्रकारको एक्सानास्टासिसहरु छन्:

क.) एक्सानास्टासिस , समय बाहिरः यो घटना त्यो व्यक्तिसँग व्यक्तिगत छ, जो खीष्टको पुनरुत्थान अघि उठाइएको (एगेरोस/आनिसरेमी) छ, जसले पुनरुत्थानको भागलाई चाख्यो, तर पहिले नै बौरी उठेको तथ्यको कारणले गर्दा, यिनीहरुलाई एक्नास्टासिस भनिन्छ ।

ख.) एक्सानास्टासिस (Exanastasis), पुनरुत्थान बाहिरको घटना (अनास्टासिस)(anastasis): यो घटना विश्वव्यापि छ र यसलाई र्‍यापचर भनिन्छ । यो पुनरुत्थान बाहिरको घटना हो । यसले प्रेरित पावलले हासिल गर्न चाहेको कुरालाई जनाउँछ, र यसलाई एक्सानास्टासिस भनेर चिनिन्छ, पावल अझै त्यो स्थानसम्म पुग्न सकेका छैनन् र त्यहाँ अझै सिद्ध छैनन्, तर यहि हुनलाई उनी चाहन्छन्, र जुन कुराको लागि उनलाई छुटकारा दिइएको थियो, त्यहि ठाउँसम्म पुग्न जारी नै छन् (फिलिप्पी ३:१०-१२)। यसले यो देखाउँछ, कि प्रेरित पावलले आफ्नो मृत्यु हेर्न चाहेको थिएन, किनभने ''हामी सबै सुन्दैनौं'' भनिने रहस्यमा भाग लिन उनी चाहन्थे, र एक्जानास्टासिसमा भाग लिन अपेक्षा गरेका थिए, जुन आनास्टासिस घटना बाहिरको छ, त्यो हो, पुनरुत्थान । पुनरुत्थानको लागि निदाउन (मर्नु) आवश्यक छ । र प्रेरित पावल मृत्यु देख्न चाहेको थिएन ।

हामीले सिद्ध मानिसको र जिवित प्राणीहरुको उचाइमा पुग्ने चाहना गर्नुपर्छ, किनकी खीष्टलाई उठाउनुभएको आत्माले हामीलाई पनि जिवित पार्नुहुनेछ, अर्थात् उहाँले हामीलाई जिवित प्राणीहरुको उचाई दिनुहुनेछ ताकि, हामीले एक्जिगिरोको इच्छा गर्न सकौं (रोमी ८:११), तर प्रभुको आगमन हुनुभन्दा अघि यसलाई प्राप्त गर्न सक्दैनौं भने, हामी एक्जानास्टासिसमा सहभागी हुन चाहना राख्नुपर्दछ जहाँ हामी र्‍याप्चर हुन सक्छौं । बाईवलले भन्दछ कि, यदि हामी उहाँलाई हेर्न चाहन्छौं र उहाँमा हाम्रो आशा छ भने, हामी आफूलाई शुद्ध पारौं, जसरी उहाँ शुद्ध हुनुहुन्छ (१ यूहन्ना ३:३)। हामी हृदयमा सिद्ध हुने चाहना सधैं रहिरहोस्, हामीमा असल काम सुरु गर्नुहुनेले पक्कै पनि सिद्ध बनाउनुहुनेछ (फिलिप्पी १:६)।

# पुनरुत्थानका मोडहरु (TURNS OF RESURRECTION)

*हिब्रू ६:१-२*

*यसकारण ख्रीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरुलाई छोडेर हामी परिपक्वतातर्फ बढौं । मृत्युतिर लैजाने कर्महरुबाट पश्चाताप र परमेश्वरमाथिको विश्वासका कुराको जग फेरि नबसालौं । विभिन्न बप्तिष्माहरुसम्बन्धि शिक्षा, हात राख्ने काम, मरेकाहरुको पुनरुत्थान र अनन्त दण्डजस्ता कुराहरुको जग फेरि नबसालौं ।*

**परिचयः** पुनरुत्थानको घटना दुई भागमा विभाजित गरिएको छः पहिलो पुनरुत्थान, जसलाई ६ वटा बुँदामा विभाजन गरिएको छ, र दोस्रो पुनरुत्थान (प्रकाश २०:५-६)। पुरानो करारमा हामीले पुर्नस्थापित भएका मानिसहरुको एउटा समूहलाई भेट्टाउछौँ, जो पुनरुत्थानमा सहभागी भएन किनकी, उनीहरुको शरीर परिवर्तन भएको थिएन, कहिलेकाहिँ यसले भ्रम सिर्जना गर्दछ, तथापि, हामीले सोचौँ कि, यदि तिनीहरुको पुनरुत्थान भएको भए, हाम्रा प्रभु सबै कुरामा पहिलो फल हुनुहुन्थिएन होला (१ कोरिन्थी १५:२०)।

यसैले हामी जो अझै जिवित छौँ, हामीले बुझ्नुपर्दछ कि कुनै बिन्दुमा हामी सुत्नेछौँ (शारिरीक मृत्यु) र पुनरुत्थान नै प्रत्येक ईसाइको आशा हो । बाईवलले देखाउदछ कि, मृतकहरुका बिचमा पुनरुत्थन एउटा प्रारम्भिक र प्राथमिक शिक्षा हो भनी देखाउँछ ताकि हामीले जान्नुपर्दछ कि, सत्यबाट विचलित हुन नपरोस् (हिब्रू ६:१-२: २ तिमोथी २:१७-१८), यहि, विषयमा, हामी पुनरुत्थानका सातवटा फरक मोडहरुलाई सम्बोधन गर्नेछौँ ।

बाईवलले देखाउँछ कि त्यहाँ यस्ता मानिसहरु थिए जसको मृत्यु भयो र फेरि जिवित भए, तर उनीहरु अविनाशी र अमर शरीर लिएर भएन र केहि समय पश्चात् उनीहरु मर्नुपऱ्यो (यूहन्ना १२:१७)। लाजरसको “पुनरुत्थान” को वर्णन गर्ने खण्डको विश्लेषण गर्दा, हामीले याद गर्छौँ कि, “उठाइनु” शब्द एगेरो EGEIRO (स्ट्रोङ जि १४५३) शब्द हो जुन एक प्रकारको उदय हो र यो शब्द पुनरुत्थानको घटनालाई महिमित शरीरका साथ विश्लेषण गरिने शब्द अनास्टासिस ANASTASIS शब्द भन्दा फरक छ (स्ट्रोङ जि ३८६)।

पुरानो करारमा, हामीले पाउन सक्छौँ कि, अयूबसँग यहि आशा थियो र कुनै न कुनै रुपमा हाम्रो प्रभु येशू ख्रीष्टले मानिस जातिलाई पापबाट छुटकारा दिन सहभागी हुनुहुनेछ भन्ने घटना उहाँलाई प्रकट गरिएको थियो (NIV/NVP अयूब १९:२५)। यसले हामीलाई विश्वासीहरु भएर हाम्रो हृदयमा आशा राख्ने महत्वलाई देखाउँछ, हामी चाहे मरे ता पनि वा उहाँको लागि बाँचे पनि (रोमी १४:८), उहाँले पापबाट छुटकारा दिनुभएको कारणले गर्दा हामी छौँ र केहि कारणहरुले गर्दा, यदि हाम्रो शारिरीक मृत्यु भयो भने पनि हामी अविनाशी शरीर र पापसँग कुनै सम्बन्ध नभएको शरीर लिएर हामी उठाइनेछौँ ।

प्रभु येशू ख्रीष्टले देखाउनुहुन्छ कि चिहानहरुमा पनि तिनीहरुले उहाँको आवाजलाई सुन्नेछन्, यहाँ उहाँले जीवनको पुनरुत्थान र न्यायको पुनरुत्थान बारे बोल्दै हुनुहुन्छः विश्वासीहरुको लागि जीवनको पुनरुत्थान छैटौँ पालोमा हुनेछ र पुनरुत्थानको न्यायको लागि त्यहाँ केवल एउटा पालो मात्रै हुनेछ जसको नाम जीवनको पुस्तकमा लेखिएको हुँदैन अनन्त दण्डको भागिदार हुन्छः यसको अन्तिम पालोमा सबै पुस्ताका जिवित र मृत्युमा प्रवेश गर्नेछ (यूहन्ना ५:२८-२९, दानिएल १२:२-३)।

पुनरुत्थानको घटनालाई व्याख्या गर्ने शब्दः अनास्टासिस ANASTASIS (स्ट्रोङ जि ३८६) हो, जुन यसमा भाग लिने विश्वासीहरु अविनाशी, आत्मिकी शरीरमा आउँदछन् र हाम्रो प्रभु येशू ख्रीष्ट जस्तै पापसँग सम्बन्ध राख्दैनन् (१ कोरिन्थी १५:४२-४४)। यस समयमा भाग लिनको लागि जो कोहिलाई कुनै पनि पालोमा पुनरुत्थन हुन सक्छ भनेर स्पष्ट पारिएको छ जुन हामी पछि वर्णन गर्नेछौँ, माथि उल्लेख गरिए अनुसार आत्मिक उचाइ र परिपक्वपनमा विश्वासी जिउँदै पुग्नेछन् ।

हाम्रो खीष्टयान जीवनको प्रकृया भनेको आत्मामा छिटो हुनु (१ कोरिन्थी १५:२२), प्राणमा पुर्नस्थापना हुनु हो (भजनसंग्रह १९:७), प्राण पूर्व-अस्तित्वमा छैन, यो शरीरमा भएको आत्माबाट बनाइएको हो र अन्त्यमा हामी आशावादी हुन्छौँ किनकी, हाम्रो शरीर र परमेश्वरको सन्तानको रुपमा परिवर्तन हुनेछ (रोमी ८:२३)। त्यसकारण बाइवलले हामीलाई हाम्रो सम्पूर्ण कुरा सिकाउँछ ताकि हाम्रो पूरा जीवन प्रभु येशू खीष्टको आगमनमा निर्दोष हुनुपर्छ (१ थसलोनिकी ५:२३)।

बाईवलमा हामीले विभिन्न पदहरु र उचित क्रमलाई देख्न सक्छौँः खीष्ट, पहिलो फलहरु, र त्यसपछि उहाँको आगमनमा खीष्टका हुनेहरु (१ कोरिन्थी १५:२३)।

**१.) पहिलो पुनरुत्थान (प्रकाश २०:६):** पहिलो पुनरुत्थनमा भाग लिनेहरु, दोस्रो मृत्युको शक्ति तिनीहरुमाथि हुँदैन । दोस्रो मृत्युलाई बाइवलले आगोको भट्टी/ताल (प्रकाश २०:१४) भनेर परिभाषित गरेको छ, पहिलो मृत्यु भौतिक शरीरका हुनेछ र त्यहाँबाट नै पुनरुत्थान हुन सक्छ, यद्यपि, दोस्रो मृत्युबाट भने होइन किनकी, त्यो निश्चित स्थान होः केवल प्रभु येशू खीष्टले त्यो ठाउँ छोड्न सक्नुभयो किनभने, उहाँमा कुनै पाप थिएन, यद्यपि पिताले उहाँलाई हाम्रो खातिर पाप बनाउनुभयो (२ कोरिन्थी ५:२१), हामीले याद राख्नुपर्छ कि, प्रभु खीष्टले पूर्ण सर्वनाशमा दोस्रो मृत्युमा भाग लिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने त्यहाँ भाग नलिउन् भनी उहाँ स्वयम्ले भाग लिनुभयो । बाईवलले हामीलाई सिकाउँदछ कि, मानिसहरु एक पटक मर्छन् र त्यसपछि, न्यायचित हुन्छन् (हिब्रू ९:२७), विश्वासी भएको खण्डमा, उ सुत्नेछ, त्यसपछि अनन्तको पद र इनाम प्राप्त गर्नको निम्ति उसलाई न्याय गरिनेछ, यदि उसको अधिकार छ भने मात्र, नत्रता अविश्वासीहरु दुई पटक मर्नुपर्नेछ (शारिरीक मृत्यु र दोस्रो वा अनन्तको मृत्यु) किनकी, तिनीहरु आगोको तालमा भाग लिनेछ । पहिलो पुनरुत्थानमा ६ खुड्किलोहरु छन् जुन हामी पढ्न गईरहेका छौँ :

**क.) पहिलो खुड्किलो - खीष्ट (१ कोरिन्थी १५:२०):** यस पदमा हामीले खीष्ट पहिलो फल हुनुहुन्छ जो निन्द्रामा परेकाहरुबाट बिउतनुभयो (अनास्टासिस), र यसपछि एक आत्मिकी शरीरसँग पृथ्वीमा पुनः परिचय गरियो । बाईवलले सिकाउँदछ कि, प्रभुले आफ्नो जीवन त्याग्नुभयो र आफ्नो आत्मा पितालाई दिनुभयो (यूहन्ना १०:१८, लूका २३:४६)। क्रूसमा मर्नुभएपछि, उहाँलाई चिहानमा राखियो, उहाँले पुनः आफ्नो जीवन सुरु गर्नुभयो, जसरी उहाँले आफ्ना चेलाहरुलाई घोषणा गर्नुभएको थियो ( यूहन्ना १०:१८), त्यस क्षणमा एगेरोमा भाग लिनुभयो (उठाइदै वा पुनः जीवनमा समावेश हुँदै), पृथ्वीको गहिराइमा उहाँ नाश हुनुपऱ्यो जलेर खरानी हुनुपऱ्यो), जसबाट उहाँ पवित्र आत्माद्धारा पुनरुत्थान हुनुभयो (अनास्टासिस) (रोमी ८:११)। प्रभुको पुनरुत्थानपछि, अरु धेरैजनाहरुको लागि आत्मिक शरीरको साँचो पुनरुत्थानमा भाग लिन बाटो खोलियो, किनकी, उहाँको अघि "पुनरुत्थान" हुनेहरुले मात्र "एगेरो" वा जीवनमा पुन समावेश गरिनेछ र त्यसपछि निदाउनेछ (शारिरीक मृत्यु)।

**ख.) दोस्रो खुड्किलो - पुरानो करारका सन्तहरु (मत्ती २७:५२-५३):** यी ती सन्तहरु हुन, जो येशूको पुनरुत्थान पछि सुतेका थिए र उठेका थिए । उनीहरु मृत्युबाट पुनरुत्थानको प्रतिज्ञाको पर्खाइमा थिए र प्रभुले पर्खिरहेकाहरुको निम्ति बाटो खोल्नुभयो, जो प्रभुलाई खुशी पार्नको निम्ति जोशका साथ मरेका थिए । यी खण्डहरुमा उनीहरुले पवित्र शहरमा प्रवेश गर्दछन्, जो यरुशलेम हो, र यसो पनि भन्ने गरिन्छ कि, उनीहरु संसारिक यरुशलेममा पनि प्रवेश गर्ने संकेत गर्दछ र सम्भवतः दुबै संस्करणहरु स्वीकार गर्न सकिन्छ, जो पहिले पुनरुत्थान भएका थिए, उनीहरु संसारमा हुने यरुशलेममा आफूलाई पछि लैजान प्रस्तुत गर्दछन् र पछि, माथिको स्वर्गीय यरुशलेममा प्रवेश गर्नेछन् ।

**ग.) तेस्रो खुड्किलो - विजेताहरु भन्दा बढि रुपान्तरीत (१ कोरिन्थी १५:५१):** यो एक रहस्य हो, हामी सबै सुत्ने छैनौँ, तर हामी सबै रुपान्तरीत हुनेछौँ । टोरेस अमाट बाईवलले यो देखाउँछ कि, हामी सबै स्वर्गीय मानिसहरुमा परिवर्तन हुनेछैनौँ, यसको मतलब जो विजेताहरुको (पहिलो फलका सेवक) स्थानमा आफूलाई दिदैन वा कुनै खोट वा चौरीपना बिना शुद्ध कन्या जस्तै थुमाको बिवाहको लागि तयारी हुँदैन भने, तिनीहरु स्वर्गीय शरीरमा परिवर्तन हुनेछैनन् । हामी स्पष्ट हुनुपर्दछ कि, खीष्टमा

मरेकाहरु सबैजना विश्वासी हुँदैनन् तर जसले आफ्नो "म" भन्ने शब्दलाई हटाउन अनुमति दिन्छ भने प्रभुले जीवनहरुको सबै क्षेत्रहरुलाई शासन गर्नुहुन्छ र कब्जा गर्नुहुन्छ, यद्यपि, उनीहरुलाई पछि "सुत्न" चिहानमा लगिन्छ, पछि आत्मिक शरीरको साथ पुनरुतथान हुनेछ र जो यस्तो स्थानमा हुन सक्दैन, उनीहरुले यहि चोटि/पालोमा पुनरुत्थान हुँदैनन् तर अर्को पालोमा भने हुन सक्लान् ।

घ.) **चौथो खुड्किलो - दुई साक्षीहरु (प्रकाश ११:९-१२):** यिनीहरुले साढे तीन वर्षसम्म संकष्टको सुरुदेखि संकष्टको मध्य सम्म प्रचार गर्नेछन्, तर जनावरले तिनीहरुलाई मार्नेछ, तिनीहरुको लाशहरु ठूलो सहरको सडकमा हुनेछन् र साढे तीन दिनसम्म तिनका लाशहरुलाई सम्पूर्ण मानव जातिहरुले हेर्नेछन् र ती लाशहरु गाड्न भने दिइनेछैन । तर त्यसपछि, स्वर्गबाट उनीहरुले यस्तो एउटा ठूलो आवाज सुन्नेछन् : "यता माथि आओ," र तिनीहरु महासंकष्टको बिचमा नै माथि उठाइनेछ । दश कन्याहरुको दृष्टान्तमा, बुद्धिमातीहरु मध्यरातको बेला दुलहालाई भेट्न बाहिर गए, यसले महासंकष्टको समयमा हुने मध्ये समयलाई जनाउँछ (मत्ती २५:६,१०)। यी बुद्धिमानी कुमारीहरु विवाह भोजमा उपस्थित हुन सक्षम हुनेछन्, वा केवल पाहुनाको रुपमा दुलहीको रुपमा भने होइन, तर छोड्नु अघि अभिषेक खोपि दिएका थिए । लापरवाहि गर्नेहरुले संकष्टको पहिलो साढे तीन वर्षमा मापन गरेनन् र तिनीहरु महासंकष्टको समय सम्म रहिरहनुपर्नेछ र तिनीहरुले येशूको गवाहिको कारण उनीहरुले आफ्नो जीवन दिनुपर्ने हुन्छ । पुनरुत्थानको पाँचौं पालोमा पुनरुत्थान हुनेहरु  यी नै हुन् ।

ङ.) **पाँचौं पालो - पशुलाई पूजा नगर्नेहरु (प्रकाश २०:४: ७:१४):** यिनीहरु पुनरुत्थान भएकाहरु हुन्, येशूको गवाही र परमेश्वरको वचनको कारण जसको शिर काटिएको थियो, र जसले पशु वा मूर्ति पूजा गरेका थिएनन्, न त तिनीहरुले निधारमा छाप पाएका नै थिए । उनीहरु फेरि जिवित हुनेछन् र खीष्टसँग हजार वर्षसम्म शासन गरे । यो समय महासंकष्टको अन्त्यमा र सहशाब्दी (हजार वर्ष) को शुरुवातमा हुनेछ ।

च.) **छैटौं पालो - सहशाब्दीको अन्त्यमा (प्रकाश २०:५,१२):** यो परिवर्तनलाई बटुल्ने समय भनेर चिनिन्छ, र वचनले संकेत गर्छ कि सहशाब्दी पछिसम्म बाँकी मरेकाहरु फेरि जिवित भएनन् । यो छैटौं पालो हो र त्यहिबेला नै पहिलो पुनरुत्थानको अन्त हुन्छ, जुन जीवनको पुनरुत्थन हो ।

२.) **दोस्रो पुनरुत्थान (प्रकाश २०:६):** पहिलो पुनरुत्थानमा भाग लिनेहरु दोस्रो मृत्युको शक्ति तिनीहरुमाथि हुनेछैन । दोस्रो मृत्युलाई वाईवलले आगोको अग्नि-कुण्ड (प्रकाश २०:१४) भनेर परिभाषित गरेका छ, पहिलो मृत्यु भौतिक शरीरमा हुन्छ र त्यहाँबाट पुनरुत्थान हुन सक्दछ, यद्यपि दोस्रो मृत्युबाट भने होइन, किनभने यो निश्चित स्थान हो: केवल प्रभु येशू खीष्टले त्यो ठाउँलाई छोड्नुभयो किनभने उहाँमा कुनै पाप र भ्रष्टता देखिएन, यद्यपि पिताले उहाँलाई हाम्रो लागि पाप बनाउनुभयो (२ कोरिन्थी ५:२१), याद गरौं कि प्रभुले दोस्रो मृत्यु खीष्ट पूर्ण रुपमा नाश हुनुपरेको थियो, ताकि हामीमध्ये विश्वास गर्ने कोहि पनि यसमा भाग लिन नपरेको होस् । तर यो दोस्रो पुनरुत्थान, न्यायको रुपमा समुद्रले मृतकहरुलाई छोडिदिन्छ, र जीवनको पुस्तकमा दर्ता नभएकाहरु भने अग्नि कुण्डमा फालिनेछ । यिनीहरु पशुसँग, झूटा अगमवक्ता, मृत्यु र पातालसँग हुनेहरु दोस्रो मृत्युमा सहभागी हुनेछन् । तिनीहरु सबै अग्नि कुण्डको तालमा फ्याँकिनेछन् । मानिसहरुको अर्को समूहबारे जो दोस्रो मृत्युमा सहभागी हुनेछन् भनी बाईवलले व्याख्या गर्दछ (प्रकाश २१:८), यी मानिसहरुले आफूलाई खीष्टयान भन्छन्, पापहरुमा सहभागी हुन्छन्, जो अग्नि कुण्डमा फालिनेछ, जुन हामीले अघि नै यो निश्चित स्थानमा तिनीहरु अनन्तसम्म सताइनेछन्, हामी हेर्नेछौं तिनीहरु को-को हुनेछन्:

क.) **डरपोक र अविश्वासीहरु :** कायरहरु सबै हार्नेछन् भनी बाईवलले हामीलाई देखाउँछ (हिब्रू १०:३७-३९) यसको सम्बन्ध भनेको अविश्वासीसँग छ किनकी: विश्वासले भरिएका मानिसहरुले आफ्नो आत्मा बचाउनेछन् भनी बाईवलले बताउँछ । फर्किनु भनिने शब्द ग्रिकमा: हुपोटोल भन्दछ र जसको अर्थ: यरपोक वा गोप्य रुपमा फिर्ता लिनु/पछि हट्नु हो । यसको उदाहरण हामीले पत्रुसको जीवनमा देख्न सक्छौं कि जब खतना हुनेहरु

आइपुग्दा, “हुपोटेलो” (HUPOSTELO)अनुग्रहबाट पछि हट्छ, उनी खतनाको लागि आफ्नो स्वतन्त्रतामा डरको कारण पछि हटेको थियो (गलाती २:११-१५)। येशू ख्रीष्टको सिद्धान्तमा नरहनेहरु हराउनेछन् । तर प्रेरित पत्रुसले भने पश्चाताप गरे र आफ्नो व्यवहारलाई सुधारे र पुर्नस्थापित भए ।

**ख.) घृणित र मानव हत्या :** कतिपय मृत्युद्धारा पाइने दण्डनीय घृणित कार्यहरु बाईवलले हामीलाई देखाउँछ, यस अवस्थामा हामीले ती मध्ये एउटा कुरालाई देख्न सक्छौं जसले यो संकेत गर्दछ : “कुनै मान्छेले स्त्रीसँग सम्भोग गरे झैं पुरुषसित गऱ्यो भने त्यो घृणित काम हो । तिनीहरु मारिनै पर्छ । तिनीहरुको अपराध तिनीहरुकै शिरमाथि परोस् ।” (लेवी २०:१३) यो फेरि यस तथ्यको कारण तिनीहरुले परमेश्वरलाई शासकको रुपमा चिन्दैनन् र उहाँले तिनीहरुलाई अपमानजनक भावनाहरुमा सुम्पिदिनुहुन्छ (रोमी १:२७)।

**ग.) व्याभिचारी र जादुगरहरु :** व्याभिचारीहरुका लागि प्रयोग गरिएको शब्द पोर्नोस (स्ट्रोङ जि ४२०५) हो, जसको अर्थ : जसले आफ्नो शरीर वेश्यावृतिको लागि इच्छाहरुको लागि अर्पण गर्दछ । ग्रिकमा जादुगर भनेको फारमाकेअस (स्ट्रोङ जि ५३३२) हो, जसको अर्थ : जसले जादुई उपचारहरुको तयारी वा प्रयोग गर्दछ र यस शब्दको उत्पती फरमाकोन शब्दबाट आएको हो, जसको अर्थः औषधि हो । त्यसैले यस्तो मानिसहरुले शरीर बेच्ने र लागुऔषध प्रयोग गर्नेहरु दोस्रो मृत्युको लागि तयार हुदछ ।

**घ.) मूर्तिपूजकहरु र झूटाहरु :** परमेश्वरले सधैं मूर्तिपूजाको निन्दा गर्नुभएको छ जुन मूर्तिपूजा मात्र नभई मानिसहरुलाई पनि हो । त्यसैगरि संकष्टकालको समयमा, मानिसहरुले पशुको पूजा गरेर मूर्तिहरु बनाउँछन्, सृष्टिकर्तालाई पुज्नको साट्टो यस्ता सृष्टिहरुलाई पुज्न सहभागी हुनेहरुमा कामवासना हुनेछ (रोमी १:२४-२५) र दण्डित हुनेछ । ग्रिकमा झूटो शब्दलाई “सिउडेस” PSEUDES भनिन्छ (स्ट्रोङ जि ५५७१) र यसको अर्थ नक्कली हो । वाईवलमा यो शिर्षकहरुलाई हामीले भेट्टाउन सक्छौं : झूटा अगमवक्ताहरु (१ यूहन्ना ४:१), झूटा शिक्षकहरु (२ पत्रूस २:१), झूटा दाजुभाईहरु (गलाती २:४), झूटा प्रेरितहरु (२ कोरिन्थी ११:१३), झूटा साक्षीहरु (१ कोरिन्थी १५:१५)। त्यहि भएर अधर्म काम गर्नेहरुलाई प्रभुले अस्वीकार गर्नुहुन्छ चाहे उनीहरुले अगमवाणी बोलोस्, प्रचार गरोस्, वा भूत निकालोस् तर छल र झूटले काम गरेका हुनाले उनीहरुलाई अस्विकार गर्नुहुन्छ (मत्ती ७:२२-२३)।

प्रत्येक विश्वासीले मृत्यु देख्ने आशा गर्नुहुँदैन, यद्यपि कुनै समयमा, मृत्युको अधिकार उसमाथि छैन भन्ने ठाउँ दिनुपर्दछ र यसलाई बुझ्नुपर्दछ, तर पृथ्वीमा हुँदा उसको जीवनशैली उहाँमा निर्भर हुन जरुरी छ, यसले पुनरुत्थान हुनलाई पालो आउनेछ र सक्षम हुनेछ, यदि अन्त्यको समयमा प्रभुलाई चिन्दैन भने, उ दोस्रो पुनरुत्थानमा भाग लगाइनेछ जुन दण्डित छ । तर बचाइएकाहरु, चाहे हामी मरुन् वा बाँचून्, उनीहरु परमप्रभुका हुन् किनभने हामीलाई उहाँको रगतद्वारा किन्नुभएको छ, उहाँले पितालाई हाम्रो ऋण र हाम्रो जीवनलाई प्रतिकूल तुल्याउने आदेशहरुको अभिलेख खारेज गर्नुभयो । यसकारण हामीले प्रभुको लागि पवित्र मार्गमा जिउनुपर्छ र यदि हामीले पाप गर्छौं भने, हामीले क्षमा माग्न र हाम्रा गल्तीहरुबाट शुद्ध हुन उहाँको सामू आफैलाई प्रस्तुत गर्नुपर्दछ ।

# पूर्व नियुक्तिकरण र पूर्वनिर्धारण (PREDESTINATION AND PREORDINATION)

*रोमी ८:२९-३०*

*जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरुलाई आफ्ना पुत्रको रुपसमान बनाउनलाई, धेरै भाइहरुमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अधिबाटै नियुक्त गर्नुभयो । जस-जसलाई उहाँले अधिबाटै नियुक्त गर्नुभयो, तिनीहरुलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरुलाई उहाँले धर्मि पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरुलाई उहाँले महिमित पनि पार्नुभयो ।*

**परिचय :** परमेश्वर आत्माहरुका पिता हुनुहुन्छ (हिब्रू १२:९)। पृथ्वी सृष्टि गर्न अघि, परमेश्वरले आत्माहरु बनाउनुभयो । उहाँले स्वर्गदूतहरु र मानव प्राणीहरु (हिब्रू १:७ः उत्पत्ती २:१), बनाउनुभयो, जुन विशेष कार्यहरु गर्नलाई शरीर दिनुभयो । जब परमेश्वरले कुनै चिज सृष्टि गर्नुभयो, उहाँले निश्चित उद्देश्यका साथ गर्नुभयो र उहाँले खराब चिजहरु वा प्राणीहरु बनाउनुभएन (इजकिएल २८:१५)। उहाँले गर्नुभएको सबै कुरा असल र सिद्ध छ, तर उहाँले आफ्ना प्राणीहरुलाई स्वतन्त्र इच्छा दिनुभयो, जुन हामीले उहाँको आज्ञालाई मान्ने वा नमान्ने भनेर छनौट गर्ने क्षमता हो (उत्पत्ती ४:७)। आदम र हव्बालाई जस्तै स्वर्गमा आफ्ना प्राणीहरुलाई उहाँले जाँच्नुहुन्छ (प्रकाश १२:८-९)।

रोमी ८:२९ मा, पूर्व नियुक्त हुनु अघि, परमेश्वरलाई पहिले नै थाहा थियो । यसको मतलब उहाँले अगाडि नै निर्धारित गर्नुभएको थियो, प्रत्येकले के छान्ने, र को सम्मानका पात्रहरु हुने र को अपमानका पात्रहरु हुने अनुसार निर्धारित गर्नुभयो (रोमी ९:२१)। त्यसैगरी, उहाँले पहिले - निर्धारित (एफिसी २:१०) कार्यहरु, कामहरु गर्नुभयो जुन उहाँले सृष्टि गर्नुभएको प्राणीहरुले उनीहरुको छनौट अनुसार पूरा गर्नुपर्दथ्यो । यो थोपिएको कुरा भने थिएन तर यी प्राणीहरुले उक्त कार्यहरु पूरा गर्न स्वीकार वा अस्वीकार गर्ने अधिकार थियो । यसको उदाहरण जब पिताले गर्नुभएको मुक्तिको योजना कार्यन्वयन गर्न सोध्नुभयो : तब मैले परमप्रभुको यो आवाज सुनें, "म कसलाई पठाउँ, र हाम्रा निम्ति को जाने ?" अनि मैले भनें, "म हाजिर छु । मलाई पठाउनुहोस्..." (यशैया ६:८)। दाउदले भजनसंग्रह १३९:१६ मा व्यक्त गरेका थिए कि, सबै चिजहरु परमेश्वरको पुस्तकमा लेखिएको छ, येशूले तिनीहरुलाई पूर्ण रुपमा पूरा गर्नुहुनेछ, जसरी तिनीहरु पहिले नै निर्धारित थिए ।

इच्छाअनुसार नै यी प्राणीहरु जीवन अघि नै बनाइयो, कतिपयले ख्रीष्टलाई मुक्तिदाताको रुपमा स्वीकार गर्न चुने, र कतिपयले उहाँलाई नचुनी, संसारलाई चुने । यी तीन समूहहरुबाट परमेश्वरले पहिलोलाई उहाँका छोराहरुका रुपमा ग्रहण गर्नलाई चुन्नुभयो (एफिसी १:३-६), उहाँलाई जसले अस्वीकार गर्छ, त्यसलाई विनाशको लागि निर्धारण गर्नुभयो ( यूहन्ना १३:८, रोमी ९:१३-२४) र वैकल्पिक रुपमा, तिनीहरुलाई शरीरमा हुँदा आफूलाई बचाउने मौका दिनुभयो ।

परमेश्वरले हामी प्रत्येकको लागि योजनाहरु तयार गर्नुभएको छः अर्थात् उहाँले हामीलाई पृथ्वीमा छँदै ख्रीष्टको शरीरमा विशेष कार्यहरु गर्नको लागि पहिले नै निर्धारण गर्नुभएको छ : त्यसैगरी उहाँले हाम्रो लागि पहिले नै कामहरु पूरा गर्नलाई निर्धारण गर्नुभएको छ (फिलिप्पी ३:१२), त्यसैले उहाँको शरीरमा हाम्रो जिम्मेवारी के हो भनी सोध्नलाई प्रभुलाई हामीले कुन तरिकाले हाँसिल गर्ने र हाम्रो जीवनमा उहाँले के प्रस्ताव ल्याउनुभएको छ भनी सोध्नलाई प्रभुको खोजी गर्नुपर्दछ (पूर्व - निर्धारण)।

**पूर्व - नियुक्तिकरण,(रोमी ८:२९):** पूर्वनियुक्ति ग्रिक शब्द प्रोओरिजो (PROORIZO) बाट अनुवादित गरिएको छ, जसको अर्थ पहिले नै निर्धारण गर्नु, क्रमबाट बनाउनु होः यो शब्द उच्चारणमा प्रो भनिने शब्दको अर्थ पूर्व, अघि, माथि उदघृत गरिएको, पछाडि, सधैं होः र होरिजो (HORIZO) को अर्थ घोषणा गर्नु, निर्धारण गर्नु, सिमा र आदेश हो ।

परमेश्वरले पृथ्वीमा पूरा गरिने कुराहरुलाई पहिले नै निर्धारण गर्नुभएको छ, ती मध्ये केहि हामी उल्लेख गर्नेछौं : येशू ख्रीष्ट संसारको मुक्तिदाता हुनलाई अघिबाट नै तय थियो (हिब्रू १०:७, लूका २२:३७): परमेश्वरको इच्छापूर्तिको उच्चतम

उदाहरण, प्रभु येशू ख्रीष्ट हुनुहुन्छ, जो परमेश्वरले उहाँको लागि तयार गर्नुभएको योजना पूरा गर्न पृथ्वीमा आउनुभयो (मत्ती ३:१५) र सो व्यवस्थाद्धारा र अगमवक्ताद्धारा लेखियो (यूहन्ना १५:२५: १९:२८): हाम्रो पापहरुको प्रायश्चित गर्न र गराउन, आफ्नो जीवन होमबलिको रुपमा अर्पण गर्नुभयो ।

**१.) सेवकाईको लागि भएको पूर्व - नियुक्तिकरण (यर्मिया १:४-१०):** हामीले यी खण्डहरुमा परमेश्वरले यर्मियालाई अगमवक्ता हुन, गर्वमा छदैं कसरी बोलाउनुभयो: यो बोलावटको एक उदाहरण हो कि, परमेश्वरले आफ्ना सेवकहरुलाई सृष्टि अघि बनाउनुहुन्छ: अर्को उदाहरण प्रेरित पावल थिए, जो ख्रीष्टको प्रकाश प्राप्त गर्न अन्यजातिहरुको सामुन्ने आमाको गर्भबाट नै छुट्याउनुभएको थियो (गलाती १:१५, रोमी १:१, १ कोरिन्थी १:१)। यसरी परमेश्वरले पृथ्वीमा सेवकाईको काम पूरा गर्न पूर्वनिर्धारित गर्नुहुन्छ (एफिसी ४:११-१३)।

**२.) अनादारका भाँडाहरुको लागि (रोमी ९:१७-२४):** फारोलाई अपमानको भाँडोको रुपमा खडा गर्नुभयो जुन उहाँको शक्तिको महानता देखाउनको लागि परमेश्वरले ठूलो धैयताका साथ सहनुभयो ।

**३.) मुक्ति पाउन (रोमी ८:२९-३०)**: यो समूहले परमेश्वरले चिनेका मानिसहरुलाई जनाउँदछ जसले सृष्टि अघि नै चिन्नुभयो, यिनीहरुले उहाँको शिक्षालाई सुन्दछन् र पिताबाट सिक्दछन् (यूहन्ना ६:४५), र त्यसपछि पृथ्वीमा हुने जीवनमा, हामीले हाम्रो गोठालो येशू ख्रीष्टको आवाजलाई सुन्न र चिन्न सक्छौँ र हामीले उहाँलाई पछ्याउन सक्छौँ (यूहन्ना १०:२७-२९) र परमेश्वरका सन्तानको रुपमा ग्रहण हुन सक्दछौँ (एफिसी १:३-६, रोमी ८:१५,२३)। त्यसैगरी हामी येशू ख्रीष्टको स्वरुप प्राप्त गर्न पहिले नै नियुक्ति भएका छौँ, जुन हामीले उहाँलाई उहाँ जस्तै देख्दा आफै प्रकट हुनेछ (१ यूहन्ना ३:२)।

**४.) अशुद्ध प्रयोगको लागि (यूहन्ना १३:१८, प्रेरित १:२०,२५):** यहूदाले यस्तो समूहलाई जनाउँदछ, जो सृष्टिअघि नै परिणाम स्वरुप परमेश्वरको सन्देशलाई अस्वीकार गर्दछ, यिनीहरु अशुद्ध काम गर्नलाई अघिबाट नै तय थियो (रोमी ९:१७-१८), यसको मतलब, तिनीहरुले येशू ख्रीष्टलाई मुक्तिदाता भनेर चिन्दैनन् (यूहन्ना १७:१२, २ पत्रूस २:३)। उहाँ जन्मनु अघि, यहूदा विनाशको पुत्र हुनेछ भनेर दाउदले अगमवाणी गरेका थिए (भजनसंग्रह १०९:६-१९)।

**पूर्व निर्धारण/निर्देशन:** पूर्व निर्धारणले प्रोगिनोष्को (PROGINOSKO) शब्दलाई अनुवादित गर्दछ जसको अर्थ पूर्व निर्धारित, पहिले नै थाहा हुनु, समय अघि थाहा पाउनु हो: प्रो (Pro)भनिने शब्दको अर्थ पहिले, माथिबाट उद्घृत, पछाडि, सधैँ र गिनोष्को (GINOSKO) को अर्थ जान्नु, देख्नु, बुझ्नु हो ।

सोपेना शब्दकोशले यस शब्दलाई अनन्तदेखि तय गरिने कुराहरुलाई पूर्वनिर्धारण भनिन्छ । पूर्व निर्धारणले त्यो माध्यमलाई बुझाँउछ जसद्धारा प्रत्येक व्यक्तिले परमेश्वरले निर्धारण गर्नुभएको योजनालाई पूरा गर्नेछ, अर्थात् पूर्वनियुक्तिकरण जस्तै हो: पूर्वनियुक्तिकरण विपरीत पूर्वनिर्धारणलाई भने परिवर्तन गर्न सकिन्छ, केहि उदाहरणहरु हामी हेर्नेछौँ :

**१.) नाजिरी हुन (न्यायकर्ता १३:५, गन्ती ६:४-१२):** परमेश्वरले सिमसोनलाई आमाको गर्वमा हुदैं पहिले नै इजराएलको स्वतन्त्र गराउने दाताको रुपमा नियुक्ति गर्नभयो र नाजिरीको रुपमा निर्धारण गर्नुभयो: अर्थात् नाजिरी मार्फत् उसले स्वतन्त्रता दिने मानिसको रुपमा उसको बोलावटलाई पूरा गर्नुपर्ने थियो । नाजिरीमा हुनुपर्ने मागहरु यि थिए, जस्तै : दाखको बोटबाट केहि नखाने, आफ्नो शिरमा छुरी नलगाउने, तथर सबै कुराहरुभन्दा पवित्र हुनुपर्दथ्यो । पापमा बाँचिरहेको कारण, सिमसोनले पूर्व निर्धारणता प्रति पूर्ण अघि बढ्न सकेनन् किनकी, पलिश्तिहरुले उसको शिरमाथि छुरा चलाए र समय भन्दा अघि नै उ मर्नुपऱ्यो, जसलाई पूर्वनिर्धारण भनिन्छ, जब कि उसले नियुक्तिकरणलाई भने पूरा गरे ।

**२.) पुजहारीपन (१ शमूयल २:२७-३४):** एली लेवी कुलका सन्तान थिए, जसलाई परमेश्वरले उहाँको सेवा गर्न अघिबाट नै नियुक्ति गर्नुभएको थियो (व्यवस्था १०:८-९, २१:५, हिब्रू ७:९), तर उनले तीस देखि पचास वर्षसम्म गरेका सेवाहरु भने पूर्वनिर्धारित थियो (गन्ती ४:३, २३)। एलीका दुई जना पुजहारी छोराहरु थिए, होप्नी र

पिनहास (१ शमूयल १:३), थिए, तर तिनीहरु अधर्मी थिए (१ शमूयल २:१२-१७, २२) केहि संस्करणहरुले यिनीहरु बेलयालका छोराहरु थिए भन्दछ, जसलाई परमेश्वरको कुनै ज्ञान थिएन, र यिनीहरुका पिता एलीले यहोवाको विरुद्ध गरेका पापहरुलाई सुधारेनन्, त्यसैले उनीहरुले पूर्वनिर्धारणतालाई परिवर्तन गरे र उनीहरुको आउने पुस्ताहरुको पनि, किनकी, होप्ती र पिनहास काटिनुपर्‍यो र उनीहरुको सन्तानहरु जीवनको चरम अवस्थामा मर्नेछन् (१ शमूयल २:३३)।

३.) **मिश्रको राज्यपाल हुन (उत्पत्ती ३७:१८-२८):** युसेफलाई आफ्ना मानिसहरुको जीवन बचाउन पूर्व तय गरिएको थियो । उनी खीष्टको चित्र हुन गइरहेको थियो, तर यसको लागि, घटनाहरु भने अगाडि नै निर्धारित गरिएको थियो जसले खीष्टलाई के हुनेछ भनेर हामीलाई बताउनेछ । उनी आफ्नै दाजुहरुबाट बेचियो, ताकि मिश्र पठाइयोस् र अन्य जातिसँग विवाह गरोस् । इत्यादि, तर मुख्य कुरा यो थियो कि, उनी मिश्र राज्यको दोस्रो स्थानमा हुने शक्तिशाली पद सम्हालने भए जुन चाहिँ पूर्वनिर्धारण गरिएको थियो । अघिल्ला दुई वटा उदाहरणहरुको विपरीत, योसेफले पूर्वतय गरिएको कार्यलाई पालना गरे र त्यसको लागि परमेश्वरले उनलाई इनाम दिनुभयो किनभने, उनका दुई छोराहरु इजराएलका कुलहरुसँग गनिए ।

प्रत्येक उदाहरणले संकेत गरे झैँ, परमेश्वरको उद्देश्य हामी प्रत्येकको लागि रहेको पाइन्छ, त्यसैले हामीलाई प्रभुले पठाउनुभएको उद्देश्य पत्ता लगाउन र पुग्न जरुरी छ (फिलिप्पी ३:१२, रोमी १२:२): त्यसैगरी हामीले १००% फल फलाउने समूहको माग बन्ने प्रयास गर्नुपर्दछ ताकि प्रभुले हामीलाई भन्नुहुन्छ, ‘‘स्याबास्, असल र विश्वासी दास, तँ थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुशीमा हुनलाई प्रवेश गराउनेछु ।’’ र हामी आफैलाई परमेश्वरको सामु हाम्रो कामहरुमा प्रमाणित हुन शर्माउन नपर्ने र सत्यको वचनलाई ठिकसँग प्रयोग गर्ने कामदारजस्तै हुनुपर्दछ (२ तिमोथी २:१५)।